# गतिशील लोकतान्त्रिक पार्टी

## - घोषणापत्र –

*सुझाव संकलनको लागि पहिलो मस्यौदा*

गतिशील लोकतान्त्रिक पार्टी, लोकतन्त्रलाई अझ सहभागितामूलक र अर्थपूर्ण बनाउन स्थापना भएको गतिशील मध्यमार्गी पार्टी हो । समृद्धि, समता र स्वभिमान हाम्रा राष्ट्रिय लक्ष्य हुन् । "सुशासन, उद्यमशीलता, समता: वडा-वडामा रोजगारी हाम्रो प्रतिबद्धता !" हाम्रो मूल राजनीतिक एजेण्डा हो । हामीले कृषि, पर्यटन, सूचना प्रविधि, शिक्षा, स्वास्थ र ऊर्जालाई रोजगारी सिर्जना र आर्थिक रुपान्तरणका प्राथमिकता क्षेत्र मानेका छौं । हामी नेपालको सम्विधान २०७२ का मूलभूत सिद्धान्तप्रति प्रतिवद्ध छौं, यद्यपि लोकतन्त्रलाई अझ व्वहारिक र मितव्ययी बनाउन सम्विधान संसोधन गर्न सकिन्छ भन्ने मान्छौ।

**गतिशील लोकतान्त्रिक पार्टीको गठन र यो घोषणापत्र लेखन तीन वटा विश्वासमा आधारित छन्:**

१. नेपालमा धेरै राम्रा सम्भावनाहरु छन् ।

२. गतिलो राजनीतिमार्फत यी सम्भावनालाई यथार्थमा बदल्न सकिन्छ र बदल्नै पर्छ।

३. एजेन्डा-प्रधान गतिलो राजनीति हामी साधारण नागरिकले तुरुन्तै सुरु गर्न सकिन्छ।

**राम्रा सम्भावनाका आधार**

१. मानव संसाधन (सुशासन उद्यमशीलता र रोजगारी सिर्जनाको लागि विगत ३० वर्षमा देशभित्र र बाहिर सक्षम नेपालीहरुको "कृटिकल मास" तयार भएको छ)

२. प्रकृति (जल जमिन जंगल, भौगोलिक र जैविक विविधता, पर्वतीय पर्यटनको अपार सम्भावना र रोजगारी सिर्जना)

३. संस्कृति (सुन्दर विविधता-फरासिला नेपाली, हरेक संस्कृतिमा अन्तर्निहित मानवीयता, मेहनत र समभाव, परम्परागत ज्ञान र अध्यात्म-अन्तरराष्ट्रय उच्च-मूल्य पर्यटन र रोजगारीको आधार)

४. प्रविधि (देश र विदेशमा रहेका नेपालीहरु, विशेष गरी युवाहरुको विश्वस्तरीय प्राविधिक ज्ञान र सीप; रोजगारी सिर्जनाको आधार)

५. भौगोलिक अवस्थिति (भारत र चीनका विशाल अर्थतन्त्रबीचको अवस्थिति: विशेष गरी निर्यात र पर्यटनमार्फत वैदेशिक मुद्रा आर्जन र रोजगारी सिर्जनाका असिमित अवसर)

६. मध्यमार्गी समाज र राजनीति (व्यवहारिक, व्यावसायिक, मध्यामार्गी, समावेशी र लोकतान्त्रिक राजनीतिक संस्कृतिमा विश्वास गर्ने बढ्दो "कृटिकल मास")

७. आम नागरिकको हुटहुटी (विशेष गरी युवा र गैरआवासीय नेपालीको देश बदल्ने हुटहुटी)

**गतिशील पार्टीको गतिलो राजनीति**

१. लोकतन्त्रमा विश्वास र गतिशीलता ।

२. समृद्धि, समता र स्वाभिमानका राष्ट्रिय उद्देश्य ।

३. सुशासन, उद्यमशीलता र समताका विधि ।

४. वडा-वडामा दीगो रोजगारीः मुख्य राजनीतिक एजेन्डा ।

५. गतिशील मध्यमार्गी विचार ।

६. आदर्श, व्यवहारिकता र सम्वादको राजनीति ।

७. २०% भन्दा बढी मत नल्याइन्जेल प्रतिपक्षमै बस्ने नीति ।

८. राजनीतिक पार्टीको गतिलो संरचना (स्वच्छ, समावेशी र सक्षम नेतृत्व; पदाधिकारी चुनाव नलड्ने र सरकारमा सहभागी नभई नागरिकका एजेन्डामा केन्द्रित हुने नीति; एक व्यक्ति एक पद; एक पदमा बढीमा दुई कार्यकालको सीमा; सक्रिय सदस्यता १६ वर्षसम्म मात्र) ।

९. भावी पुस्तालाईसमेत केन्द्रबिन्दुमा राख्ने गहिरो राजनीति (लोकरिझ्याईबाट टाढा; पुर्खाको नासो । यो सुन्दर नासोरुपी देश भावी पुस्तालाई अझ सुन्दर बनाउनु पर्ने अवसरबारे सचेत) ।

१०. चुस्त र आधुनिक विश्लेषण र व्यवस्थापनमा जोड (अनुभवी र विज्ञहरुको सघन सदुपयोग; विज्ञहरुले देश चलाउनु पर्छ भन्ने मान्यतालाई साकार पार्न मन्त्रालय अनुसारका पार्टी विभाग, युवा, अल्पसंख्यक आदिको लागि निरन्तर प्रशिक्षणको व्यवस्था)

**विश्वासका आधार र ठोस कार्ययोजनाः**

- सेवा पनि, दीगो रोजगारी र राजस्व वृद्धि पनि
- अनुभव, अध्ययन र धेरै पटकको समिक्षापछि तय गरिएका तथ्यांक र ठोस व्यवसायिक योजना सहितका कार्यक्रम

**दीर्घकालीन आर्थिक एजेन्डा**

१. *समृद्धिको लक्ष्यः* औद्योगिक र आर्थिक क्षेत्रका सरोकारवालाहरुको अध्ययनअनुसार १० वर्षमा नेपालको अर्थतन्त्रको आकार १०० अर्ब अमेरिकी डलरको बनाउन सम्भव छ। मूलत

पर्यटन, कृषि, सूचना प्रविधि, शिक्षा, स्वास्थ, ऊर्जा, उत्पादन र खानी तथा खनिजमा लगानी मार्फत यो लक्ष्य हासिल गर्न सकिन्छ भन्ने निष्कर्षको हामी समर्थन गर्छौं । यसले देशमा व्यापक रोजगारी सिर्जना गर्नेछ, करको दायरा बढाउनेछ जसको सदुपयोग समतामूलक समाज बनाउने शिक्षा, स्वास्थ, सामजिक सुरक्षा, सुसाशन आदिमा खर्च गर्न सकिन्छ। यी हरेक क्षेत्रका विस्तृत योजना र सन्दर्भ सामाग्री हाम्रो पार्टीको वेबसाइटमा उपलव्ध हुनेछन् ।

२. *समताको लक्ष्य:* अबको दश वर्षमा नेपालको मानव विकास सूचकांक ०.८ पुर्याइनेछ। हालसम्म विभेदमा परेका जातीय, क्षेत्रीय, लैङ्गिक समूहको समेत मानव विकास सूचकांक कम्तिमा ०.७५ पुर्याइनेछ।

३. *स्वाभिमानको लक्ष्य:* समृद्धि, समता र हरेक वर्ष श्रम बजारमा आउने करीब ५ लाख नवयुवाको लागि स्वदेशमै पर्यटन, सूचनाप्रविधि र कृषिमा गुणस्तरीय रोजगारीका अवसरको उपलब्धतालाई हामीले स्वाभिमान नेपालको प्रमुख आधार मानेका छौं। नेपाली पासपोर्टको इज्जत विश्वभरी बढाउने हाम्रो लक्ष्य छ।

४. *विधिहरुको सफलता सूचकांक:* ट्रान्स्परेन्सी इन्टरनेशनलको भ्रष्टाचारसम्बन्धि सूचकांक, उध्यमशीलताको वातावरण मापन गर्ने विश्वव्यापी रुपमा स्विकारिएका सूचकांक र समतामूलक समाजको मापन गर्ने जिनी कोएफिसिएन्ट जस्ता सर्वमान्य सूचकांकका आधारमा आगामी दश वर्षभित्र नेपाल गतिला २५% देशहरुको सूचीमा पर्ने गरी हामी काम गर्नेछौं ।

**मध्यकालीन र तत्कालीन आर्थिक एजेन्डा**

१. नेपाला वायुसेवा निगमलाई पब्लिक लिमिटेड कम्पनि बनाई, नेपाल सरकारको ३०%, निजी क्षेत्र, सर्वसाधारण नागरिक र गैरआवासीय नेपालीको ७०% सेयर, अन्तर्राष्ट्रिय स्तरको प्रतिस्पर्धी व्यवस्थापन मार्फत भैरहवा विमानस्थलबाट अन्तरमहादेशीय उडान गरी दश वर्षभित्र कम्तिमा ५० लाख पर्यटक भित्र्याउने र कम्तिमा ३० लाख नयाँ रोजगारी सिर्जना गर्ने ठोस कार्ययोजना।

होटल, यातयात, उपभोग्य वस्तु आदिमा लगानी गर्न निजी क्षेत्रलाई अधिकतम प्रोत्साहन गर्ने। स्थानीय सरकारलाई समुदायिक पर्यटन व्यवसाय प्रवर्द्धन गर्न प्रोत्साहित गर्ने। पर्यटन मार्फत रोजगारी सिर्जना गरेको आधारमा स्थानीय सरकारलाई प्रोत्साहन अनुदान थप्ने।

स्थानीय सरकारलाई समुदायिक पर्यटन व्यवसाय प्रबर्द्धन गर्न प्रोत्साहित गर्ने। पर्यटन मार्फत रोजगारी सिर्जना गरेको आधारमा स्थानीय सरकारलाई प्रोत्साहन अनुदान थप्ने।
काठमाडौंलाई रजनीतिक राजधानी, भैरहवालाई आर्थिक राजधानी र पोखरालाई पर्यटकीय रजधानी बनाउने। कर्णाली र सुदूरपश्चिमका सुन्दर दुर्गम स्थललाई उच्च-मूल्य पर्यटकीय

गन्तव्य बनाउने। धार्मिक, आध्यात्मिक, पर्वतीय, सम्पदा, ग्रामीण पर्यटनमार्फत पर्यटनको लाभ सामुदाय स्तरमै पुर्याउने।

२. नेपाल कृषि कम्पनी प्रालिले विगत १५ वर्षदेखि मोरङमा गरेको प्रयोग र अनुभवलाई परिमार्जन गरी, किसानहरुकै सेयर स्वामित्वमा हरेक १५००० बिघामा १५ वटा धान, १५ वटा तोरी र १५ वटा मकै मील स्थापना तुरुन्तै सुरु गर्ने व्यवसायिक योजना। पालिका र वडालाई खेतीयोग्य जमीनको सदुपयोगको आधारमा प्रोत्साहन अनुदान थप्ने।

३. प्रदेशवासीको ९०% सेयर स्वामित्वमा कर्नाली एअर, सुदुर पश्चिम एयर र कोशी एयर सुरु गरी दुर्गम कनेक्टिभिटी, पर्यटन र ग्रामीण रोजगारी सिर्जना गर्ने योजना। हिमाली क्षेत्रका वासिन्दाको लागि यस्तै प्रकृतिका सार्वजनिक स्थल यातायात पब्लिक लिमिटेड कम्पनीहरु सञ्चालन गर्ने योजना। यी तिनै प्रदेशका दुर्गम र सुन्दर स्थानमा हाईएन्ड टुरिजम, विशेष गरी आयुर्वेदिक आरोग्य अन्तर्राष्ट्रिय पर्यटनको प्रवर्द्धन गर्ने। निजी क्षेत्रको मुनाफा आर्जन र रोजगारी सिर्जनालाई आधार बनाई प्रदेशलाई प्रोत्साहन अनुदान थप्ने।

४. सूचना प्रविधि क्षेत्रमा सन् २०३५ सम्ममा आइटी र डिजिटल सेवा निर्यात वार्षिक ६ अर्ब डलर हुनेछ । यसले ४ लाखभन्दा बढी सीपयुक्त रोजगारी सिर्जना गर्नेछ ।

५. २७००० माध्यामिक विद्यालयलाई करिब ७००० मा समायोजन गरी स्रोतसम्पन्न सामुदायिक माध्यामिक विद्यालयहरुमार्फत गुणस्तरीय माध्यामिक शिक्षा, विशेषगरी कम्प्युटर, सूचनाप्रविधि र आर्टिफिसियल इन्टेलिजेन्समा आधारित शिक्षाप्रणाली लागु गर्ने। ९ कक्षादेखि करियर काउन्सेलिङ गर्ने र विशेषगरी सिटिइभिटिमार्फत रोजगारमैत्री तालिमको लागि प्रोत्साहन गर्ने।

६. स्वस्थ जीवनशैलीका लागि हरेक वडाको समन्वयमा शैक्षिक र सामुदायिक संस्थामार्फत ज्ञान र सीप दिने, पालिकास्तरमा जनरल फिजिसियनको नेतृत्वमा सामुदायिक विशिष्ट स्वास्थ सेवाको व्यवस्था गर्ने, प्रदेशस्तरमा अतिविशिष्ट सेवा प्रदान गर्ने सरकारी अस्पताललाई व्यवस्थित गर्ने। तराई मधेशका सहरहरुमा जनताको अधिकतम सेयरसहितका पब्लिक लिमिटेड कम्पनी अस्पतालहरु स्थापना गरी भारतीयहरुलाई समेत सेवा प्रदान गर्ने नाफामूलक मेडिकल कलेजहरु स्थापना गरी नेपाली स्वास्थकर्मीहरुको लागि अधिकतम रोजगारी सिर्जना गर्ने र वैदेशिक मुद्रा आर्जन गर्ने।

पहाडी र हिमाली क्षेत्रमा आयुर्वेद, प्राकृतिक र परम्परागत स्वास्थ प्रणाली र योग, ध्यान, जीवनशैलीमा आधारित अन्तर्राष्ट्रिय पर्यटकलाई आकर्षित गर्न सक्ने आरोग्य रिसोर्ट र स्वास्थ प्रणाली प्रबर्द्धन गरी अधिकतम स्थानीय रोजागारी सिर्जना गर्ने र विदेशी मुद्रा आर्जन गर्ने।

७. "एकपटकको नेपाली सधैंको नेपाली" अवधारणा अनुसार गैर-आवसीय नेपालीलाई दोहोरो नागरिकताको व्यवस्था गर्ने; उनीहरुलाई नेपालमा लगानी गर्न प्रोत्साहन गर्ने; विदेशमा काम गर्ने नेपालीलाई मताधिकार सुनिश्चित गर्ने र उनीहरुलाई नेपालमै उद्यमी बन्न हर किसिमका सहयोग गर्ने।

## विषय सूची


१. समृद्ध, समतामूलक, स्वाभिमानी नेपाल ........ 9

१.१ गतिशील लोकतन्त्र – गतिशील नेपाल ........ 9

१.२ गतिशील पार्टी किन ? ........ 11

२. गतिशील मध्यमार्ग ........ 13

२.१ गतिशील आकांक्षा ........ 14

२.२ गतिशील राजनीतिक व्यवस्था ........ 14

२.३ गतिशील राजनीतिक दल ........ 14

२.४ गतिशील शासकीय व्यवस्था ........ 15

२.५ गतिशील समाज ........ 16

२.६ गतिशील अर्थव्यवस्था ........ 17

२.७ गतिशील पर्यावरण ........ 18

२.८ गतिशील अन्तर्राष्ट्रिय सम्बन्ध ........ 19

२.९ गतिशील राष्ट्रिय सुरक्षा ........ 19

२.१० गतिशील संस्कृति परम्परा ........ 20

३. सुशासन, उद्यमशीलता, दिगो रोजगारी ........ 21

३.१ राजनीतिक दलः जनताको नासो ........ 21

३.२ संविधानः परिवर्तनशील दस्तावेज ........ 22

३.३ झन बलियो संघीयता ........ 23

३.४ जनमुखी प्रशासन ........ 23

३.५ समावेशी, समतामूलक समाज ........ 24

३.५.१ शिक्षा ........ 25

३.५.२ स्वास्थ्य ........ 26

३.५.३ सामाजिक सुरक्षा ........ 27

३.६ दिगो रोजगारी ........ 28

३.७ गतिशील अर्थतन्त्र ........ 29

३.७.१ उद्योग व्यवसाय ........ 30

३.७.२ कृषि....30
३.७.३ पर्यटन....35
३.७.४ सार्वजनिक वित्त....39
३.७.५ विप्रेषण....39
३.७.६ वित्त बजार....40
३.७.८ विदेशी लगानी....41
३.८ पर्याप्त भौतिक पूर्वाधार....42
३.८.१ यातायात....42
३.८.२ ऊर्जा....43
३.८.३ सिँचाइ....44
३.८.४ सूचना तथा सञ्चार प्रविधि....45
३.९ सन्तुलित पर्यावरण....48
३.१० गतिशील परराष्ट्र सम्बन्ध....53
३.११ गतिशील राष्ट्रिय सुरक्षा....54
३.१२ लोकतन्त्रका लागि सुशासन....55
३.१३ उज्ज्वल भविष्यका लागि दिगो विकास लक्ष्य....57
३.१४ समृद्ध समाजको परिचायकः कला, संस्कृति र खेलकुद....57
३.१५ हरेक क्षेत्रमा युवा....58
३.१६ स्थानीय सरकार - समुदायको शासन....59

# १. समृद्ध, समतामूलक, स्वाभिमानी नेपाल

*(पार्टी गठनको पृष्ठभूमि र औचित्य)*

**आदरणीय दिदीबहिनी तथा दाजुभाई !**

आगामी २०८२ फागुन २१ गते हुने प्रतिनिधि सभाको निर्वाचनका अवसरमा हामी गतिशील लोकतान्त्रिक पार्टी यहाँहरूलाई हार्दिक अभिवादन गर्दछौं ।

प्रजातन्त्र, लोकतन्त्र, गणतन्त्र, संघीयता तथा नागरिक अधिकार प्राप्तिको विभिन्न आन्दोलनमा शहादत प्राप्त गरेका सम्पूर्ण ज्ञात अज्ञात शहिदहरुप्रति हार्दिक श्रध्दाञ्जली व्यक्त गर्दछौं ।

## १.१ गतिशील लोकतन्त्र–गतिशील नेपाल

नेपाल राष्ट्रको इतिहास गतिशील छ । राणा शासनको अन्त्यपछिको समयलाई मात्र हेर्ने हो भने हरेक एक–डेढ दशकको अन्तरालमा उल्लेख्य राजनीतिक परिवर्तन भएका छन् । तर जनआकांक्षालाई परिपूर्ति गर्ने गरी ती राजनीतिक परिवर्तनले सकारात्मक र सुदृढ बाटो समाउन सकेको देखिंदैन।

विभिन्न कालखण्डमा फरक प्रकारका राजनीतिक एजेन्डाहरू उठान गर्दै भएका आन्दोलनहरु तत्कालीन राजनीतिको संस्थापनसँग सम्झौता गरी टुंगिएका छन्। आन्दोलनका मुद्दा स्थापित भएका छैनन् । आन्दोलनले विधिलाई भन्दा व्यक्तिलाई स्थापना गरेका छन् ।

पछिल्लो समय २०८२ भदौ २३ र २४ गते भएका घटनाले पनि अघिल्ला आन्दोलन र राजनीतिक परिवर्तनहरु अपूरो रहेको तथ्य उजागर गरेको छ । परिवर्तनकामी भनिएका दलहरु प्राप्त उपलब्धिहरुको रक्षा गर्ने र त्यसलाई राष्ट्रको समृद्धिमा उपयोग गर्ने सवालमा पूर्ण रुपमा असफल रहेको देखिएको छ । आन्दोलन र परिवर्तनको ऊर्जालाई दलहरुले राष्ट्र निर्माणमा लगाउन सकेको देखिएन। आन्दोलन पश्चात् जारी गरिएका संविधान आफैमा नराम्रा थिएनन् तर ती संविधान कार्यान्वयन गर्ने उपयुक्त संस्थाहरू र ती संस्थामा काम गर्ने सिपयुक्त व्यक्तिहरुको बारेमा उपयुक्त बहस हुन सकेन।

बहुदलिय शासन व्यवस्थाको पुनर्स्थापना पछि कुनै पनि निर्वाचित सरकारले निर्धारित कार्यकाल पूरा गरेनन् । मध्यावधि चुनाव हुने, गठबन्धन बन्ने र भत्किने सिलसिला जारी रह्यो । सरकार र माओवादीबीच सशस्त्र द्वन्द्व भयो, पहिचानवादी आन्दोलन भयो, गणतान्त्रिक संघीय शासन सहितको संविधान जारी भयो तर जनताले कुशासन, बेथिति, विसंगति, विकृति एवं भ्रष्टाचारबाट छुटकारा पाएनन् । राजनीतिक पार्टीहरुले आफ्नो गतिविधिलाई सीमित नेता र कार्यकर्ताको स्वार्थ पूर्तिमा केन्द्रीत गरे ।

अविकास, पछौटेपन र गरिबीबाट मुलुकलाई बाहिर ल्याउन खोलिएका राजनीतिक पार्टीहरू आफैमा सक्षम संस्थाका रुपमा विकसित हुन सकेनन्। राजनीतिक दलहरूमा भएको चरम गुटबन्दी, क्षमतालाई

कदर गर्ने संस्कारको अभाव, सुशासनको कमी र पुस्तान्तरणको अभावले जनतामा व्यापक निराशा छायो। राजनीतिक पात्रहरुको खराब कार्यशैलीले असल व्यवस्थामै पनि प्रश्न उठ्यो। सार्वजनिक निकायहरुको चरम राजनीतिकरणले गर्दा संघीय गणतान्त्रिक व्यवस्था नै बदनाम बन्न पुग्यो ।

राजनीति रचनात्मक र सिर्जनशील हुन सकेन । मुलुकको आर्थिक, सामाजिक, सांस्कृतिक, भौतिक पूर्वाधार रुग्ण बन्दै गए । आर्थिक गतिहिनता, अनुपयोगी शिक्षा प्रणाली, कमजोर स्वास्थ्य सेवा, अपर्याप्त भौतिक पूर्वाधारले सर्वसाधारणको उन्नतिको चाहनामा तुषारापात गर्यो । संविधानमा उल्लेख गरिएका शिक्षा, स्वास्थ्य लगायतका आधारभूत सेवा पाउने जनताका अधिकारलाई उदेक लाग्दो ढंगले बेवास्ता गरियो ।

पार्टीहरूमा आन्तरिक लोकतन्त्र, समावेशी बहस, सबै पुस्तालाई समान अवसर र देश विकासका लागि आन्तरिक प्रतिस्पर्धाको अवसर नभएका कारण जनतामा समग्र राजनीतिप्रति नै वितृष्णा पैदा भएको छ।

संविधानको पूर्ण रूपमा कार्यान्वयन गर्न देखापरेका चुनौतीहरूलाई जनताको माझमा लगेर खुला बहस गरी समयसापेक्ष परिमार्जन गर्नुपर्ने यथार्थलाई तोडमोड गरी एउटा राजनीतिक दलले अर्को दललाई हिलो छ्याप्ने र आफ्नो जिम्मेवारीबाट पन्छिने काम निरन्तर रुपमा भइरहेको छ।

रोजगारी तथा व्यावसायिक अवसर, संवैधानिक निकाय र सार्वजनिक संस्थाहरूमा नियुक्ति गर्दा नातावाद, कृपावाद र घुसखोरीले काम गरेको भन्ने व्यापक जनगुनासो रह्यो। करदाताको पैसालाई सरकारी बजेटको रूपमा अपव्याख्या गर्दै अत्यन्त गैर जिम्मेवारीपूर्ण तरिकाले खर्च गर्ने कुसंस्कारको विकास गरिएको छ । यसले गर्दा एकातर्फ करदाता ठगिएको अनुभुति गरिरहेका छन् भने अर्कोतर्फ सार्वजनिक वित्तमा लगानी अनुसारको प्रतिफल प्राप्त हुन सकेको छैन।

नागरिकता, पासपोर्ट, राष्ट्रिय परिचयपत्र, ड्राइभिङ लाइसेन्स लगायतका आधारभूत सेवा तथा कागजात प्राप्त गर्न खेप्नुपर्ने हैरानी, ढिलाई र घुसखोरीले युवा पुस्तालाई रुष्ट बनाएको छ । पुरानो पुस्ताका सर्वसाधारणले पनि सामन्ती संस्कार र कर्मचारीतन्त्रमा परिवर्तन भएको महशुश गर्न पाएको छैन।

आर्थिक, सामाजिक तथा संस्थागत सूचकहरूले नेपाल पिछडिएको मुलुक हो भन्ने बताइरहेका छन् । विकासका प्रचुर सम्भावनाहरू यथार्थमा परिणत हुन सकेनन्, दीर्घकालदेखिका संरचनात्मक समस्याहरू ज्युँकात्युँ छन् । मुलुक अति कम विकसित मुलुकको सूचीबाट उठिसकेको छैन। संयुक्त राष्ट्र संघले विकासशील राष्ट्रमा स्तरोन्नति हुनका लागि तय गरेका तीनमध्ये आयको मापदण्डमा नेपाल अझै पनि कमजोर छ। चरम गरिबी अनुपात अझै २० प्रतिशतको हाराहारीमा छ । बहुआयामिक गरिबीको अनुपात झन बढी छ । मानव विकासको दृष्टिले मध्यम तहमा भए पनि छिमेकी मुलुकका तुलनामा निकै पछाडी छ । मुलुकले कहिल्यै दिगो र उच्च आर्थिक वृद्धिदर हासिल गर्न सकेन । पछिल्लो चार दशको औसत आर्थिक वृद्धि दर ४ प्रतिशतमा सीमित रह्यो ।गतिहिन अर्थतन्त्रमा रोजगारी अवसर सिर्जना हुने र गरिबी निवारण हुने कुरा कल्पनातित हो । नागरिकलाई गरिबीको पासोमा राख्नु भनेको आधारभुत मानव अधिकारबाट वञ्चित गर्नु हो, मृत्युदण्ड सरहको कठोर सजाय दिनु हो, अपराध हो भन्ने वोध शासकहरुलाई भएन।

फेरि पनि आर्थिक तथा सामाजिक क्षेत्रमा प्रगति नहुनुको प्रमुख कारक राजनीतिक अस्थिरता, विकृति, विसंगति र भ्रष्टाचार नै हुन जान्छ । खुद्रादेखि नीतिगत तहसम्मको भ्रष्टाचार, विकास प्रशासनमा राजनीतिक हस्तक्षेप, भद्दा कर्मचारीतन्त्रले मुलुकलाई पिछडिएकै अवस्थामा राखिरह्यो ।भौतिक निर्माणका ठूला परियोजना निर्धारित समयमा सम्पन्न नहुँदा राज्यलाई अर्बौं वित्तीय दायित्व सिर्जना भयो । अर्थतन्त्रलाई उत्पादनमुखी बनाइएन, कृषि तथा औद्योगिक विकासमा रत्तिभर ध्यान दिइएन । आयातमुखी, उपभोक्तावादी, विलासी संस्कृतिले प्रश्रय पायो। भौतिक, नीतिगत, संस्थागत, प्राविधिक पूर्वाधार निर्माणमा दलहरुले चासो दिएनन् । उपलब्ध प्राकृतिक तथा मानव निर्मित सम्पदाको उपयोग गर्ने दृष्टिको चरम अभाव भयो । दाता र सहायता केन्द्रित विकास सोचले स्वाधिनता र आत्मनिर्भरतालाई कमजोर बनायो।

सामाजिक र मानवीय विकासका समस्या उस्तै रहे । जातीय, लैङ्गिक तथा क्षेत्रीय असमानता र विभेद कायमै रह्यो । परिश्रमबिना धनी हुने प्रवृत्ति हावी भयो, दलाली संस्कृति विकसित भयो। राजनीतिकर्मीहरु एकले अर्कोलाई दलाल, भ्रष्टाचारी भनिरहे । विद्यालय र विश्वविद्यालयहरू बेकामे जनशक्ति र अपसंस्कृति उत्पादन गर्ने कारखाना भए । विद्यालयले विद्यार्थीलाई ज्ञान, सीप तथा संस्कार दिन सकेन।

भ्रष्टाचारमुक्त समाज, सुशासन, रोजगारीका अवसर र अभिव्यक्ति स्वतन्त्रता जस्ता आधारभूत सवाल उठान गरी भदौको २३ र २४ गते भएको "जेन जी विद्रोह" का मागहरुलाई विधि पद्धति र असल नियतबाट सम्बोधन गर्नुपर्ने कर्तव्यबोध परम्परागत राजनीतिक दलहरूमा भएन।

नेपालको भूराजनीतिलाई असल कुटनीतिक प्रयासबाट समुन्नत गरी विकासको मार्गमा अगाडि बढाउनुको सट्टा विभिन्न बहानाबाजी र प्रियतावादी स्वार्थ अनुकुल व्याख्या गर्दै दुईपक्षीय, क्षेत्रीय र अन्तर्राष्ट्रिय सम्बन्धलाई इतिहासकै कमजोर विन्दुमा पुर्याइयो।

देशको समग्र हित, विकास र उन्नतिमा सबै पुस्ताको समान र जवाफदेही भूमिका स्थापित गर्न राजनीतिक दलहरू पूर्ण रूपमा चुकेका छन्। आफ्नै पेशा, व्यवसाय र उद्यम नभएका, रचनात्मक शिल्प र व्यवस्थापकीय ज्ञान नभएका गैरजिम्मेवार वाचाल व्यक्तिहरू पूर्णकालीन राजनीतिमा लाग्दा भ्रष्टाचार जरैदेखि मौलाउन पुगेको छ।

यसबाट विश्व परिवेश र छिमेकीको समृद्धिलाई देखेका नेपालीले मन खुम्च्याएर बस्नुपर्ने परिस्थिति निर्माण भएको छ । यही पृष्ठभूमिमा सरकारका एकपछि अर्को गलत कदम र नेतृत्वको हेपाहा प्रवृत्तिले आम जनताको असन्तुष्टी चुलिदै गएको थियो। यही असन्तुष्टी भदौ २३ र २४ गते पोखिएको हो भन्ने मान्नुपर्छ ।

## १.२ गतिशील पार्टी किन ?

गतिशील पार्टीको परिकल्पना दुई वर्ष अघि नै भएको थियो । गत भदौको अन्तिम साता विकसित घटनाक्रमले पार्टी गठन प्रक्रिया तीब्र बनायो ।

ती दुई दिनमा भएका धनजनको क्षति दुःखद पक्ष हो। यसलाई सामान्य दुर्घटना मानेर हामी नियमित दिनचर्यामा फर्किन सक्दैनौं । त्यसो गर्नु भनेको ती दुई दिनमा ज्यान गुमाउनेहरु र तीनका परिवारजनप्रति घोर अपमान हुन जान्छ । शहिदको बलिदानप्रति कृतघ्नता हुन जान्छ । त्यसकारण जनता र राष्ट्रप्रति सचेत तथा चिन्तनशील नागरिक सामु आएको ऐतिहासिक जिम्मेवारीबाट पन्छिनु हुदैन ।

यसलाई लोकतन्त्र उन्नत बनाउने समयको मागका रुपमा बुझ्नुपर्छ । लोकतन्त्रलाई सुदृढ बनाउन सकियो भने, राजनीतिक संस्कार र शैलीलाई सुधार्न सकियो भने ती योद्धाहरुको सच्चा सम्मान हुनेछ। दुई दिनका घटनाले मुलुकको राजनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक पक्षमा आमुल परिवर्तन गरिनुपर्ने आवश्यकतालाई औंल्याएको छ ।

आमुल परिवर्तनको यही आवश्यकतालाई मनन गरी गतिशील लोकतान्त्रिक पार्टी (छोटकरीमा गतिशील पार्टी) गठन भएको हो । इतिहासको यो नयाँ अध्यायले आह्वान गरेको जिम्मेवारी वहन गर्न हामी अग्रसर भएका हौं । मुलुकलाई गतिशील बनाउन लोकतन्त्र गतिशील हुनुपर्छ भन्ने हाम्रो ठम्याई छ । गतिशील लोकतन्त्रको पैरवीमार्फत हामीले नेपाललाई एउटा पछौटे मुलुकको श्रेणीबाट उठाएर समृद्धिको शिखरमा पुर्याउने अठोट गरेका छौं । समृद्ध, समतामूलक र स्वाभिमानी नेपाल निर्माणको अभियानमा अघि बढेका छौं । गतिशील देश निर्माणको यो अभियानमा प्रत्येक जिम्मेवार, चेतनशील, देशप्रेमी नागरिकले हातेमालो गर्छन भन्ने हाम्रो दृढ विश्वास छ ।

हामी गतिशील लोकतन्त्रका लागि अघि सरेका हौं । हामी समृद्ध समाज निर्माणका लागि अघि सरेका हौं । हामी राजनीतिमा असल संस्कार स्थापना गर्न अघि सरेका हौं ।

# २. गतिशील मध्यमार्ग

*(पार्टीको सिद्धान्त)*

हाम्रो पार्टीको सिद्धान्त "गतिशील मध्यमार्ग" हो। हाम्रो उद्देश्य सबै खाले चरमपन्थलाई अस्वीकार गर्दै व्यक्तिगत स्वतन्त्रता र सामाजिक-पर्यावरणीय न्यायलाई सन्तुलनमा राख्दै समावेशी, उत्पादनशील र न्यायपूर्ण समाज निर्माण गर्ने हो । न हामी अराजक पुँजीवादी हौं न संकीर्ण समाजवादी । हामी साम्यवादी होइनौं, हामी पुरातनवादी पनि होइनौं र लोकरिझ्याईमा रमाउने प्रियतावादी राजनीति हामी गर्दैनौं । हामी समृद्ध समाजका लागि व्यक्ति, सरकार र बजारको सन्तुलित भूमिकामा विश्वास गर्छौं ।

हामी सार्वभौम राष्ट्र नेपालका सार्वभौम नेपाली नागरिकले वैधानिक रुपमा बनाएको र सञ्चालन गरेको संवैधानिक लोकतान्त्रिक व्यवस्थामा विश्वास गर्छौं ।

नेपाललाई समृध्द, समतामूलक र स्वाभिमान राष्ट्र बनाउने हाम्रो ध्येय हो । यसका लागि हामी सुशासन, उद्यमशीलता र दिगो रोजागारी सिर्जना गर्ने तर्फ अनवरत प्रयत्नशील रहनेछौं । योग्यतातन्त्र (मेरिटोक्रेसी) र सामाजिक पुनर्जागरण गतिशील मध्यमार्गका आधार तत्व हुन्।

आफ्नै देश र विश्वभरको अनुभव र हाम्रो आफ्नै आवश्यकताको आधारमा नेपाली समाजले उदारवादी र प्रगतिशील आदर्श-प्रेरित विचारको सिर्जनशील र व्यवहारिक उपयोग गर्नुपर्छ भन्ने हामी मान्छौं। राजनीतिको औपचारिक भाषामा हामी प्रगतिशील उदारवादी हौं। आदर्श र व्यवहारिकताबीचको संवाद र समन्वय हाम्रो राजनीतिक संस्कृति हुनेछ । हामी अमूर्त काल्पनिक विश्वासको सट्टा तथ्य तथा ठोस प्रमाणका आधारमा समाज चलायमान हुनुपर्छ भन्ने अर्थमा प्रगतिशील हौं। "जनताले गर्न सक्छन" भन्ने मान्यता राख्ने, व्यक्तिगत स्वतन्त्रता र बालिग नागरिको विवेकसम्मत चयनलाई सम्मान गर्नुपर्छ भन्ने अर्थमा हामी उदारवादी हौं ।

हामी समाज सधैं परिवर्तनशील हुन्छ र हाम्रा नीति, कानून, संस्था र नेतृत्व पनि ती परिवर्तनलाई आत्मसात गर्ने, प्रतिनिधित्व गर्ने र सम्बोधन गर्न सक्ने हुनुपर्छ भन्ने मान्छौं। हामी लोकतन्त्र र लोकतान्त्रिक व्यवस्थाको महत्वपूर्ण संस्थाका रुपमा रहने राजनीतिक पार्टी गतिशील हुनुपर्छ भन्ने मान्छौं ।

### २.१ गतिशील आकांक्षा

हामी लोकतान्त्रिक मूल्यमान्यता र सिद्धान्तमा आधारित, समताप्रति प्रतिवद्ध २१ औं शताब्दीका चुनौतीहरूसँग जुझ्न सक्ने न्यायपूर्ण, समावेशी र प्रगतिशील नेपाल निर्माण गर्ने आकांक्षा राख्छौं । सुधारिएको राजनीतिक संस्कृति, वास्तविक विकेन्द्रीकरण, जनमुखी सेवाप्रवाह, जवाफदेही शासन र असंग्लन, शान्ति तथा सहअस्तित्वमा आधारित अन्तर्राष्ट्रिय सम्बन्धमार्फत नेपालको प्रचुर सम्भावनालाई पुँजीकृत गर्न सकिन्छ भन्नेमा हामी विश्वस्त छौं। त्यो सम्भावनालाई सबैका लागि हुने गरी दिगो समृद्धिमा रूपान्तरण गर्न सकिन्छ भन्नेमा हामी दृढ विश्वास गर्छौं।

### २.२ गतिशील राजनीतिक व्यवस्था

हरेक नेपाली नागरिकको मर्यादा, अधिकार र आकांक्षालाई कायम राख्ने समावेशी, सहभागितामूलक लोकतन्त्रमा पार्टीको अटल विश्वास छ। पार्टी जनताको सामर्थ्य, सत्य र अहिंसाको बलमा विश्वास गर्छ । लोकतन्त्र, गणतन्त्र, संघीयता, संविधानवाद र समुदायको शासनमा विश्वास गर्छ ।व्यक्तिगत पहल, उद्यम र ऊर्जामा जनताको प्रगति, कल्याण, सुख र खुसी निर्भर हुन्छ भन्ने पार्टीको मान्यता रहेको छ ।

पार्टी व्यक्तिको अधिकतम स्वतन्त्रता र राज्यको न्यूनतम सम्भाव्य हस्तक्षेपको सिद्धान्तलाई समर्थन गर्छ । यो हस्तक्षेप अपराध रोकथाम, दण्डसजाय कार्यान्वयन, व्यक्तिगत पहललाई फलदायी बनाउने अवस्था सिर्जना गर्ने, वैयक्तिक स्वतन्त्रतालाई रक्षा गर्ने र पछाडि परेका वा पारिएका समूहलाई संरक्षण गर्न आवश्यक छ भन्ने मान्यता पार्टीको छ ।

राज्यले हाम्रो परम्परामा निहित नैतिक दायित्व, गौरव, सन्तुष्टि र परोपकारमा व्यक्तिले अनुभव गर्ने पूर्णताको भावनालाई प्रोत्साहन र उपयोग गर्नुपर्छ । यान्त्रिक कानुनी प्रवन्ध वा अन्य वाध्यकारी उपायहरू प्रत्युत्पादक हुन सक्छन । जनताप्रति अविश्वास यहीँबाट शुरू हुन्छ । नागरिक, शासनको दास हुनुहुदैन । सर्वशक्तिमान राज्य र निर्वाचन मार्फत बहुमत प्राप्त गरेकै आधारमा सरकार सर्वेसर्वा र निरंकुश हुने कुरामा पार्टीले विश्वास गर्दैन ।

### २.३ गतिशील राजनीतिक दल

परम्परागत दलगत सोच, संरचना, शैली र संस्कार असान्दर्भिक भएको ठहर गतिशील पार्टीले गरेको छ । हाम्रा लागि सत्ता राज्यदोहनको साधन होईन । हाम्रो दल कहिल्यै पनि नितान्त राज्यदोहन गर्ने क्रियाकलापमा संलग्न हुने छैन ।

राजनीतिलाई पूर्णकालिन पेशा बनाउने प्रवृत्तिलाई पार्टीले निरुत्साहित गर्दछ । पार्टी नयाँ अनुहार र सोचको प्रवाहलाई बढावा दिन्छ ।गतिशील पार्टी भविष्यको पुस्ताको लागि एउटा संस्थागत सम्पदा र नासोको रुपमा स्थापित भएको हो ।

हामीले आश्रय र आश्रितको राजनीतिलाई वर्जित गरेका छौं ।राज्य, दल वा नेताविशेषको आश्रय खोजेर राजनीतिक कर्म गर्ने आश्रित नेता तथा कार्यकर्ताहरु भएको राजनीतिक संगठन वा अभियानले वृहत समाजको हितमा काम गर्दैन । हाम्रो दलको सांगठनिक संरचना परम्परागत, बोझिलो र ऊर्ध्व स्वरुपको हुने छैन । दलभित्र पदका लागि पदको सिर्जना गरिने छैन । कुनै एक व्यक्ति पार्टीको एक पदमा बढीमा दुई कार्यकाल बस्न पाउने छ र पार्टीको सदस्यता बढीमा १६ वर्षको हुनेछ ।

पार्टीको वर्गीय संगठन नबनाउने, समानुपातिक समावेशी प्रतिनिधित्वलाई सुनिश्चित गर्ने गरी राष्ट्रिय सभा सदस्य चयन गर्ने र प्रतिनिधि सभा सदस्य प्रत्यक्ष चुनावबाट आउने व्यवस्था गर्ने पक्षमा पार्टीले पैरवी गर्नेछ।

## २.४ गतिशील शासकीय व्यवस्था

संघीयताको गतिशील नवीकरण हाम्रो प्राथकमिकता हुनेछ । शक्ति पृथकीकरण तथा नियन्त्रण र सन्तुलनका लागि विधायिका, कार्यपालिका र न्यायपालिकामा विभाजित पद्धति उपलब्ध शासन व्यवस्था मध्येको श्रेष्ठ हो भन्ने हाम्रो ठम्याई छ। भौतिक पूर्वाधार विकासको लालसाप्रेरित प्रत्यक्ष निर्वाचित कार्यकारी र सत्ता केन्द्रीकरणको चाहना लोकतन्त्रको लागि ठूलो खतरा र सर्वसत्तावाद तथा तानाशाहीलाई निम्तो हो भन्नेमा पार्टी सजग छ। त्यस्ता चाहनाले प्रकारान्त नागरिक अधिकार र स्वतन्त्रतालाई जोखिममा पार्छ । अभिभावक बन्छु भन्ने शासक मालिक बन्न सक्छन् । तसर्थ सबै खाले पितृवादी सत्ताको विपक्षमा पार्टी उभिन्छ।

राज्य मतनिरपेक्ष हुनुपर्छ ।कुनै धार्मिक विश्वास वा राजनीतिक वादको पक्षधर हुनुहुदैन । राष्ट्रमा विधिको शासन हुनुपर्छ । विधिको शासन सर्वसाधारणलाई मात्र नभई राजनीतिक पार्टी, निजामती, कर्मचारी, व्यापारी एवं उच्च ओहदामा बस्ने सबैका लागि हो । कानुनको नजरमा सबै समान हुनुपर्छ । यसको पालना अक्षरशः हुनुपर्छ । विधिको शासनलाई भत्काउने गरी कुनै पनि पक्षबाट कुनै पनि क्रियाकलाप सञ्चालन हुनुहुदैन।

न्यायपालिका, संवैधानिक निकाय, निजामती प्रशासन तथा अन्य सार्वजनिक निकाय तथा संस्थानहरुमा ठाडो राजनीतिक हस्तक्षेपको अन्त्य हुनुपर्छ । ती निकाय तथा संस्थाहरुलाई निष्पक्ष र जनमुखी बनाइनुपर्छ ।

सार्वजनिक संस्थानलाई जनमुखी सेवा प्रदायकका रुपमा विकास गरिनुपर्छ । ति निकायहरुमा राजनीतिक नियुक्तीलाई निषेध गरिनुपर्छ । निजामति सेवाले सिर्जनशील र बजारको श्रेष्ठ प्रतिभालाई भित्र्याउन सक्नुपर्छ । सार्वजनिक प्रशासन भित्रको अकर्मण्यता क्षम्य हुनुहुदैन ।

सेवाप्रदायकलाई भेदभावबिना निष्पक्ष र न्यायपूर्ण कर्तव्य निर्वाहबाट विचलित गर्ने सबै प्रकारका राजनीतिक दबाबबाट मुक्त राख्ने प्रयास पार्टीले गर्नेछ । निजामती प्रशासनलाई पनि कानूनको शासन, स्वतन्त्र, न्यायिक, निर्वैयक्तिक संस्थाको मर्म अनुरुप सञ्चालन गरिनुपर्छ ।

सुपरिवेक्षकीय संस्था पर्याप्त स्रोतसाधन, अनुसन्धान शक्ति र सूचनादातालाई पर्याप्त सुरक्षा प्रत्याभुत गर्न सक्ने हुनुपर्छ । भ्रष्टाचार रोकथाम गर्ने निकायहरू स्वतन्त्र हुनुपर्छ ।

जनताको सहभागिता बढाउन र चुनावलाई कम खर्चिलो बनाई सही र योग्य प्रतिनिधि छान्ने किसिमले निर्वाचन प्रणालीमा सुधार र दलहरुको वित्तीय पारदर्शीता सुनिश्चित गर्नुपर्छ । साँचो अर्थमा दलहरुको लेखा परीक्षण र सार्वजनिक सम्परीक्षण हुनुपर्छ । स्वार्थको द्वन्द्वलाई रोक्ने कानुनी प्रवन्ध हुनुपर्छ ताकी दल वा नेताले सत्ता प्राप्ति पछि चन्दादातालाई लाभ पुर्याउन नसकुन ।

गठबन्धन निर्माण तथा सत्तारोहणका लागि गैरराजनीतिक, सिद्धान्तहिन र अनैतिक सम्झौता गतिशील पार्टी र यसका सदस्यले गर्ने छैनन् । यस किसिमका अभ्यासलाई पार्टीले निरुत्साहित गर्नेछ ।

प्रादेशिक र स्थानीय सरकारहरूको स्वायत्तता र क्षमता अभिवृद्धि गर्दै वित्तीय रुपमा सबल बनाउने उपायहरुको खोजी गरिनुपर्छ । संघ, प्रदेश र स्थानीय तहमा निर्वाचित हुने पदाधिकारीको संख्यामा पुनर्विचार गरिनुपर्छ । यस्तै समीक्षा मन्त्रालय, आयोग, परिषद लगायत राज्यकोषबाट सञ्चालित अन्य निकायहरुको हकमा पनि गरिनुपर्छ ।

## २.५ गतिशील समाज

विविधता र बहुलता नै हाम्रो पहिचान र सम्पत्ति हो। यस भावनाले मुलुकलाई एकताको सूत्रमा बाँध्नुपर्छ। गतिशील पार्टी हिमाल, पहाड र तराईका सबै नेपालीको प्रतिनिधित्व गर्ने देशभक्त पार्टी हो।निश्चित जातजाती, धर्म, वर्ण वा समुदायलाई प्रधान मान्ने र त्यसैका आधारमा द्वन्द्व सिर्जना गर्ने राष्ट्रवादका पक्षमा हामी छैनौं ।

हाम्रो पार्टीको सामाजिक उद्देश्यहरू सामाजिक न्यायमा आधारित समावेशी र समृध्द समाज निर्माणतर्फ लक्षित हुनेछ ।पार्टीले वैयक्तिक स्वतन्त्रता, धर्म, जात, पेशा वा वैचारिक आस्थाको आधारमा भेदभावरहित अवसरको समानता सुनिश्चित गर्नेछ।

पार्टीले गुणस्तरीय शिक्षा, आधारभूत स्वास्थ्य सेवा र आवश्यक पोषणमा सबैको पहुँचलाई अधिकारका रूपमा स्थापित गर्नेछ। प्रत्येक नागरिकलाई आफ्नो छनोट अनुसार र स्वतन्त्र वातावरणमा आफ्ना सन्ततिलाई शिक्षा दिने अधिकार हुन्छ र राज्यले यस्तो शिक्षालाई बिनाभेदभाव प्रवर्द्धन गर्नुपर्छ ।

स्वास्थ्य सेवा प्रवाहमा सरकार तथा निजी क्षेत्रले हातेमालो गर्नुपर्छ । गैर नाफामुखी, लागतप्रभावी तथा सुलभ स्वास्थ्य सेवा प्रदान गर्ने प्रमुख दायित्व राज्यको हुनेछ । गैर राज्य पक्षबाट नाफामुखी, गैर नाफामुखी तथा परोपकारी स्वास्थ सेवा प्रवाह गर्ने स्वतन्त्रतालाई खण्डित गरिने छैन।

पार्टीले भूमिहीन, अनौपचारिक क्षेत्रका कामदार, एकल महिला, ज्येष्ठ नागरिक, दलित, अल्पसंख्यक र सीमान्तकृत समुदायलाई वैज्ञानिक आधारमा सामाजिक सुरक्षा कार्यक्रममा आवद्ध गराउनेछ ।महिला, बालबालिका, ज्येष्ठ नागरिक, अल्पसंख्यक तथा विविध पहिचान समूहका नागरिकहरुको विशिष्ट आवश्यकता पूर्ति गर्न हाम्रो पार्टी प्रयत्नशील रहनेछ ।

### २.६ गतिशील अर्थव्यवस्था

हाम्रो पार्टीको आर्थिक उद्देश्य गतिशील अर्थतन्त्र, समृद्ध नागरिक र आर्थिक समता हासिल गर्ने क्रियाकलाप सञ्चालनका लागि आवश्यक वातावरण निर्माण हुनेछ ।

पार्टीले निजी क्षेत्रलाई विकास साझेदारको रुपमा ग्रहण गर्नेछ । उनीहरुको लगानीमा गैरकानुनी हस्तक्षेप नगर्ने व्यावसायिक सुरक्षा व्यवस्था गर्ने र उद्‌यमशिलता विकासको लागि सहयोग गर्ने, सार्वजनिक-निजी क्षेत्र साझेदारीलाई सन्तुलनमा राख्ने काम पार्टीले गर्नेछ ।

निजी प्रयासका लागि आवश्यक स्थिरता र संविधानको भावना अनुरुप सम्पत्ति अधिकार, व्यवसाय तथा पेशाको स्वतन्त्रता र सार्वजनिक प्रयोजनका लागि अधिग्रहण गरिएको सम्पत्तिलाई उचित मुआब्जा सुनिश्चित गर्ने वैधानिक प्रवन्ध पार्टीले गर्नेछ ।

राष्ट्रिय विकासका लागि तर्जुमा गरिने नीतिहरूमा जनताका आधारभूत आवश्यकतालाई प्राथमिकता दिइने छ। कृषि उत्पादन वृद्धि सर्वोपरि महत्वको विषय हो । स्वरोजगार किसानमार्फत कृषि उत्पादनमा उच्च वृद्धि गर्न सकिन्छ भन्ने पार्टीको मान्यता छ । यसका लागि जमिनबाट उच्चतम उत्पादन प्राप्त गर्न इच्छुक किसानलाई स्थायी वा आवधिक स्वामित्वको सुनिश्चिता प्राप्त हुने व्यवस्था पार्टीले गर्नेछ ।

सामूदायिकीकरण र ग्रामीण अर्थतन्त्रको सवलीकरणमा पार्टी विश्वास गर्छ ।ग्रामीण जनताको जीवनस्तर सुधारमा बाधा पुग्ने सबै अवरोध हटाएर कृषि उत्पादन र व्यवसायको लागि उचित र स्थिर मूल्य कायम राख्ने सचेत प्रयास पार्टीले गर्नेछ।

खुला तथा प्रतिस्पर्धात्मक उद्यममा निहित पर्याप्त र उच्च गतिमा उत्पादन विस्तार गर्ने शक्तिलाई प्रोत्साहन गर्नुपर्छ भन्ने कुरामा पार्टी विश्वास गर्छ । श्रमिकको संरक्षण र समानुपातिक लाभ वितरण हुनुपर्छ भन्ने मान्यता पार्टीले राख्छ।

दिगो रोजगारी नागरिक अधिकार हो । रोजगारी सिर्जना राज्यको कर्तव्य हो । राज्यले हरेक नागरिकलाई सिर्जनशील तथा रचनात्मक कार्यमा व्यस्त राख्ने वातावरण निर्माण गर्नुपर्छ ।

आफुलाई नियामकीय भूमिकामा सीमित राखेर सरकारले उद्योगको विकेन्द्रीकृत वितरणलाई प्रोत्साहन गर्नुपर्छ । राज्य सबै खाले विशुद्ध व्यापारिक क्रियाकलापबाट मुक्त हुनुपर्छ भन्ने मान्यता पार्टीले राख्छ । निजी पहलले काम नगर्ने र निजी उद्यमलाई पूरक हुने आर्थिक गतिविधमा मात्र सरकार सीमित हुनुपर्छ । व्यापारको क्षेत्रमा प्रवेश नगर्ने, स्वतन्त्र विनिमयलाई अवरोध नगर्ने, व्यापारिक प्रतिष्ठान स्वामित्वमा नलिने वा व्यवस्थापन नगर्ने, सार्वजनिक स्रोतको अपव्यय नगर्ने गरी राज्यको अभिमुखीकरण हुनुपर्छ ।

उत्पादक र उपभोक्ताको स्वतन्त्र छनोटलाई सम्मान गर्ने सिद्धान्तमा पार्टी प्रतिवद्ध हुनेछ। साना उद्यमी, स्वरोजगार कालिगढ र व्यापारीहरूको स्वतन्त्रताको संरक्षण गर्नुपर्छ। उद्यमशील व्यक्तिले समाजमा उत्पादन, वितरण, विनिमय तथा रोजगारी सिर्जनामा महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ

भन्ने मान्यता पार्टीले राख्छ। सार्वजनिक नीतिहरूमा अस्थिरताले सिर्जना गरेको व्यापक अनिश्चितताको भावलाई हटाई उद्यमशील वातावरण निर्माण गर्ने दायित्व सरकारको हुनेछ ।

सार्वजनिक खर्चमा मितव्ययिता अपनाउने । प्रगतिशील, निष्पक्ष, अनुमानयोग्य, सरल, पारदर्शी, उत्पादनमैत्री, न्यायोचित कर प्रणालीमार्फत पुँजी निर्माण र निजी लगानीलाई प्रोत्साहित गर्ने । अत्यधिक कर, असामान्य बजेट घाटा र देशले तिर्न नसक्ने विदेशी ऋणमा आधारित विकास कार्यक्रमलाई पार्टीले प्रोत्साहित गर्दैन ।

हाम्रो सरकारले अत्यधिक मुद्रास्फीतिलाई प्रोत्साहित गर्ने नीति तर्जुमा गर्ने छैन । मुद्राको आपूर्ति बढ्ने तर उत्पादन नबढ्ने तथा रोजगारी सिर्जना नहुने गरी वित्त नीति (वितरणमुखी बजेट) वा विस्तारकारी मौद्रिक नीति तर्जुमा गरी सर्वसाधारणको दैनिकीलाई कष्टकर बनाउने कार्य पार्टीले गर्दैन । कर तथा गैरकर नीतिमार्फत सुदूर भविष्यमा हुने लाभको आशामा वर्तमान पुस्तालाई अनावश्यक आर्थिक दोहन गर्ने कुनै पनि कार्यलाई पार्टी समर्थन गर्दैन ।

वैदेशिक लगानी भित्र्याउने वातावरण बनाउन नीतिगत, संस्थागत र व्यवहारिक पुनर्संरचनाहरू गरिनेछ र नेपालाई सुरक्षित लगानीको केन्द्र बनाइने छ।

## २.७ गतिशील पर्यावरण

नेपालको दिगो विकासका लागि वातवरणीय संकट सबैभन्दा गम्भीर खतराहरू मध्ये एक हो भन्ने तथ्यको स्वीकारोक्तिका आधारमा पार्टीले नीति तथा कार्यक्रम तर्जुमा गर्नेछ र सोही अनुरुपका क्रियाकलापमा आफुलाई संलग्न गराउनेछ । जनताको हितमा जल, जमिन र जंगलको दिगो उपयोगका लागि अनुमानयोग्य नीति पार्टीले तर्जुमा गर्नेछ ।

पार्टीले विकासका सबै क्षेत्रहरूमा जलवायु प्रभाव न्यूनीकरण कार्यलाई एकीकृत गर्ने नीति लिनेछ ।खनिज इन्धनमा निर्भरतालाई चरणवद्ध रूपमा हटाउँदै सौर्य, वायु र लघु जलविद्युत परियोजनाहरू बढाएर स्वच्छ, हरित र नवीकरणीय ऊर्जा विस्तारलाई प्रवर्द्धन गर्ने नीति पार्टीको हुनेछ ।

पार्टीले प्राकृतिक स्रोतहरुमा समुदायको स्वामित्व र लाभ बाँडफाँड सुनिश्चित गर्दै वन, जलाधार र जैवीक विविधताको संरक्षणका लागि समुदायलाई नै अग्रसर बनाउने नीति प्रवर्द्धन गर्नेछ । राज्यको लगानी र नियामकीय सुधारहरू मार्फत जलवायुमैत्री कृषि, दिगो शहरी योजना र विपद् जोखिम न्यूनीकरणलाई मदत गर्ने हाम्रो पार्टीको नीति हुनेछ ।

जलवायु प्रकोपको उच्च जोखिममा रहेका आदिवासी र सीमान्तीकृत समुदायको संरक्षण गरेर वातावरणीय न्यायलाई अगाडि बढाउने कार्य पार्टीले गर्नेछ । जलवायु परिवर्तनको प्रभावलाई न्यूनीकरण गर्न हालसम्म अपनाइएका दातामा निर्भर कार्यक्रमहरूको प्रभाव दिगो हुन नसकेको तथ्यलाई मनन गर्दै वातावरणीय संकटलाई कम गर्न जनस्तरमा जागरण ल्याउने अभियान चलाइने छ। जनस्तरमा रहेको वातावरण संरक्षणसम्बन्धी परम्परागत ज्ञान, सीप र संस्कृतिको महत्त्व बुझाइने

छ। जनस्तरदेखिको सामूहिक हातेमालोले मात्र गतिशील पर्यावरण सम्भव छ भन्नेमा पार्टी सजग रहनेछ।

## २.८ गतिशील अन्तर्राष्ट्रिय सम्बन्ध

नेपालको परराष्ट्र नीतिले शान्ति, सहयोग र समृद्धिलाई प्रवर्द्धन गर्दै सार्वभौमसत्ताको रक्षा गर्नुपर्छ। यसका लागि नेपालले राष्ट्रिय हितद्वारा निर्देशित छिमेकी तथा अन्य मुलुक र सबै अन्तर्राष्ट्रिय साझेदारहरूसँग सन्तुलित, असंलग्न, शान्ति र सहअस्तित्वमा आधारित सम्बन्ध राख्नेछ।

मानव अधिकारको रक्षा, सीमापार अपराध तथा आतंकवाद नियन्त्रण, सम्पत्ति शुद्धीकरण निवारण, व्यापार प्रवर्द्धन, पारवाहन, पर्यटन, विज्ञान तथा प्रविधिका क्षेत्रमा सहकार्य, सञ्चार, अन्तरदेशीय लगानी प्रवर्द्धन, साँस्कृतिक आदान प्रदान तथा जलवायु परिवर्तन प्रभाव न्यूनीकरण गर्ने लगायतका विषयमा क्षेत्रीय तथा विश्व मञ्चहरुमा नेपाल सक्रिय रूपमा संलग्न हुनेछ ।

गैर आवासीय नेपाली र आप्रवासी कामदारको अधिकारका पक्षमा पार्टी उभिनेछ ।आर्थिक कूटनीतिलाई प्राथमिकतामा राखेर परराष्ट्र नीति तर्जुमा गरिनेछ । सन्तुलित कूटनीतिका माध्यमबाट नेपालले विश्वभरि नै आफ्नो उपस्थिति देखाउने प्रयास गर्नुपर्छ भन्नेमा हामी विश्वास गर्छौं। त्यसका लागि अहिलेको जस्तो विश्वव्यापी मुद्दाहरूमा निष्कृय रहने, दक्षिण एसियाली सहयोग संगठन (सार्क) तथा बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बंगालको खाडीको प्रयास (बिम्स्टेक) जस्ता क्षेत्रीय संगठनहरूलाई बेवास्ता गर्ने नीतिले देश अघि बढ्न सक्दैन। नेपालले यस्ता क्षेत्रीय संगठनहरूमा सक्रियता बढाउने र विशेषगरी भूपरिवेष्ठित देशहरू र असंलग्न आन्दोलनका सहयात्री देशहरूसँग व्यापक सहकार्य गर्दै विश्व मञ्चमा यस्ता राष्ट्रका हित र चासोबारे सक्रियतापूर्वक र नेतृत्वदायी भूमिका खेल्न सक्छ।

## २.९ गतिशील राष्ट्रिय सुरक्षा

नेपाल स्वतन्त्र, सार्वभौम, अखण्ड, बहुलवादी, बहुधार्मिक, बहुजातीय, बहुसांस्कृतिक, बहुभाषिक र विविधतायुक्त राष्ट्र हो। भौगोलिक सीमाले मात्र राष्ट्रियताको पूर्ण परिभाषा दिँदैन, गतिशील लोकतान्त्रिक पार्टीले जनताकेन्द्रित राष्ट्रियतामा जोड दिन्छ।

हाम्रा आन्तरिक र बाह्य सुरक्षा चुनौतीहरू जटिल र संवेदनशील छन्। भौगोलिक अखण्डता, सार्वभौमिकता, राष्ट्रिय स्वाधीनता, मानव सुरक्षा, मौलिक अधिकार र सामाजिक–धार्मिक सद्भावलाई ध्यानमा राख्दै गतिशील पार्टीले राष्ट्रिय सुरक्षा नीतिलाई पुनर्संरचना गर्नेछ।

नेपाली सेना, सशस्त्र प्रहरी बल, नेपाल प्रहरी र राष्ट्रिय अनुसन्धान विभागलाई थप व्यावसायिक, गैरराजनीतिक, नैतिक, जवाफदेही, पारदर्शी, निष्पक्ष र स्रोत–साधनयुक्त बनाउनुपर्छ ।

पार्टीले रक्षा र राष्ट्रिय सुरक्षाका सवालमा सुरक्षित, बलियो र गौरवशाली नेपालको परिकल्पना गरेको छ । नेपाललाई सार्वभौमसत्ताको रक्षा गर्ने र राष्ट्र निर्माणमा मदत गर्ने आधुनिक, व्यावसायिक र

जनताकेन्द्रित सुरक्षा बलको आवश्यकता छ । पार्टीले प्रविधिमा बलियो, बहुद्देश्यीय र अखण्डतामा जरा गाडेको "स्मार्ट डिफेन्स फोर्स" को परिकल्पना गरेको छ । नेपाली सेनाले सीमा रक्षा गर्छ, विपदमा नागरिकको उद्धार गर्छ, प्रकृतिको संरक्षण गर्छ र राष्ट्रको मनोबललाई उच्च राख्छ । सेना एकता, अखण्डता र समावेशीकरणको साँचो प्रतीक हुनेछ । जनधनको सुरक्षा, नागरिक स्वतन्त्रताको रक्षा गर्ने सवालमा सशस्त्र तथा जनपद प्रहरीले पनि विधिसम्मत ढंगले आफ्नो कर्तव्य निर्वाह गर्नेछन् ।

## २.१० गतिशील संस्कृति परम्परा

पार्टी प्रत्येक नागरिकको खुसी र सुखी बन्ने प्रयासलाई समर्थन गर्छ । सरकारले आध्यात्मिक मूल्यहरूलाई प्रोत्साहन र संरक्षण गर्नुपर्छ, धर्म, संस्कृति र परम्पराका सकारात्मक पक्षलाई जगेर्ना गनुपर्छ । जीवनस्तरलाई केवल भौतिक उपलब्धिका आधारमा मात्र मापन गर्ने चरम भौतिकवादी मूल्य मान्यता र जीवनशैलीलाई पार्टीले प्रोत्साहित गर्दैन।

निजी स्वामित्व र सामाजिक कल्याणबीच सन्तुलन कायम गर्ने प्रयास पार्टीले गर्छ। प्राकृतिक तथा मानवनिर्मित सम्पदा र स्रोतलाई समाजको हितमा प्रयोग गर्न प्रेरित गर्दै आर्थिक असमानता कम गर्ने र मिलनसार समाज निर्माणमा पार्टीले क्रियाशील भूमिका खेल्नेछ । नागरिकका परोपकारी र स्वयंसेवी पहलहरुलाई प्रोत्साहित गर्नुपर्छ । सरकारका नीतिहरू जनताप्रति विश्वासमा आधारित हुनुपर्छ न कि राज्यको जबरजस्ती र विभिन्न वर्गहरूबीच घृणा र द्वन्द्वलाई प्रोत्साहन गर्ने । अर्काको सम्पत्ति हडप्ने, व्यक्तिगत तथा सामूहिक दायित्व वहन नगर्ने प्रवृत्ति पार्टीलाई अस्विकार्य छ । नागरिक स्वतन्त्रता न्यूनीकरण गरी कर्मचारीतन्त्रलाई थप शक्ति प्रदान गर्ने नीतिलाई पार्टीले समर्थन गर्दैन । शारीरिक, मानसिक तथा आध्यात्मिक उन्नयनका लागि व्यक्ति तथा समुदायले गर्ने पहललाई सरकारले प्रवर्द्धन गर्नुपर्छ । त्यसो गर्दा नेपाल बहुभाषिक बहुधार्मिक बहुसाँस्कृतिक बहुजातीय विविधतायुक्त मुलुक हो भन्ने कुरा हेक्का राख्नुपर्छ ।

# ३. सुशासन, उद्यमशीलता, दिगो रोजगारी

*(पार्टीको कार्यदिशा र कार्यक्रम)*

हामीले अघिल्ला अध्यायहरुमा समय विश्लेषण (गतिशील पार्टी गठनको पृष्ठभूमि तथा औचित्य) तथा गतिशील मध्यमार्गी विचारका बारेमा चर्चा गर्यौं । गतिशील लोकतान्त्रिक पार्टीले सरकार गठन गरेपछि आफ्ना विचारलाई कसरी कार्यान्वयन गर्छ वा विपक्षमा रहँदा पार्टीका सैद्धान्तिक अडानका पक्षमा कसरी पैरवी गर्छ भन्ने कुरालाई यस अध्यायमा उल्लेख गरिएको छ । गतिशील विचारले गतिशील कार्यदिशा निर्धारण गरेको छ । यसै कार्यदिशा अनुरुप तय गरिएका कार्यक्रमलाई हामीले सरकार बनाएपछि न्यायोचित, पारदर्शी, व्यावहारिक, मितव्ययी एवं दक्ष ढंगले कार्यान्वयनमा लैजानेछौं ।

## ३.१ राजनीतिक **दलः जनताको नासो**

असल राजनीतिक संस्कार, विचार, शैली र संगठन भएको दलहरु लोकतन्त्रका स्तम्भ हुन भन्ने मान्यता अनुरुप गतिशील पार्टीले दल निर्माण र सञ्चालनलाई अघि बढाउनेछ । आन्तरिक लोकतन्त्रको अभ्यास नगर्ने दलले वृहत समाजमा लोकतान्त्रिक संस्कृति प्रवर्द्धन गर्न सक्दैन। राजनीतिक दल जनताको सम्पत्ति तथा नासो हो भन्ने भावनालाई यथार्थमा रुपान्तरण गर्न गतिशील लोकतान्त्रिक पार्टीलाई व्यक्तिविशेष वा समूहविशेषको बन्न दिइने छैन। यो अविच्छिन्न प्रवाहयुक्त राजनीतिक अभियान हुनेछ । हरेक पुस्ताले यसको स्वामित्व ग्रहण र नयाँ पुस्तालाई हस्तान्तरण गर्दै अगाडी बढ्ने भावनालाई पार्टीले मलजल गर्नेछ।

स्थापनादेखि नै गतिशील पार्टीमा आन्तरिक लोकतन्त्रको अभ्यास सुरु हुनेछ । पार्टीको घोषित सिद्धान्त, विचार तथा मूल्य मान्यतालाई अँगाल्ने र अनुसरण व्यक्ति मात्र पार्टीमा आवद्ध हुनेछन् । त्यस्ता निष्ठावान व्यक्तिले वृहत समाजका लागि काम गर्नेछन ।

पार्टी र सरकारमा एक पद एक व्यक्तिको अवधारणा लागु गरिनेछ । छोटो अवधिका लागि मन्त्री, प्रधानमन्त्री भए पनि दुई चोटीभन्दा बढी एउटै राजकीय पदमा जान पाइने छैन । निर्वाचित पदाधिकारी रहने राज्यका सबै तहमा यस किसिमको वैधानिक व्यवस्था गर्ने पहल पार्टीले गर्नेछ । पार्टी सदस्य निर्धारित कार्यकालपछि आफ्नो नियमित सामाजिक जीवनमा फर्किनै पर्छ । यसैगरी पार्टीलाई गतिशील बनाउनका लागि निम्न व्यवस्थाहरुलाई अभ्यासमा ल्याइनेछः

- पार्टीको कुनै पनि सदस्य, एकै पदमा दुई कार्यकालको लागि मात्र बहाल रहने छ ।
- पार्टीको जुनसुकै कार्यसमितिको पदमा सोह्र वर्षसम्म बहाल रहेपछि, पार्टीको कुनै पनि कार्यसमितिको पदमा नियुक्त हुने छैन ।
- पार्टी कार्यसमितिका पदाधिकारी र राजकीय पदमा जाने व्यक्ति छुट्टाछुट्टै हुने छन्।
- पार्टीको हरेक गतिविधि खुल्ला सफ्टवेयरको माध्यमबाट सञ्चालित हुनेछ।

- निकटको चुनाव बाहेक आगामी चुनावहरुमा खुल्ला प्रतिस्पर्धात्मक प्रारम्भिक (प्राइमरी) चुनावबाट उम्मेदवार छनोट गरिनेछ।
- पार्टीको सबै तहमा चेतनशील, कर्मठ, समावेशी नेतृत्व हुनेछ।
- विषयगत र क्षेत्रगत विभाग हेर्ने गरी दलका सदस्यलाई जिम्मेवारी प्रदान गरिनेछ ।
- पार्टीको कुनै पनि वर्गीय संगठन हुने छैन । हाम्रा पूर्णकालिन कार्यकर्ता हुने छैनन् ।
- निर्वाचनमा खसेको मतको २० प्रतिशतभन्दा कम मत पाएको खण्डमा सरकारमा सामेल हुने छैनौं ।
- राजनीतिक पदाधिकारीले आवधिक रुपमा सम्पत्ति विवरण सार्वजनिक गर्नुपर्ने कानून बनाइनेछ ।

आफ्नो निर्वाचन क्षेत्रमा स्वयं उपस्थित भई मतदान गर्न नसक्ने मतदाताका लागि हुलाकमार्फत मतदान गर्न सक्ने, सहभागी कुनै पनि उम्मेदवारलाई भोट हाल्दिन (राइट टु रिजेक्ट) भन्ने, निर्वाचित प्रतिनिधिलाई फिर्ता बोलाउँछु (राइट टु रिकल) भन्ने प्रावधान तथा विद्युतीय भोटिंग मेसिनको प्रयोगले राजनीतिकर्मीलाई जनताप्रति थप उत्तरदायी बनाउने भएकाले यस्ता प्रावधानका पक्षमा गतिशील पार्टी उभिनेछ।

राजनीतिक प्रणाली एवं संस्थाहरु पारदर्शी, जवाफदेही र जनउत्तरदायी हुनुपर्छ। यसका लागि इलेक्ट्रोनिक प्लेटफर्महरूको व्यापक उपयोग गरी दलहरुको सार्वजनिक सम्परीक्षण संयन्त्रहरू स्थापना गरिनेछ ।

पार्टीको आर्थिक पक्षलाई पारदर्शी बनाइनेछ । सबै खर्चआम्दानी वेवसाईटमार्फत सार्वजनिक गरिनेछ । एउटा व्यक्ति वा संस्थाले पार्टीको वार्षिक बजेटको ५ प्रतिशत भन्दा बढी सहयोग दिन पाउने छैन । पार्टीको कुनै पनि उम्मेदवारलाई चुनाव खर्च, प्रचारप्रसारका लागि खर्च पार्टीले दिने छैन ।

### ३.२ संविधानः परिवर्तनशील दस्तावेज

नेपालको संविधान,२०७२ मा परिमार्जन आवश्यक छ । संविधान गतिशील र परिवर्तनशील दस्तावेज हो। विगत दुई दशकको अनुभवबाट यसका कमजोरीहरू पहिचान भएका छन्। पुराना पार्टीहरूले संशोधनको कुरा गरे पनि ठोस पहल नगरेको अवस्थामा गतिशील पार्टीले सरोकारवालाहरूसँग छलफल गरी सबै नेपालीले अपनत्व महसुस गर्ने र संविधानलाई साँचो अर्थमा सबै नेपालीको साझा दस्तावेजको रुप दिने गरी संशोधनको पहल गर्नेछ । संविधानमा उल्लिखित स्वतन्त्रता, बहुलवाद, धर्मनिरपेक्षता र गणतान्त्रिक प्रणालीको रक्षा गर्ने तथा तीन तहका सरकार बीचको सम्बन्धलाई बलियो बनाउने विषयलाई सम्बोधन गर्ने गरी संवैधानिक संशोधनमा पार्टी क्रियाशील रहनेछ।

### ३.३ झन बलियो संघीयता

संरचनात्मक वाधा हटाउने र उपलब्ध अवसरहरूको उपयोग गर्ने गरी प्रादेशिक र स्थानीय सरकारहरूलाई वास्तविक शक्ति र वित्तीय स्रोतहरू हस्तान्तरण गरेर संघीयतालाई झन बलियो बनाइनेछ।

शक्ति निक्षेपीकरण, पहिचान र समतामूलक विकासको मर्म अनुरुप केन्द्रीकृत सोच सिर्जित अवरोधहरुलाई हटाई प्रदेश सरकारलाई कार्यमूलक बनाइनेछ।तीनै तहका सरकारबीच सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तलाई कार्यान्वयनमा ल्याइनेछ ।

संघीय, प्रादेशिक र स्थानीय सरकारको कार्य विभाजनलाई थप स्पष्ट गरिनेछ। प्रदेश सरकार सञ्चालन ऐन तर्जुमा गरिनेछ । प्रदेशका संरचनालाई कम खर्चिलो, कम भड्किलो, चुस्त र कामकाजी बनाउनेछौं।

हाम्रो पार्टी परिष्कृत र सुधारिएको संघीयताका माध्यमबाट नागरिकको जीवन सहज बनाउन, सार्वजनिक सेवाप्रवाहलाई चुस्त बनाउन चाहन्छ। त्यस्तो सुधार सम्भव छ र पार्टीले त्यसलाई प्रमुख प्राथिमकतामा राख्नेछ। हामी बढी नियमन गर्ने र कर थोपर्ने संघीयतालाई परिष्कृत संघीयतामा रूपान्तरण गर्न चाहन्छौं ।

### ३.४ जनमुखी प्रशासन

उद्देश्यमूलक र कार्यमूलक आधारमा मन्त्रालय, विभाग र कार्यालयको विभाजन र संख्या निर्धारण गरिनेछ । निजामति प्रशासनलाई उपयुक्त आकारमा ल्याइनेछ । निजामति सेवामा इमानदारी र दक्षता हुनुपर्छ। केवल नोकरशाही कर्मचारीतन्त्रको विस्तार गर्ने नीतिलाई पार्टीले निरुत्साहित गर्नेछ।

सार्वजनिक र निजी निकायहरुको समन्वय हुने गरी प्रशासन यन्त्रको गठन गरिनेछ । निजी क्षेत्रबाट न्यायोचित, किफायती, चुस्त र दक्ष ढंगले प्रवाह हुनसक्ने जनपयोगी सेवालाई निजी क्षेत्रमा हस्तान्तरण गरिनेछ । अनावश्यक विभाग कार्यालय लगायतका संरचना खारेज गरिनेछ । सरकारी काम कार्वाहीका लागि अटोमेसन र डिजिटलाइजेसनमा जोड दिइनेछ । मानवीय सम्पर्कलाई न्युनतम सम्भाव्य तहमा झारिनेछ । यसले सरकारी कर्मचारीतन्त्रको भार घटाउँछ भने भ्रष्टाचारका घटना पनि कम गराउँनेछ।

निजामती सेवामा नियुक्तिहरूलाई योग्यतामा आधारित र राजनीतिक हस्तक्षेपबाट मुक्त गरेर सार्वजनिक प्रशासनलाई व्यावसायिक बनाइने छ । निजामती सेवा प्रवेशका लागि परीक्षा प्रणालीलाई वैज्ञानिक, रचनात्मक, उद्देश्यमुलक, प्रयोगात्मक, व्यावहारिक र परिणाममुखी बनाइनेछ । सिर्जनशील र बजारको श्रेष्ठ प्रतिभालाई भित्र्याउने व्यवस्था मिलाइनेछ । निजामति कर्मचारीको अकर्मण्यतालाई क्षमा गरिने छैन ।

सार्वजनिक संस्थानलाई जनमुखी सेवा प्रदायक रुपमा विकास गरिनेछ । ति निकायहरुमा राजनीतिक नियुक्तीलाई निषेध गरिनेछ । योग्यता र अनुभवलाई आधार बनाएर प्रमुख नियुक्त गरिनेछ ।दलीय हस्तक्षेपबाट अलग राखेर सार्वजनिक संस्थानहरू सञ्चालन गरिनेछ । आवश्यक संस्थानहरु मात्र सरकारको स्वामित्वमा राखिनेछ ।

सरकारी कार्यालयहरूमा भ्रष्टाचार, ढिलासुस्ती र झन्झटको अन्त्य गरी छिटोछरितो सेवा प्रदान गरिनेछ। निजामति सेवामा आरक्षणको आधार समावेशी सूचकांकलाई बनाइनेछ ।

एकीकृत कानून बनाइ भ्रष्टाचार नियन्त्रण गरिनेछ।अख्तियार दुरुपयोग अनुसन्धान आयोगको भूमिकालाई प्रभावकारी बनाउन साधन, स्रोत र प्रविधियुक्त बनाईनेछ।आयोगलाई राजनीतिक हस्तक्षेपबाट मुक्त राखिनेछ ।

नीतिगत भ्रष्टाचारलाई स्पष्ट परिभाषित गरिनेछ र यस किसिमको भ्रष्टाचार रोकथाम तथा नियन्त्रण गर्नका लागि विशेष संयन्त्रको विकास गरिनेछ।

स्वदेश र विदेशमा रहेका विज्ञ, विशेषज्ञ र युवालाई राजनीतिक र प्रशासनिक जिम्मेवारीमा सहभागी हुने वातावरण बनाइनेछ ।

कर्मचारीतन्त्रमा हाबी तदर्थवाद र काम पछि सार्ने प्रवृत्ति अन्त्यका लागि विशेष कार्यक्रम ल्याइने छ। सामाजिक र आर्थिक अवस्थासँग मेल खाने गरी कर्मचारीको तलब निर्धारण गर्ने र त्यसमा स्वचालित रूपमा वृद्धि हुँदै जाने व्यवस्था गरिनेछ । पार्टीले सार्वजनिक सेवा प्रवाहमा हुने अनियमितता बारे खबरदारी तथा निगरानी गर्न र नागरिक जागरण कार्यक्रम गर्नेछ ।

## ३.५ समावेशी, समतामूलक समाज

पार्टीले जाति, जातीयता, धर्म, लिंग वा भूगोलमा आधारित भेदभाव वा बहिष्कारका विरुध्द आपसी सम्मान, प्रमाणमा आधारित संवादको राजनीतिक संस्कृति निर्माण गर्नेछ। यसैबाट विविधतामा आधारित समाज निर्माण हुनसक्छ भन्ने पार्टीले विश्वास गर्छ ।

अन्धविश्वास, रूढिवाद, छुवाछूत र भेदभावरहित समतामूलक समाज निर्माणका लागि राज्यको प्रयास मात्र पर्याप्त हुदैन। यस्ता मुद्दाहरूमा सरकार र नागरिकले संयुक्त राष्ट्रिय अभियान सञ्चालन गर्नुपर्छ। गतिशील पार्टी सामाजिक विभेद र विकृतिहरूको अन्त्य गर्न अग्रपङ्क्तिमा रहनेछ।

नेपालको बहुजातीय, बहुधार्मिक, बहुसांस्कृतिक र भौगोलिक विविधता नै यसको मौलिक पहिचान हो। समानुपातिक र समावेशी प्रतिनिधित्व सुनिश्चित गर्ने गरी संविधान, कानून र राज्य संरचना विकास गरिनेछ।

धार्मिक स्वतन्त्रता र सामाजिक–सांस्कृतिक सहअस्तित्वमा गतिशील पार्टी विश्वास गर्छ। प्रत्येक व्यक्तिको भाषा, संस्कृति, धार्मिक आस्था र पेशा–व्यवसाय छनोटको स्वतन्त्रता सुनिश्चित गर्दै व्यक्तिको सम्मान र प्रतिष्ठाको रक्षा गरिनेछ । व्यक्तिको स्वतन्त्रता संकुचित गरिने छैन । मर्यादित जीवन यापनका लागि आवश्यक न्यूनतम आर्थिक आधार सुनिश्चित गरिनेछ ।

गुणस्तरीय शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षाको प्रत्याभूति गर्दै राज्यले सबै नेपालीको सबलता र स्वतन्त्रता विस्तार गर्नेछ। जनसङ्ख्याको ठूलो हिस्सा कार्यशील उमेर समूहको हुनु नेपालको लागि अवसर हो। यो जनसाङ्ख्यिक लाभलाई तत्काल पुँजीकरण गर्नुपर्छ । यो अवसर केही दशकमा समाप्त हुनेछ भन्ने तथ्यमा पार्टी चनाखो छ।

### ३.५.१ शिक्षा

शिक्षा प्रणालीमा व्यापक रूपान्तरण गरी सक्षम र स्वाभिमानी नागरिक तयार गर्न आवश्यक नीतिगत तथा संस्थागत सुधार, भौतिक पूर्वाधार विकास र आधुनिक सूचना प्रविधिको उपयोग गरिनेछ। बालबालिका विद्यालय जाने तर केही पनि नसिक्ने बिडम्बनापूर्ण स्थितिको अन्त्य गर्न सिकाइ पद्धतिमा उल्लेख्य सुधार गरिनेछ ।

सामुदायिक विद्यालयको कमजोर भौतिक पूर्वाधार, दक्ष शिक्षकको अभाव, समयानुकुल पाठ्यक्रम विकास तथा तदनुरुपको पाठ्यपुस्तक सहित अन्य शिक्षण सामग्रीको उपलब्धता, सूचना तथा सञ्चार प्रविधिको न्यून उपयोगका सन्दर्भमा रहेका जनगुनासोलाई सम्बोधन गतिशील पार्टीले गर्नेछ ।

महिला साक्षरता दर तथा उच्च माध्यमिक विद्यालमा भर्ना दर बढाउन प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गरिनेछ । शिक्षामा सबै वर्ग समुदायको समान पहुँच सुनिश्चित गरिनेछ ।

दशकौंदेखि राजनीतिक हस्तक्षेपबाट थिलोथिलो भएको शैक्षिक क्षेत्रलाई त्यसबाट मुक्त गर्ने हरसम्भव प्रयास गरिनेछ । विश्वविद्यालयलाई साँचो अर्थमा स्वायत्त बनाइनेछ । प्रधानमन्त्री¸ शिक्षामन्त्री विश्वविद्यालयको कुलपति¸ सहकुलपति हुने प्रथाको अन्त्य गरिनेछ । एकीकृत विश्वविद्यालय अनुदान आयोग, विश्वविद्याल सर्वोच्च निकायका रुपमा परिषद गठन गर्ने, निश्चित विश्वविद्यालयलाई निश्चित प्रदेशले वित्तपोषण गर्ने लगायतका प्रस्तावमा व्यापक छलफल गरी उचित निष्कर्ष निकालिनेछ ।

विश्वविद्यालयहरुको अभिमुखीकरणा अध्ययन अनुसन्धान केन्द्र बनाउने किसिमले हुनेछ । उच्च शिक्षालाई अनुसन्धानमूलक बनाइनेछ ।

विद्यालय तहको पुनर्गठन गरिनेछ । पुनर्गठनका लागि उमेर अनुसार बालमनोविज्ञानमा आउने परिवर्तनलाई आधार बनाइनेछ ।

शिक्षकहरुको पेशागत हकहितको सुरक्षा तथा विद्यार्थीको सिकाई सम्बन्धी नतिजाबीच सन्तुलन कायम गर्ने गरी शिक्षा क्षेत्रका नीतिनियमहरु परिमार्जन गरिनेछ । विद्यार्थीहरुमा रहेको सिकाइ सम्बन्धी समस्या समाधान गर्न पाठ्यक्रम तथा शिक्षण पद्धतिमा सुधार गर्नुका साथै विद्यालय व्यवस्थापन समिति तथा शिक्षकलाई जिम्मेवार बनाइनेछ ।

विद्यालय तथा शिक्षकमा सरकारले लगानी गर्ने परम्परागत परिपाटीलाई बदलेर विद्यार्थीमाथि लगानी गर्ने विश्वभरका विभिन्न मुलुकमा असल अभ्यासका रुपमा रहेको भौचर प्रणालीको अध्ययन गरी नेपालका लागि उपयुक्त ढाँचा पहिचान गरिनेछ ।

श्रम बजारको आवश्यकता अनुरुपको शिक्षा, स्वरोजगारमूखी, उद्यमशील, सीपमूलक, व्यावसायिक तथा प्राविधिक शिक्षामा जोड दिइनेछ ।

विद्यालय तहको शैक्षिक प्रशासन स्थानीय तहको सरकारबाट हुने व्यवस्थालाई थप प्रभावकारी बनाइनेछ ।

विद्यालय तहदेखि नै विद्यार्थीलाई कक्षाकोठाको सिकाइ मात्र होइन समाज र सामाजिक रूपान्तरण अनि दिगो विकासका अवधारणमा परिचित गराउने अभ्यासहरू गराइनेछ। सूचनाप्रविधिको प्रयोग र त्यस क्षेत्रमा गर्न सकिने नवप्रवर्तनका लागि सानै उमेरदेखि विश्लेषणात्मक र सिर्जनशील विचार विकास गर्न भूमिका खेल्ने शिक्षा प्रणाली विकास गरिनेछ। देशको नवपुस्तालाई आफ्नो समाजको आवश्यकता अनुरूपको प्रविधि आफैंले विकास गर्न सक्ने सीप र क्षमता विकास गर्न सक्ने पुस्ताको रूपमा तयार पारिनेछ।

### ३.५.२ स्वास्थ्य

नागरिक स्वयं, बजार र सरकारले आर्थिक दायित्व वहन गर्ने मिश्रित स्वास्थ्य सेवा प्रणालीको विकास गरिनेछ । यस किसिमको प्रणाली वित्तीय रुपमा दिगो, पारदर्शी र न्यायसंगत हुनेछ । राज्यले थेग्नै नसक्ने किसिमको वित्तीय भार सिर्जना गर्ने, नागरिकलाई लापर्वाह बनाउने, सेवाप्रदायकलाई नैतिक रुपमा विचलित (नाफामुखी) हुन प्रेरित गर्ने, प्रणाली स्वयंमा टुट्ने किसिमको प्रियतावादी स्वास्थ्य सेवाको वकालत गतिशील पार्टीले गर्दैन।

सरकार र निजी क्षेत्र दुवै सहभागी हुन सक्ने विकेन्द्रीकृत स्वास्थ्य बिमा प्रणालीले दिगो र सर्वसुलभ सेवा सुनिश्चित गर्छ भन्ने मान्यतामा नीतिगत तथा संस्थागत ढाँचा तयार पारिनेछ। गुणस्तरीय तथा विश्वसनीय स्वास्थ्य सेवा प्रवाह सुनिश्चित गर्न सरकारको भूमिका स्वास्थ्य क्षेत्रको नियमन तथा सुपरिवेक्षणमा बढी हुनेछ ।

आधारभूत स्वास्थ्य सेवा प्रशासनको जिम्मेवारी स्थानीय सरकारको हुनेछ।

स्वास्थ्य क्षेत्रका लागि आवश्यक दक्ष जनशक्ति उत्पादन गर्ने र त्यस्तो जनशक्तिलाई स्वदेशमै टिकाउने गरी शिक्षण संस्थाको व्यवस्था एवम चिकित्सा शिक्षामा लगानीको उपयुक्त ढाँचा तयार गरिनेछ ।

स्वास्थ्योपचारलाई तथ्यपरक प्रमाणमा आधारित बनाउन अध्ययन अनुसन्धानमा जोड दिइनेछ । स्वास्थ्य सूचना व्यवस्थापन प्रणालीलाई थप प्रभावकारी बनाइनेछ । प्रमाणित वैकल्पिक उपचार पद्धतिको प्रवर्द्धन गरिनेछ ।

महामारी तथा स्वास्थ्य विपदलाई सम्बोधन गर्न सक्ने सूचना प्रणाली, स्वास्थ्य पूर्वाधार तथा संयन्त्रहरुको विकास गरिनेछ ।

आधारभुत स्वास्थ्य सेवालाई दूर्गम भेगसम्म पुऱ्याइनेछ । व्यक्तिले थेग्नै नसक्ने उपचार खर्चको मारबाट बचाउन सबै नागरिकलाई स्वास्थ्य बिमाको दायरामा ल्याइनेछ । गम्भीर प्रकृतिका रोगको उपचार खर्च बिमा मार्फत हुने सुनिश्चित गरिनेछ।

लक्षित समूह खासगरी ५ वर्ष मुनिका बालबालिका र ७५ वर्ष माथिका ज्येष्ठ नागरिकलाई निःशुल्क स्वास्थ्योपचारको व्यवस्था मिलाइनेछ ।यो सुविधा औपचारिक प्रणालीमा कतैबाट पनि नजोडिएका विपन्नलाई मात्र उपलब्ध गराईनेछ ।

औसत आयु बढाउने, मातृ र शिशु मृत्युदर घटाउने, कुपोषणका समस्या कम गर्ने लगायतका जनसांखिक स्वास्थ्य सूचकांकमा सुधार गर्ने लक्ष्य सहितका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

मानसिक स्वास्थ्य प्रवर्द्धन तथा पुनर्स्थापना स्वास्थ्यको उपलब्धता सुनिश्चित गरिनेछ । संक्रामक रोग नियन्त्रणका संयन्त्रलाई सुदृढ बनाइनेछ ।

स्वदेशमै औषधी तथा अन्य स्वास्थ्य सामग्रीको उत्पादन तथा वितरणलाई प्रोत्साहित गरिनेछ ।

नागरिकलाई स्वस्थकर जीवनशैली ग्रहण गर्न प्रोत्साहित गर्ने गरी व्यापक रुपमा चेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

नेपालको तुलनात्मक प्रतिस्पर्धी क्षमता उच्च भएको आयुर्वेदिक, प्राकृतिक तथा वैकल्पिक चिकित्सा केन्द्रीत स्वास्थ्य पर्यटनलाई प्रवर्द्धन गरिनेछ ।

### ३.५.३ सामाजिक सुरक्षा

नेपालमा सामाजिक सुरक्षा कार्यक्रमलाई जोखिममा परेको जनसमुदायलाई सहयोग गर्ने भन्दा क्षणिक राजनीतिक लाभका लागि प्रयोग गरेको देखिएकोले यस कार्यक्रमको समग्रमा पुनर्अभिमुखीकरण गर्नुपर्ने देखिन्छ । त्यसो नगरिएमा सामाजिक सुरक्षा कार्यक्रमले भविष्यमा ठूलो आर्थिक भार सिर्जना गरी लक्षित समूहलाई थप जोखिममा पार्नेछ ।

सामाजिक सुरक्षा कार्यक्रमको विद्यमान संरचना र प्रणालीमा व्यापक परिवर्तन गर्नुपर्छ । वित्तीय दिगोपना सुनिश्चित गर्न सार्वजनिक दायित्व कम गर्दै जाने यसको मुख्य ध्येय हुनेछ।यसलाई तीनै तहको सरकार, समुदाय तथा निजी क्षेत्रमा वितरण गरिनुपर्छ । त्यसरी वितरण गर्दा लाभग्राही नदोहोरिने विषयलाई सुनिश्चित गर्नुपर्छ ।

सामाजिक सुरक्षा कार्यक्रमका लाभग्राही पहिचानको विषयलाई वैज्ञानिक बनाइनेछ, भावनात्मक र सस्तो लोकप्रियतामुखी अभियानलाई निरुत्साहित गरिनेछ ।यसका लागि सम्बन्धित ऐन नियममा समयाअनुकूल सुधार एवं परिमार्जन गरिनेछ । लाभग्राहीको अभिलेख राख्ने लगायतको सूचना प्रणाली व्यवस्थापनलाई सुदृढ बनाइनेछ ।

बिमा लगायतका योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रमको दायरा फराकिलो र प्रभावकारी बनाई औपचारिक, अनौपचारिक र वैदेशिक रोजगारमा रहेका सबै प्रकारका श्रमिकलाई समेटिनेछ र निजी क्षेत्रका सेवाप्रदायकलाई प्रवेश गराईनेछ ।

सामाजिक सुरक्षा कोषको रकमलाई सुरक्षित लगानीको रूपमा रूपान्तरण तथा विविधीकरण गरी उत्पादनमूलक र रोजगारी सिर्जनाको क्षेत्रमा परिचालन गरिनेछ। कोषको लगानीलाई उच्च प्रतिफलयुक्त क्षेत्रमा परिचालन तथा प्रवर्द्धन गरिनेछ र कोषमा योगदान गर्ने बहुसंख्यक योगदानकर्ता लाभबाट वञ्चित भएको अवस्थालाई अन्त्य गरिनेछ ।

आधारभूत स्तरको सामाजिक सुरक्षाको प्रत्याभूति राज्यबाट हुने गरी सबै योगदानमा आधारित सामाजिक सुरक्षा योजनाहरूलाई योगदानकर्ता-मैत्री बनाइनेछ। सामाजिक सहायतामा आधारित सामाजिक सुरक्षालाई योगदान तथा आवश्यकतामा आधारित सुरक्षामा रूपान्तरण गरिनेछ ।

विपन्न तथा बेरोजगार नागरिकलाई रोजगार सेवा र श्रम बजारको माग अनुरूपको सीप र क्षमता विकास गरी अनुदानमा आधिरत सामाजिक सुरक्षा कार्यक्रमको माग कम गरिनेछ । स्वास्थ्य, शिक्षा, रोजगारी, आवास तथा हेरचाह जस्ता आधारभूत आवश्यकता परिपूर्तिका लागि मूल प्रवाहको बिमा कार्यक्रमहरु चयन गर्न प्रोत्साहित गरिनेछ।

### ३.६ दिगो रोजगारी

आजको मुल समस्या बेरोजगारी हो ।यो समस्यालाई उच्च प्राथमिकतामा राखेर सम्बोधन गर्न विभिन्न मार्गचित्रसँगै समय तालिका निर्धारण गरिनुपर्छ । सरकारको पूर्ण कार्य भनेकै विकासको कार्य, लगानीको कार्य, राज्य व्यवस्थापनको कार्य, नागरिकका लागि दिगो रोजगारी सिर्जना गर्ने हो । त्यसपछि मात्र समाज र राष्ट्र चलायमान हुन्छ । राष्ट्रमा समृद्धि र शान्ति सुव्यवस्था स्थापित हुन्छ ।

“रोजगारी सिर्जना गरौं र युवा पलायनलाई रोकौं” भन्ने उद्देश्यलाई साकार पार्न सबै क्षेत्रमा पूर्ण र दीर्घकालीन रोजगारीका अवसरहरू सिर्जनाका लागि पार्टी दत्तचित्त भएर लाग्नेछ । राष्ट्रिय स्रोतको विकास र बेरोजगारी कम गर्ने समग्र औद्योगीकरणमा जोड दिइनेछ । पुँजीगत तथा उपभोग्य वस्तु सम्वद्ध उद्योग, कृषि उत्पादन र वित्तीय क्षेत्रको सन्तुलित विकास मार्फत सम्मानजनक रोजगारी सिर्जना गर्न पार्टी प्रयत्नशील रहनेछ ।

दिगो रोजगारी र समृद्धिका अभिन्न अंग शिक्षा, पर्यटन, कृषि र ऊर्जा हुन् । उद्योग र उद्यमशीलता अर्थतन्त्रका खम्बा हुन् । तसर्थ, गतिशील पार्टीले नयाँ उद्योगधन्दा स्थापनाका लागि उत्प्रेरक वातावरण निर्माण गर्नेछ।

स्थानीय रोजगारी र नवप्रवर्तनको इन्जिनको रूपमा साना र मध्यम आकारका उद्यमहरूलाई पार्टीले प्रोत्साहन गर्नेछ। गरिबी र क्षेत्रीय असमानता कम गर्दै दिगो रोजगारी सिर्जना गर्न कृषि, नवीकरणीय ऊर्जा, पर्यापर्यटन र दिगो पूर्वाधारमा लगानी गर्नेछ।

जोखिम उठाएर, सिर्जनशील भएर लगानी गरी देशमा स्वरोजगार हुने, रोजगारी सिर्जना गर्ने र राज्यलाई कर बुझाएर राज्य सञ्चालन, शिक्षा, स्वास्थ, सामजिक सुरक्षा, विकास निर्माण आदि कार्य सम्भव बनाउने उद्यमशील व्यक्तिहरुलाई हामी प्रोत्साहन र सम्मान गर्छौं। हामी उनीहरुलाई

पनि राजनीतिमा आएर उद्यमशीलता प्रवर्द्धन गर्ने नीति निर्माणमा प्रत्यक्ष संलग्न हुन प्रेरित गर्छौं । साथै, उद्यमीहरुको राजनीतिक सहभागिता निर्विवाद र सम्मानित बनाउन, नीतिगत भ्रष्टाचार र स्वार्थ-बझान नहुने निश्चित गर्न आवश्यक नीति तथा कानून बनाउने छौं ।

रोजगारी तथा स्वरोजगारका पर्याप्त अवसर उपलब्ध हुने गरी समग्र समाजलाई उद्यमशील बनाउन पार्टी प्रयत्नशील रहनेछ। अर्थतन्त्रलाई विनिमय कारोबारमा सीमित नराखी उत्पादनशील र रोजगारमुखी बनाइनेछ ।

नागरिकलाई दिगो, अर्थपूर्ण र मर्यादित आर्थिक क्रियाकलापमा संलग्न गराई पाँच वर्षभित्रै चरम गरिबी अनुपातलाई एकल अङ्कमा झारिनेछ । नेपाललाई एक दशकमा मध्यम आय वर्गको मुलुकको श्रेणीमा उकालिनेछ ।

विद्यालय तहदेखि सूचना–प्रविधि शिक्षा एवं व्यावसायिक सीपमुलक तालिम प्रदान गरी ज्ञानमा आधारित अर्थतन्त्र निर्माण गरिनेछ । स्वास्थ्य, पोषण, शिक्षा र सामाजिक सुरक्षाको प्रभावकारी प्रवन्ध गरी उच्च उत्पादकत्व भएका जनशक्तिको विकास गरिनेछ । यस किसिमको अवसरमा सबैको समान पहुँच सुनिश्चित गरिनेछ । यसबाट उत्पादनशीलतामा थप वृद्धि भई उद्योग व्यवसाय सञ्चालन लागत घट्ने छ र रोजगारी अवसर सिर्जनाका लागि अनुकुल वातावरण बन्नेछ ।

श्रम बजारमा प्रवेश गर्ने प्रत्येकलाई रोजगारी अवसर उपलब्ध हुने गरी जनशक्ति आपूर्ति तथा माग पक्षमा तालमेल मिलाइनेछ । वैदेशिक रोजगार बाध्यताभन्दा चयनको विषय हुनेछ । वैदेशिक रोजगारीका लाभ र हानीका बारेमा युवालाई सचेत गराई उच्च आम्दानी र मर्यादित कामका लागि मात्र बाहिरिने वातावरण निर्माण गरिनेछ । वैदेशिक रोजगारीसँग जोडिएका जालसाँजी¸ ठगीलाई नियन्त्रण गरिनेछ ।

खेतबारीमा काम गर्ने, कारखानामा काम गर्ने वा कार्यालयमा काम गर्ने श्रमिकका लागि न्यायोचित व्यवहार गर्ने, उत्पादकत्वसँग ज्यालालाई आवध्द गर्ने पार्टीको नीति हुनेछ । पार्टीले सामूहिक सौदाबाजी गर्ने श्रमिक अधिकारको रक्षा गर्नेछ । पुँजी र श्रमको हितलाई समन्वय गर्ने विषयमा पार्टीले स्पष्ट दृष्टिकोणका साथ नीतिनियम तर्जुमा गर्ने र कडाइका साथ लागु गर्नेछ।

रोजगारीका अवसर तथा पारिश्रमिकका सम्बन्धमा लैंगिक तथा अन्य किसिमका विभेदको अन्त्य गरिनेछ । परम्परागत तथा विशिष्ट सीप भएका व्यक्तिलाई श्रम बजारको मुलप्रवाहमा ल्याईनेछ ।

### ३.७ गतिशील अर्थतन्त्र

आर्थिक रुपमा गतिशील र सम्पन्न नेपाल सबै नागरिकको सामूहिक प्रयास र संलग्नताबाट मात्र सम्भव छ। सम्पन्नता गन्तव्य नभई गतिशील यात्रा हो भन्ने पनि हामीले हेक्का राख्नुपर्छ । नागरिकको स्वतन्त्रता, सक्षमता र सबलीकरण गर्ने विकास उद्देश्य हासिल गर्न पुँजी संग्रह र आर्थिक वृद्धिलाई साधन बनाइनेछ ।त्यसैले पार्टीका कार्यक्रमहरु प्रत्येक नागरिकलाई पेशा व्यवसाय मार्फत अर्थोपार्जन गर्न सक्षम बनाउने तर्फ केन्द्रीत हुनेछ।

राष्ट्रलाई अग्रसर बनाउने माध्यम गतिशील अर्थतन्त्र हो । व्यावसायिक सुरक्षाको प्रत्याभुति महत्वपूर्ण कार्य हो। नेपालको भूबनोट ऊर्जा, कृषि र पर्यटनका लागि अनुकुल छ । यी क्षेत्रको विकासका साथै सूचना प्रविधिको पनि उपयोग गरी ठूलो आर्थिक सम्भावनालाई यथार्थमा रुपान्तरण गर्न सकिन्छ ।

सिन्डिकेट कार्टेलिग जस्ता गैर प्रतिस्पर्धी क्रियाकलापलाई दण्डित गरी प्रतिस्पर्धालाई प्रोत्साहन गरिनेछ ।"सबैसँग इलम, सबै उद्यमी" भन्ने गतिशील सन्देशलाई साकार पार्न नवप्रवर्तन तथा स्टार्टअपका लागि आवश्यक स्वचालित प्रणाली विकास गरिनेछ।

### ३.७.१ उद्योग व्यवसाय

उद्योग व्यवसाय स्थापना र विस्तारका लागि आवश्यक हुने वित्तीय स्रोत तथा ससाना बचत परिचालन हुने विश्वसनीय संयन्त्रका रुपमा पुँजी बजारलाई विकास गरिनेछ ।आफ्नो बचतमा उच्चतम प्रतिफल हासिल गर्न खोज्ने ससाना लगानीकर्ता र ठुल्ठूला व्यावसायिक परियोजनाका लागि पुँजी जुटाउन खोज्ने उद्यमी दुवै पक्षको जित हुने गरी पुँजी बजारको विकास गर्न नीतिगत संस्थागत तथा प्राविधिक सुधारमा जोड दिइनेछ ।

व्यावसायिक सम्पर्क तथा आवागमनसँग सम्बन्धित पूर्वाधार (सडक यातायात, हवाई यातायात, ऊर्जा र सञ्चार)मा स्वदेशी तथा विदेशी लगानीलाई आकर्षित गरिनेछ । यस्ता पूर्वाधारको विकासमार्फत उत्पादन लागत घटाइनेछ भने लगानीलाई विकर्षित गर्ने झन्झटिला निमय, संस्थागत तथा प्रक्रियागत वाधाहरू हटाइनेछ।

स्थानीय कच्चा पदार्थमा आधारित औद्योगिकरणलाई प्राथमिकता दिइनेछ ।स्थान अनुकुल हुने गरी मुलुकको सबै भूभागमा औद्योगिक वितरणलाई प्रोत्साहित गरिनेछ।

विदेशी मुद्रा आर्जनको भरपर्दो स्रोत बन्न सक्ने उच्च सम्भावना रहेको सफ्टवेयर क्षेत्रको लागि व्यावहारिक रणनीति बनाई डिजिटल रूपान्तरण गरिनेछ । विघटनकारी प्रविधिहरू (एआई, ब्लकचेन, ई-कमर्स) लाई अँगालिनेछ ।व्यावसायिक तथा प्राविधिक शिक्षालयहरूको स्तरोन्नतिमा जोड दिइनेछ, सीपमूलक रोजगारीलाई प्रोत्साहित गरिनेछ ।

### ३.७.२ कृषि

कृषि अझैपनि बहुसंख्यक नेपालीको जीवन आधार हो । मुलुकको कुल गार्हस्थ्य उत्पादनमा कृषिले एक चौथाई योगदान गर्छ ।यी तथ्यका आधारमा गतिशील पार्टीले कृषिको आधुनिकीकरण, यान्त्रिकीकरण तथा व्यावसायीकरण गरी रोजगारी र खाद्य सुरक्षाको भरोसायोग्य क्षेत्र बनाउनेछ।

जमिनको स्वामित्व, व्यवस्थापनलाई सहज बनाई खेतीपातीलाई प्रोत्साहित गरिनेछ। सिँचाई, बिउबिजन, औजार, वित्तपोषण र बजार सुविधाका लागि प्रभावकारी सघन कार्यक्रम लागु गरिनेछ । बिऊबिजन, मल, कृषि सामग्री, औजार कर्जा, उत्पादन, भण्डारण, प्रशोधन तथा बजारीकरणका विभिन्न

चरणमा रहेका व्यवधानलाई हटाउने यसको उद्देश्य हुनेछ । यसबाट कृषि उत्पादन, उत्पादकत्व तथा प्रतिस्पर्धी क्षमता बढाउन मदत मिल्नेछ ।

ग्रामीण जीवनको लयलाई नबिगारी उत्पादन वृद्धिका लागि आवश्यक सामग्री र किसानको मनोबल उकास्ने कार्यलाई पार्टीले प्रोत्साहन गर्नेछ ।

समुदायको अग्रसरतामा हुने खेतीपाती, पशुपालन लगायतका कृषि सम्बन्धी क्रियाकलापलाई पार्टीले प्रोत्साहित गर्नेछ । सरकारले त्यस्ता पहलहरुमा सहायता गर्नुपर्ने भएमा उत्पादनमा आधारित सहायतालाई प्राथमिकता दिने गरी नीति तथा कार्यक्रम तर्जुमा गरिनेछ।

उत्पादन लागत घटाएर गरी कृषि व्यवसायलाई सहायता पुर्याउन सडक, ऊर्जा, सिंचाई लगायतका पूर्वाधार तथा प्रविधि विकासमा सरकारले प्रभावकारी भूमिका खेल्नेछ ।

खेतीयोग्य तथा बाँझो जमिनको उच्चतम उपयोग गर्ने गरी भू-उपयोग नीतिलाई कार्यान्वयनमा ल्याइनेछ । कृषि भूमिको खण्डीकरण तथा गैरकृषिमा प्रयोगलाई निरुत्साहित गरिनेछ। जलवायु परिवर्तन अनुकूल उत्थानशील उत्पादन प्रणालीमा जोड दिइनेछ।

प्राकृतिक प्रकोप तथा वन्यजन्तुको आक्रमणबाट कृषि उत्पादनको सुरक्षा गर्न सरकार क्रियाशील रहनेछ ।कृषि उपज संकलन केन्द्र, चिस्यान केन्द्र, प्रशोधन केन्द्र, गोदाम घरको व्यवस्था गर्ने समुदायको पहललाई सरकारले सहजीकरण गर्नेछ ।

कृषि क्षेत्रमा अध्ययन-अनुसन्धान र नवप्रवर्तनको लागि आवश्यक स्रोत, प्रविधि, जनशक्तिको पर्याप्तता सुनिश्चित गरिनेछ। दक्ष तथा कुशल युवाको आकर्षण वृद्धि गर्ने किसिमका कार्यक्रम सञ्चालन गरिनेछ।

कृषिमा सहज कर्जा तथा बिमा सुविधाको व्यवस्था गरिनेछ।क्रमिक रुपमा जैवीक खेती तर्फ जाने र प्राङ्गारिक मल उत्पादन तथा प्रयोगमा जोड दिइनेछ।तत्कालका लागि किसानले समयमै रासायनिक मल नपाउने दीर्घकालदेखिको आपूर्ति समस्या समाधान गर्न आवश्यक पहल गरिनेछ।

अहिले देशैभरि "गाउँ रित्तियो", "गाउँको जमिन बाँझो रह्यो" भन्ने चर्चा छ ।विशेषगरी पहाडी क्षेत्रका गाउँ बस्तीका खेतियोग्य जमिनहरू अहिले बाँझो छन्। त्यसरी बाँझो बनेका जमिनमा बाँस, खयर लगायतका मूल्यवान तथा उपोगी काठ उत्पादन हुने विरुवा लगाउने हे भने त्यसले केही वर्षपछि आर्थिक लाभ दिन सक्छ। यस किसिमका वैकल्पिक कृषि कर्मको पहिचान गरी बसाई सर्ने र बाँझो राख्नेलाई समेत कृषि कर्ममा फर्काउन सकिन्छ। त्यसलाई प्रोत्साहन गर्ने नीति लिइनेछ।

जैविक खेती, एग्रो–फोरेस्ट्री र माटो संरक्षण प्रविधि लागू गरिनेछ। रासायनिक मल र कीटनाशकको प्रयोग घटाई दिगो खेती प्रवर्द्धन गरिनेछ।कृषिमा रैथाने ज्ञान र स्थानीय बीउ प्रवर्द्धनलाई प्राथमिकतामा राखिनेछ । स्थानीय समुदायको, खाद्य आत्मनिर्भरता बढाउने नीति लिइनेछ।

## गतिशील कृषि उद्यमको मार्गचित्र

नेपालको आर्थिक समृद्धिको मेरुदण्ड कृषि क्षेत्र हो। दुई तिहाइभन्दा बढी नेपालीको जीविकोपार्जन यही क्षेत्रमा निर्भर छ ।अर्थतन्त्रमा एक चौंथाई योगदान कृषिबाटै हुन्छ । तर न्युन उत्पादकत्व, बजार तथा प्रविधिको अभावका कारण किसानले आफ्नो मेहनतको उचित मूल्य पाएका छैनन्। यस्तो किन भइरहेको छ र यसलाई कसरी समाधान गर्न सकिन्छ भन्ने बारेमा हाम्रो आफ्नै अनुभवका आधारमा गतिशील लोकतान्त्रिक पार्टीले कृषि विकासको अवधारणालाई अगाडी सारेको छ ।

### विद्यमान चुनौती

बीउ, मल, सिँचाइ, प्रविधि र बजार व्यवस्थापनको कमी; जग्गाको खण्डीकरण; प्रभावहीन कृषि नीति र युवा वर्गको खेतीप्रतिको घट्दो रुचिले गर्दा कृषि उत्पादन तथा उत्पादकत्व बढ्न सकेको छैन। किसानले पसिनाको मूल्य पाएका छैनन्। छोटकरीमा, यही नै कृषि क्षेत्रको अहिलेको सबैभन्दा ठूलो चुनौती हो। किसानलाई समृद्ध बनाउन, दिगो रोजगारी सिर्जना गर्न, अर्बौंको खाद्य आयात प्रतिस्थापन गर्न र राजस्व बढाउन कृषिको औद्योगीकरण आवश्यक छ किसानलाई उद्यमी बनाउनै पर्छ ।

### डेढ दशकको अनुभवले दिएको समाधान

मोरङस्थित आरजु राइस मिलले ४ टन क्षमताको प्रशोधन संयन्त्र सञ्चालन गर्दै हाल तीन हजार बिघा क्षेत्रका किसानसँग प्रत्यक्ष सहकार्य गर्दै आएको छ। किसानले उत्पादन गरेको धानको खरिद, संकलन, प्रशोधन र ४८ घण्टाभित्र भुक्तानी हुने प्रणालीले उनीहरूको मनोबल र आम्दानी दुवै बढाएको छ। हाल मधेश प्रदेशबाट मात्र करिब ३० करोड रुपैयाँ बराबरको धान खरिद गरिएको छ।

गत १५ वर्षको अनुभवमा हामीले हाम्रो क्षेत्रमा किसान र निजी क्षेत्रबीच सहकार्य गरेर धान उत्पादन, प्रशोधन र बजार व्यवस्थापनमा उल्लेखनीय सुधार ल्याएका छौं। अब यो मोडेललाई मकै, तोरी र पशुपालनसम्म विस्तार गरी बहु-बाली खेतीको प्रणालीमा रूपान्तरण गरिँदैछ, जसले किसानलाई वार्षिक स्थायी आय सुनिश्चित गर्नेछ।

### कसरी पाउँछन् किसानले प्रत्यक्ष फाइदा ?

"गतिशील कृषि" मोडेलमा सहभागी किसानहरूको धान ३० प्रतिशत र मकैमा ४० देखि ५० प्रतिशतसम्म उत्पादन वृद्धि भएको छ। एक बिघा जमिनबाट वार्षिक आम्दानी २५ देखि ४० प्रतिशतसम्म बढेको छ। यदि किसानले वर्षमा धान, मकै र तोरी जस्ता बहुफसली खेती अपनाए भने प्रति बिघा दुई लाख रुपैयाँ बराबरको बाली उत्पादन हुने सम्भव देखिएको छ।

हाम्रो नयाँ अवधारणाअनुसार किसान पनि मिलका सेयरधनी हुनेछन्। प्रस्तावित १६ मेट्रिक टन क्षमताको आधुनिक राइस मिल १५,००० बिघा सहकारी खेतीमा आधारित हुनेछ। प्रत्येक बिघाका लागि किसानले करिब २ लाख ८० हजार रुपैयाँसम्म लगानी गर्नुपर्नेछ, जसबाट उनीहरूलाई प्रति वर्ष झन्डै ५० हजार रुपैयाँ नाफा हुने अनुमान गरिएको छ।

### किसानको होस्टेमा हैंसे

यस प्रणालीमा समयमै बीउ, मल र सिँचाइ उपलब्ध गराउनु पर्ने हुन्छ। बाली बीमा, सहज कर्जा, बजार सुनिश्चितता र डिजिटल भुक्तानी प्रणालीले किसानको जोखिम घटाउनेछ। किसानले आफ्नो उत्पादनका लागि आफैं बजार खोज्नु पर्दैन। उनीहरूको उत्पादन सिधै मिलले खरिद गर्छ र ४८ घण्टाभित्र किसानले भुक्तानी पनि हुन्छ ।

प्रारम्भमा सानो क्षेत्रमा पाइलट रूपमा लागू गरी सिकाइका आधारमा क्रमिक रूपमा क्षेत्र र आकार विस्तार गरिनेछ। यसका लागि सरकारको सहयोग निर्णायक हुने भएकाले परियोजनाको पुँजी लगानीका लागि लिइने ऋणको ब्याजदरमा अनुदान प्रदान गर्नुपर्ने हुन्छ । सरकारको ग्यारेन्टीका आधारमा बैंकहरूले ऋण दिने छन् । साथै, ग्रामीण सडक, विश्वासिलो विद्युत् सञ्जाल, सिँचाइ प्रणालीजस्ता पूर्वाधारमा सरकारबाट पूरक लगानी गरिनेछ। कृषि प्रशोधनका लागि नीति स्थिरता, सरलीकृत नियमावली, कर छुट, र गोदामजस्ता आवश्यक संरचनामा अनुदानको व्यवस्था गरिनेछ।

यस मोडेललाई आलु, प्याज, फलफूल र मासुजन्य अन्य कृषि उद्यममा पनि क्रमशः विस्तार गर्न सकिन्छ । यो मोडेल केवल खेती होइन, साझा लगानी, सीप र विश्वासमा आधारित एक सहकारी उद्यम हो। यसले किसानलाई आत्मनिर्भर मात्र होइन, गर्विलो उद्यमी बनाउनेछ। जब किसानलाई मालिकको भूमिकामा ल्याइन्छ, तब गाउँमा रोजगारी, आम्दानी र आत्मसम्मान एकसाथ बढ्छ।

### स्थानीय सरकारको भूमिका

वडा अध्यक्षको पहलमा वडा अनि पालिकाको सम्पूर्ण कृषियोग्य जमिनमा एकै प्रकारको फसल न्यूनतम समर्थन मूल्य तोकी अधिकतम उत्पादन गराउन सकिन्छ । तर फसलको न्यूनतम समर्थन मूल्य तोक्न प्रारम्भिक उद्योग स्थापना गर्नै पर्छ । त्यसकारण यस प्रकारको फसलको प्रारम्भिक उद्योग (धानका लागि राइस मिल, मकैका लागि दाना उद्योग, तोरीका लागि तेल मिल) स्थापना हुने गरी उत्पादन हुनुपर्दछ । यसैगरी शित भण्डारण स्थापना गर्न आवश्यकता अनुसारको स्याउ वा आलु उत्पादन हुनुपर्दछ ।

यस प्रकारको मिल स्थापना गर्न सरकारले जमिनको स्वामित्वको आधारमा ६ वर्षे ऋण व्यवस्थापन गर्न सक्छ । जस्तै ३० करोडको मिलको कच्चा पदार्थ १००० बिगाहबाट उत्पादन हुन्छ भने प्रति बिगाह तीन लाख रुपैयाँको ऋण हुनेछ । यो सावा ६ वर्षको कृषि र मिलको आफ्नो भागको आम्दानीबाट चुक्ता गरिनेछ र ब्याज सरकारले बेहोर्ने छ ।

कृषिजन्य उत्पादनको बजार व्यवस्थापनको लागि टोलटोलको किराना पसल र खुद्रा पसललाई वडा अन्तर्गत अनुबन्ध गरिनेछ र उधारोमा ल्याएको सामग्री बिक्री गरेर समयमै उत्पादकलाई नतिरेको अवस्थामा नियम अनुसार तिराउने व्यवस्था गर्न सकिन्छ ।

अर्काको जग्गामा खेतीपाती गर्ने किसानको लागि– जग्गाधनी र जग्गा भाडामा लिने किसानको बीचमा सम्झौताको लागि कानुनी व्यवस्था पनि सरकारले गर्न सक्छ ।

### कृषि उद्यमीहरू कसरी सहभागी हुन सक्छन् ?

हामीले प्रारम्भिक चरणमा ५ राइस मिल सञ्चालन गर्ने योजना बनाएका छौं र सिकाइका आधारमा देशका १५ स्थानमा विस्तार गरिनेछ। यसमा उपकरण भाडा सेवा, बीउ र मल आपूर्ति, फिड र कम्पोस्ट उत्पादन, र प्रशोधन व्यवस्थापनमा निजी उद्यमीले लगानी गर्न सक्नेछन्।

### राष्ट्रिय अर्थतन्त्रमा योगदान

हाम्रो योजना अनुसार १५ मिल सञ्चालन हुँदा लगभग २ लाख ३० हजार बिघा खेती प्रणालीगत रूपमा जोडिनेछ, १५,५०० रोजगारी सिर्जना हुनेछ र करिब ७० अर्ब रुपैयाँको आयात प्रतिस्थापन सम्भव हुनेछ।यसलाई राष्ट्रिय स्तरमा विस्तार गर्न सकिन्छ ।

### हाम्रो प्रतिबद्धता

हाम्रा प्रस्ताव र तथ्यांक कोरा कल्पना होइनन् । यी १५ वर्षको व्यावहारिक अनुभवका प्रमाण हुन्। गतिशील लोकतान्त्रिक पार्टीमा नेपालले कृषिलाई आत्मनिर्भर, सम्मानित र आधुनिक उद्यमको रूप दिने दृढ संकल्प गरेको छ ।

यस अनुसार गतिशील पार्टी कृषिलाई रोजगारी र उद्यमको प्रमुख क्षेत्रका रूपमा स्थापित गर्न प्रतिबद्ध हुनेछ । स्थानीय सरकारलाई कृषि विकासका कार्यान्वयन निकायका रूपमा सशक्त बनाउनेछ । ग्रामीण सडक, सिँचाइ, ऊर्जा र डिजिटल पूर्वाधारमा लगानी बढाउनेछ । स्वदेशी बीउ, मल र प्रविधि विकासमा प्राथमिकता दिनेछ। महिलालाई कृषि उद्यममा समान अवसर दिलाउनेछ ।

पार्टीले बाँझो जमिन उपयोगमा ल्याई उत्पादनशील बनाउन अनुकुल वातावरण निर्माण गर्नेछ। जलवायु अनुकुलन हुने गरी जैविक खेतीलाई नीतिगत स्तरमा प्राथमिकता राख्नेछ । न्यूनतम समर्थन मूल्य र बजार सुनिश्चिततामार्फत किसानको जोखिम घटाउनेछ।

गतिशील लोकतान्त्रिक पार्टीले यसलाई "गतिशील कृषि" अभियानका रुपमा सञ्चालन गर्नुपर्छ भन्ने मेरो प्रस्ताव हो । यसले कृषिलाई आत्मनिर्भर र उद्यममुखी बनाउनेछ । विगत १५ वर्षदेखि मोरङ र झापा जिल्लाका किसानहरूसँग सहकार्य गर्दै धान, मकै र तोरीको मूल्य शृंखला सुधार्ने सफल अभ्यासबाट कृषि नै रोजगारी र समृद्धिको मूल स्रोत बन्न सक्छ भन्ने मेरो विश्वास हो । यसका लागि किसान, निजी क्षेत्र र सरकारले हातेमालो गर्न आवश्यक छ।

गतिशील कृषि र उद्यमशील किसानको अभियानलाई पार्टी सरकारमा गएपछि राष्ट्रव्यापी बनाउने छ नै सरकारबाहिर रहँदा पनि यो अभियानका पक्षमा नीतिगत पैरवी गरिरहने छ। समुदायको स्तरमा हाम्रो सफल अभियानलाई अझै व्यापक र विस्तार बनाउन हामी खटिइनै रहने छौं ।

### ३.७.३ पर्यटन

उच्च सम्भावना भएर पनि मुलुकको पर्यटन क्षेत्रले अपेक्षित गति लिन सकेको छैन् । वैदेशिक मुद्रा आर्जन रोजगारी सिर्जना तथा कुल गार्हस्थ्य उत्पादनमा पर्यटन क्षेत्रबाट जति योगदान हुन सक्थ्यो त्यति हुन सकेको छैन। तसर्थ पर्यटन क्षेत्रमा रहेको उच्च सम्भावनालाई पुँजीकृत गर्ने गरी गतिशील पार्टीले नीतिगत तथा संस्थागत व्यवस्था गर्नुका साथै सो अनुरुपका गतिविध सञ्चालन गर्नेछ ।

वाह्य तथा आन्तरिक पर्यटन प्रवर्द्धन गरी यसलाई आर्थिक विकासको मुल आधार मध्य एक बनाइनेछ। यसका लागि पर्यटनसँग जोडिएका नीतिगत तथा संस्थागत वाधा हटाउने, यातायात तथा आवास पूर्वाधार विकासमा जोड दिने र निजी क्षेत्रलाई प्रोत्साहित गर्ने कार्यलाई प्राथमिकता दिइनेछ।

दिगो तथा समुदायमा आधारित पर्यटन, वन तथा वन्यजन्तु, प्राकृतिक तथा ऐतिहासिक सम्पदा केन्द्रित पर्यटनको विकासलाई जोड दिइनेछ। साहसिक तथा मनोरञ्जन एवं स्वास्थ्य पर्यटनको प्रवर्द्धन गरिनेछ। होम स्टेको प्रवर्द्धन मार्फत समुदायलाई लाभ पुऱ्याईनेछ।

प्रति वर्ष विदेशी पर्यटकको आवागमन संख्या २० लाख पुऱ्याउने, पर्यटकको बसाई अवधि बढाउने, पर्यटकले प्रतिदिन गर्ने खर्च बढाउने लगायतका लक्ष्य हासिल गर्ने गरी कार्यक्रम सञ्चालन गरिनेछ।

एक पटक नेपाल घुमेका विश्वभरिका पर्यटकले नेपालको आतिथ्य सत्कार र भावनात्मक रूपमा नेपालीहरूले उनीहरूलाई गर्ने व्यवहारप्रति कृतज्ञता व्यक्त गर्ने गरेका छन्। हामीले त्यसको लाभ उठाउनु पर्छ । त्यस्ता पर्यटकलाई पर्यटन दूतका रुपमा उपयोग गर्ने गरी विश्वभर प्रचार प्रसार गर्न सकिन्छ ।

**पर्यटनमार्फत आर्थिक क्रान्तिको गतिशील मार्गचित्र**

गतिशील लोकतान्त्रिक पार्टीले “हरेक पुस्ताको जिम्मेवारी नवयुवाको लागि दीगो रोजगारी” भन्ने नारालाई आत्मसात् गर्दै आर्थिक रूपान्तरणका लागि उद्यमशीलता–समता–सुशासनको नीति अघि सारेको छ। यो नीतिको केन्द्रमा पर्यटन–कृषि–ऊर्जा–सूचना तथा सञ्चार प्रविधिलाई रूपान्तरणका वाहकका रुपमा राखिएको छ । यसमा स्वास्थ्य, शिक्षा, स्थानीय शासन र डिजिटलाइजेसन सहयोगी भूमिकामा हुन्छन्।

**दश वर्षको लक्ष्य**

गतिशील पार्टीको भिजन "नेपाल पर्यटन २०३५" ले यिनै आधारमा पर्यटनमार्फत अबको आर्थिक क्रान्तिको खाका कोरेको छ। यो भिजन अनुसार दस वर्षमा अहिलेभन्दा ५ गुणा बढी पर्यटक भित्र्याएर ६० लाख पुर्याउने, ३० लाखभन्दा बढी मर्यादित र उच्च आय हुने रोजगारी सिर्जना गर्ने, अर्थतन्त्रमा १२ खर्ब २० अर्ब रुपैयाँ बराबरको योगदान दिने र २१ खर्ब रुपैयाँ बराबरको लगानी गर्ने लक्ष्य राखिएको छ।

पर्यटनमय देशको परिकल्पनालाई साकार पार्नलाई हामीले हवाईसेवा, स्थलमार्ग, आवास र सीपयुक्त जनशक्ति विकासमा जोड दिएका छौं।

### विमानस्थलहरुको अधिकतम उपयोग

हवाईसेवा तर्फ राष्ट्रिय तथा अन्तरार्ष्ट्रिय उडानका लागि उपलब्ध सबै विमानस्थलको अधिकतम उपयोग गर्ने, नेपाल वायुसेवा निगमको पुनर्संरचना गर्ने र विमान खरिद गर्ने ठोस योजना बनाएका छौं। गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट हरेक घण्टा ६ वटा अन्तरमहादेशीय उडान सम्भव हुने देखिएको छ। यो विमानस्थलले पश्चिममा लसएन्जलस, टोरन्टोदेखि पूर्वमा टोकियोसम्म सोझै जोड्न सक्छ। यसले नेपाललाई संसारसँग जोडिएको देश बनाउँछ। यसले पर्यटन मात्र होइन व्यापार, लगानी र कूटनीतिलाई पनि बलियो बनाउँछ।

यसैगरी त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थललाई आन्तरिक र मध्यपूर्व, सार्क तथा आसियान मुलुकका गन्तव्य जोड्ने गरी क्षेत्रीय उडानको हब बनाउनुपर्छ । यो विमानस्थलमार्फत ए३२०/ए३२१ विमानले काठमाडौंलाई एसिया र अन्य मुलुकसँग जोड्नेछ।

पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल ए३१९ विमान सञ्चालनका लागि उपयुक्त छ। यसलाई पनि सार्क र आसियान मुलुक उडान गर्ने क्षेत्रीय हब बनाउन सकिन्छ।

आन्तरिक उडाननर्फ ट्विनअटर विमानले सबै प्रादेशिक राजधानीलाई जोड्नेछ। दुर्गम क्षेत्रमा विश्वसनीय हवाई सेवा पहुँचले पर्यटन, व्यापार र समावेशितालाई प्रवर्द्धन गर्नेछ।

समग्र उड्डयन क्षेत्रका लागि आवश्यक दक्ष जनशक्तीको विकास महत्वपूर्ण विषय हो। यसका लागि दाङमा उडान तालिम तथा प्राविधिक केन्द्र स्थापना गर्ने सोच हामीले बनाएका छौं। यसले कुशल पाइलट, सहयोगी उडानकर्मी, इन्जिनियर र हवाई सेवा सम्बद्ध अन्य पेशाकर्मी विकासमा योगदान गर्नेछ।

### नेपाल वायुसेवा निगमको पुनर्संरचना

नेपाल वायुसेवा निगम (एनएसी) लाई आधुनिक, चुस्त र नाफामूलक हवाइसेवा प्रदायक बनाउने हाम्रो योजना छ। यसका लागि सर्वप्रथम निगमको स्वामित्वमा परिवर्तन गर्नुपर्छ ।परिवर्तित स्वामित्व संरचनामा ३० प्रतिशत नेपाल सरकार र ७० प्रतिशत संस्थागत तथा व्यक्तिगत नेपाली लगानीकर्ता

हुन्छन। तत्पश्चात निगमको व्यवस्थापनलाई व्यावसायिक र पारदर्शी बनाइनेछ। अन्तर्राष्ट्रिय अनुभव हासिल गरेको समूहलाई व्यवस्थापन करारमा दिन पनि सकिन्छ।

अबको दस वर्षपछि निगमले ५० वटा ए-३५०-१००० विमान सञ्चालन गर्नेछ । यसका लागि पहिलो ५ विमान अन्तर्राष्ट्रिय लिज फाइनान्स मोडालिटीमा खरिद गर्न २५ अर्ब रुपैयाँ आवश्यक हुन्छ। यही ढाँचामा अरु विमान पनि खरिद गरिनेछ। पर्याप्त विमान र सुधारिएको व्यवस्थापन मार्फत निगमले विश्वस्तरको सेवा दिनेछ। यसका उडान सुरक्षित, नियमित, विश्वसनीय र प्रतिस्पर्धी हुनेछन्।

**कालो सूचीबाट मुक्त नेपाल**

नेपाललाई युरोपियन युनियनको कालो सूचीबाट मुक्त गरी सबै नेपाली वायुसेवा कम्पनीलाई युरोप र अन्य अन्तर्राष्ट्रिय रुटमा पहुँच स्थापित गरिनेछ । सँगसँगै समग्र नेपाली उड्डयन क्षेत्रको छवि सुधार्ने काम गर्नुपर्छ ।उड्डयन क्षेत्रको सुधार बिना पर्यटन विकास कोरा कल्पना मात्र हुन्छ ।

**पर्यटनमा लगानी र लाभ**

पर्यटनसँग जोडिएका भौतिक पूर्वाधार र जनशक्ति विकासमा पर्याप्त लगानी गर्नुपर्छ तबमात्र उचित प्रतिफल पाउन सकिन्छ । हामीले गरेको पर्यटन क्षेत्रमा हुने लगानी र लाभको प्रक्षेपणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

| लगानीको क्षेत्र | लगानी (रुपैयाँ) | प्रतिफल/लाभ (१० वर्षपछि) |
|---|---|---|
| विमान (५० वाइडबडी जेट) | १२ खर्ब ६० अर्ब (लिज सम्झौता) | हवाई टिकट बिक्रीबाट ८ खर्ब ४० अर्ब |
| आवास (७५,००० शैय्या) | २ खर्ब ८० अर्ब | ५० लाख पर्यटकबाट ५ खर्ब ६० अर्ब |
| राजमार्ग स्तरोन्नति | ४ खर्ब २० अर्ब (३,००० किमी) | पर्यटन र व्यापारमा सहजीकरण |
| मानव संशाधन विकास | १ खर्ब ८२ अर्ब (४५ लाख तालिम) १ खर्ब ४० अर्ब (तालिम केन्द्र) | ३० लाखभन्दा बढी रोजगारी |
| खाद्यवस्तु उत्पादन | | वार्षिक २८ अर्ब रुपैयाँ बराबरको थप ६८,८५० मेट्रिक टन खाद्यवस्तु |

सरकार र निजी क्षेत्रको सहभागितामा उल्लिखित लगानी जुटाइनेछ भने लाभको वितरण पनि सोही अनुसार हुनेछ। यसबाट सबैभन्दा बढी लाभान्वित हालसम्म आर्थिक अवसरबाट वञ्चित रहदै आएको समुदाय र सर्वसाधारण हुनेछन् । यसले स्थानीय अर्थतन्त्रलाई चलायमान बनाउनेछ।

**नेपालको नयाँ पहिचान र नयाँ अनुभव**

विश्व पर्यटन बजारमा नेपालको पहिचानलाई नयाँ किसिमले प्रस्तुत गर्न सकेको खण्डमा मात्रै अधिक लाभ हासिल गर्न सकिन्छ। यसका लागि विश्व बजारमा पहिल्यैदेखि स्थापित प्राकृतिक, ऐतिहासिक तथा सांस्कृतिक सम्पदाका साथै नयाँ पर्यटकीय उत्पादनलाई पनि अगाडी सार्नुपर्छ ।

गतिशील पार्टीले पर्यटन लक्षित अभियानलाई "शिखरदेखि समथर भूमिः एउटै यात्रामा सारा संसार" भन्ने नाराका साथ नेपालको नयाँ पहिचान निर्माण गर्न खोजेको छ। यस अभियानमा पर्यटीकय हिसाबले नेपाल सुरक्षित तथा शान्त गन्तव्य हो, नेपालमा इमानदार आतिथ्यता प्राप्त हुन्छ भन्ने सन्देशलाई स्थापित गरिनेछ ।

यसैगरी नेपाललाई सभासम्मेलन, प्रदर्शनीका लागि उपयुक्त गन्तव्य हो भन्ने सन्देश प्रवाह हुनेछ। निरोग तथा पर्यापर्यटन केन्द्रको रूपमा पनि नेपाललाई प्रस्तुत गरिनेछ ।साहसिक खेलकुद, खाद्यपरिकार, आध्यात्मिक पर्यटन, होमस्टे, रिट्रिट लगायतका विविधताको अनुभव पर्यटकले पाउने छन्। पोखराको पुरानो विमानस्थललाई पर्यटकीय सम्पदाको रूपमा पुनर्विकास गरिनेछ।

पर्यटकहरुको आगमन, बसाई र बहिर्गमनलाई सहज र सुरक्षित बनाउन डिजिटल भिसालाई व्यापक बनाइनेछ, देशभर आतिथ्यता मापदण्ड लागु गरी सुरक्षा प्रत्याभुति प्रदान गरिनेछ।भारत–चीन–आसियान करिडोरमा पर्यटन प्रवर्द्धनलाई विशेष जोड दिइनेछ। पर्यटन प्रवर्द्धनका लागि अन्तर्राष्ट्रिय मिडिया तथा चर्चित व्यक्तिसँग साझेदारी पनि गरिनेछ।

**सर्वसाधारणलाई मनग्गे लाभ**

पर्यटनको विकासले समुदायमा जरो गाडेको हुनेछ। पर्यटक आगमनले सिर्जना गर्ने मागको आपूर्ति स्थानीय उत्पादनबाट हुनेछ । समुदायले उत्पादन गरेको खाद्यान्न, फलफूल, तरकारी, माछामासु लागायतका उत्पादन पर्यटकले खपत गर्ने छन्।

पर्यटन क्षेत्रमा स्थानीयले प्रत्यक्ष/अप्रत्यक्ष रोजगारीको अवसर पाउने छन् ।यसैगरी पर्यटनसँग प्रत्यक्ष र परोक्ष रुपमा जोडिएको कृषि, यातायात, हस्तकला जस्ता स्थानीय व्यवसायको प्रवर्द्धन हुनेछ । घरबास पर्यटनका रुपमा गति लिएको होमस्टे अझ विस्तार हुनेछ ।

यसरी गतिशील लोकतान्त्रिक पार्टीले नेपाल पर्यटन २०३५ मार्फत आर्थिक क्रान्तिको सपना साकार गर्नेछ। पार्टीको पहलकदमीमा उद्यमशीलता, समता र सुशासन मार्फत अबको १० वर्षमा ३० लाखभन्दा बढी मर्यादित रोजगारी सिर्जना हुनेछ । विमानस्थलको अधिकतम उपयोग, नेपाल वायु

सेवा निगमको पुनर्संरचना, स्थलमार्गको स्तरोन्नति, दिगो लगानी र स्थानीय समुदायको सहभागितालाई सुनिश्चित गरी नेपाललाई विश्वको अनुपम पर्यटकीय गन्तव्य बनाउन हामी सफल हुनेछौं।

नेपालको आर्थिक भविष्यलाई केवल परम्परागत आर्थिक मोडेलहरूमा सीमित राख्न हुदैन । अबको आवश्यकता भनेको गतिशील पार्टीले परिकल्पना गरेको जस्तो आर्थिक रूपान्तरणको महाअभियान हो । यो १० वर्षे आर्थिक रूपान्तरणको महाअभियान केवल महत्वाकांक्षी योजना मात्र नभई नेपालको अर्थतन्त्रलाई परनिर्भरताबाट मुक्त गरी आत्मनिर्भर, समृद्ध र विश्वसँग जोडिएको बनाउने स्पष्ट मार्गचित्र हो।

### ३.७.४ सार्वजनिक वित्त

सार्वजनिक वित्त (करदाताको पैसा) लाई अत्यावश्यक बाहेक अनुत्पादनशील गतिविधिमा खर्च गरिने छैन। राजस्वको ठूलो हिस्सा (झण्डै ८० प्रतिशत) उपभोगमा खर्च हुने विद्यमान परिपाटीलाई बदलिने छ ।

आयातमा अडिएको राजस्वको स्रोतलाई अन्य क्षेत्रमा फराकिलो पारिनेछ। प्रत्यक्ष र प्रगतिशील कर नीति अवलम्बन गरिनेछ। राजस्वले सहजै धान्ने बनाउन चालु खर्चमा नियन्त्रण गरिनेछ । चालु खर्चमा मितव्ययिता अपनाई पुँजीगत खर्चका लागि वैदेशिक ऋण तथा सहायताको निर्भरता घटाइनेछ। उच्च दरको प्रतिफलयुक्त परियोजनाका लागि मात्र विदेशी ऋण लिइनेछ।

सर्वसाधारणको दैनिक जीवनयापनलाई कष्टकर बनाउने महँगी नियन्त्रणलाई सरकारको मुख्य प्राथमिकतामा राखिनेछ । महँगी नियन्त्रणका लागि माग तथा आपूर्ति दुवै तर्फका उपायहरु अवलम्बन गरिनेछ। यसका लागि आयातमुखी अर्थतन्त्रलाई उत्पादनमुखी बनाईनेछ भने मुलुकको आर्थिक गतिविधिलाई अन्तर्राष्ट्रिय व्यापार सञ्जालमा सघन रुपमा आवध्द बनाइनेछ।

### ३.७.५ विप्रेषण

कुल गार्हस्थ्य उत्पादनको झण्डै एक तिहाई पुगेको विप्रेषणको नकारात्मक पक्षका बारेमा पार्टी जानकार छ । यसले शासकलाई गैर जिम्मेवार र नागरिकलाई परनिर्भर बनाएको छ । सँगसँगै घरेलु अर्थतन्त्रलाई खोक्रो बनाएको छ। यस किसिमको विसंगति हटाउन र विप्रेषणमा निर्भरता घटाउन स्वदेशमा सम्मानजनक र दिगो रोजगारी सुनिश्चित गर्ने गरी श्रमको आपूर्ति र माग पक्षमा सुधार गरिनेछ।

विप्रेषणका सकारात्मक प्रभावका रुपमा रहेको व्यक्तिको सामाजिक र आर्थिकस्तर उकास्ने, विकास र शिक्षाको जागरण ल्याउने र नेपालको मानव विकास सूचकलाई माथि लैजाने पक्षलाई ध्यानमा राखी

विप्रेषणलाई उत्पादनमूलक क्षेत्रमा परिचालन गर्ने र वैदेशिक रोजगारीमा गएर फर्किएकाहरूको ज्ञान, सीप अनि पुँजीलाई उपयोग गर्ने स्पष्ट खाका कोरिनेछ।

विप्रेषणबारे तात्कालीन र दिर्घकालीन दुवै नीतिहरू तर्जुमा गरी योजनाबद्ध रूपमा विप्रेषण आयलाई उत्पादनशील क्षेत्रमा उपयोग गर्नुका साथै त्यसमाथिको निर्भरतालाई घटाइनेछ।

### ३.७.६ वित्त बजार

दक्ष वित्त बजारले अर्थतन्त्रलाई चलायमान बनाउँछ।सकारात्मक दिशामा बढेको वित्त बजारले उत्पादन वृद्धि गर्छ, रोजगारी अवसर सिर्जना गर्छ र अर्थतन्त्रलाई सम्पन्न बनाउँछ।नकारात्मक दिशामा बढेको वित्त बजारले सम्पतिको मूल्य अस्वाभाविक रुपमा बढाउँछ, सट्टेबाजी कारोबार बढाउँछ र वित्तीय संकट निम्त्याउँछ। यो तथ्यलाई हेक्का राखेर गतिशील पार्टीले उत्पादन वृद्धि, रोजगारी सिर्जना अनुकुल हुनेगरी बैंकिग, बिमा तथा पुँजी बजारको सन्तुलित विकासका लागि नीतिगत परिमार्जन, संस्थागत सुदृढीकरण र नियामक तथा बजार सहभागीको विवेकसम्मत व्यवहारलाई प्रोत्साहित गर्नेछ।

वित्त बजारमा सरकार नियामकको भूमिकामा हुनेछ।बैंकिग, बिमा, धितोपत्र बजार तथा अन्य वित्तीय सेवाका सञ्चालक निजी क्षेत्र हुनेछ। नियामक, सेवा प्रदायक र सेवाग्राहीबिच स्वार्थ बझान हुने अवस्थालाई कम गरिनेछ।

नियामकले बजार प्रवर्द्धन नियमन तथा सुपरिवेक्षणमा ध्यानकेन्द्रीत गर्नेछ। सेवाप्रदायक सेवाको गुणस्तर बढाउने र नयाँ किसिमका सेवा प्रदान गर्नमा केन्द्रीत हुनेछन्।सेवाग्राहीले उपलब्ध स्रोत र अवसरको विवेकसम्मत उपयोग गर्ने छन। वित्तीय सेवाको माग सिर्जनामा जोड दिइनेछ।आपूर्ति बढाएर वित्तीय क्षेत्रमा स्रोत थुपार्ने प्रवृत्तिलाई निरुत्साहित गरिनेछ।

वित्त बजारका तीनै अंग बैंकिग, बिमा र धितोपत्र बजारमा पारदर्शीता तथा संस्थागत सुशासन कायम गर्ने नीतिगत व्यवस्था पार्टीले गर्नेछ ।

सहकारी अभियानलाई वित्तीय कारोबारभन्दा उत्पादनशील, सीपमूलक, सेवामूलक र रोजगारीमूलक गतिविधिमा केन्द्रीत हुन प्रोत्साहित गरिनेछ ।सहकारी संस्थाहरु आफ्नो मूल सिद्धान्तमा अडिग हुने छन् । बैंक तथा वित्तीय संस्थाको नक्कल गरी उनीहरुले गर्ने जस्तो काम सहकारीले गर्ने छैनन् । सहकारीको सूचना व्यवस्थापन प्रणालीलाई सुदृढ बनाइनेछ ।

नेपाल राष्ट्र बैंक, बिमा प्राधिकरण, नेपाल धितोपत्र बोर्ड, राष्ट्रिय सहकारी नियमन प्राधिकरण लगायतका नियामक निकायलाई साँचो अर्थमा स्वायत्त बनाईनेछ र ति निकाय मार्फत उपभोक्ताको अधिकार रक्षा गरिनेछ ।

### ३.७.८ विदेशी लगानी

कमजोर शान्ति सुव्यवस्था, भ्रष्टाचार, ढिलासुस्ती लगायतका गैर प्रणालीगत जोखिम उच्च रहेकाले नेपालमा विदेशी लगानी अपेक्षित रुपमा भित्रिन सकेको छैन। यस्ता बाधाहरु हटाएर नेपाललाई विदेशी लगानीको एक आकर्षक गन्तव्य बनाइनेछ।

ऋण तथा सहायतामा भन्दा प्रत्यक्ष विदेशी लगानीमा जोड दिइनेछ। छिमेकी मुलुकमा भित्रिरहेको विदेशी लगानी हाम्रोमा किन आएन भन्ने विषयको विस्तृत समीक्षा गरी तदनुकुल सुधारका कार्यक्रम लागु गरिनेछ ।विदेशी लगानी आकर्षित गर्न प्रभावकारी सूचना प्रणाली विकास गरिनेछ । प्रवर्द्धनात्मक कार्यक्रम गरिने छन् । पारदर्शीता कायम गरिनेछ तथा प्रशासनिक सहजीकरण गरिनेछ। देशमा सहजै पुँजी ल्याउन सकिने र सहजै प्रतिफल लैजान सकिने वातारण निर्माण गरी लगानीकर्तालाई लगानी सुरक्षाको प्रत्याभुति प्रदान गरिनेछ।

नेपालले वैदेशिक लगानी आकर्षित गर्ने तर शोषण र भ्रष्टाचार रोक्ने नीति लिनेछ। बलियो सुशासन र स्पष्ट नियमले लगानीकर्ताको विश्वास बढाउनेछ।

पर्यटन, कृषि, सूचना प्रविधि र नवीकरणीय ऊर्जा जस्ता प्रमुख क्षेत्रमा वैदेशिक लगानी आकर्षित गर्न पारदर्शी र पूर्वानुमानयोग्य नियमन प्रणाली लागू गरिनेछ।

वैदेशिक लगानीकर्तालाई व्यवसाय स्थापना गर्न प्रशासनिक झन्झट घटाई सरल र छिटो-छरितो कार्य सम्पन्न हुने प्रक्रिया स्थापना गरिनेछ; एकद्वार प्रणाली स्थापना गरी व्यवसाय गर्न सजिलो वातावरण सिर्जना गरिनेछ ।

रोजगारी सिर्जना गर्ने, निर्यात बढाउने र प्रविधि हस्तान्तरण गर्ने प्रभावकारी तथा रणनीतिक महत्वका क्षेत्रमा कर छुट तथा प्रोत्साहन प्रदान गरिनेछ।

पूर्वाधार, कृषि-प्रशोधन र डिजिटल सेवालाई आधुनिकीकरण गर्न नेपाली उद्यम र विदेशी कम्पनीबीच संयुक्त लगानीलाई प्रोत्साहन गरिनेछ।

वैदेशिक लगानीकर्ताको अधिकार सुरक्षित गर्न बलियो कानुनी ढाँचा निर्माण गरिनेछ; विवाद समाधान र बौद्धिक सम्पत्ति संरक्षणलाई विशेष प्राथमिकता दिइनेछ।

विश्वस्तरीय सुविधासहितका विशेष आर्थिक क्षेत्र विकास गरी विश्वका ठूला कम्पनी भित्र्याइनेछ र स्थानीयस्तरमा रोजगारी सिर्जना गरिनेछ।

नवप्रवर्तन, प्राविधिक विशेषज्ञता र दिगो अभ्यासहरू नेपाल भित्र्याउने वैदेशिक लगानीलाई प्राथमिकता दिइनेछ।

कृषि-प्रशोधन, नवीकरणीय ऊर्जा र स्वास्थ्य सेवा जस्ता कम विकसित क्षेत्रमा लगानी भित्र्याई विप्रेषण र आयातमा निर्भरता घटाइनेछ।

विदेशी कम्पनीहरूलाई नेपाली स्टार्टअप र युवा नेतृत्वका उद्यमसँग साझेदारी गर्न प्रोत्साहित गरिनेछ; यसले सीप विकास र स्वदेशी उद्यमशीलता वृद्धि गर्नेछ।

## ३.८ पर्याप्त भौतिक पूर्वाधार

मुलुकको समग्र विकासमा पर्याप्त तथा गुणस्तरीय भौतिक पूर्वाधारको महत्त्वपूर्ण भूमिका रहन्छ। आर्थिक विकासका आधार भनेका यातायात, ऊर्जा, सिँचाइ, सञ्चार तथा सूचना प्रविधि क्षेत्रका पूर्वाधार हुन।यी सबै किसिमका पूर्वाधारको संरचना दिगो, गुणस्तरीय, हरित, उत्थानशील र समावेशी हुनुपर्छ भन्ने मान्यता गतिशील पार्टीको छ ।

औचित्यका आधारमा मात्र ठूला परियोजना निर्माण गरिनेछ । त्यस्ता परियोजना आर्थिक, सामाजिक र पर्यावरणीय दृष्टिले सम्भाव्य भएको सुनिश्चित गर्न व्यापक जनसहभागितामा कार्यक्रम सम्परीक्षण गरिनेछ । यस किसिमको ठूलो लगानीका पूर्वाधार निर्माणका लागि सरकारका तर्फबाट ऋणपत्र जारी गर्ने तथा निजी क्षेत्र एवं वैदेशिक लगानीलाई प्रोत्साहित गरिनेछ ।

तीनै तहका सरकारहरूबीच यातायात पूर्वाधार निर्माणमा समन्वय गर्ने परिपाटीको विकास गरिनेछ । जग्गाको अधिग्रहण तथा मुआब्जा वितरण प्रक्रिया सरलीकृत गरी पूर्वाधार निर्माणको लागत घटाउने प्रयास गरिनेछ ।

पूर्वाधार विकासमा सार्वजनिक खरिद तथा ठेक्का प्रणाली सम्बन्धी विद्यमान नियम तथा कानुनहरू बाधक देखिएका छन्। लामो र झन्झटिलो ठेक्का प्रणाली, टुक्रे पूर्वाधारको ठेक्का, भुक्तानीको समस्या र निर्माण व्यवसायीहरूले एउटा परियोजनाका लागि लिएको रकम अर्को परियोजनामा खर्च गर्ने जस्ता गलत परिपाटीको विकास भएको छ। एउटा पूर्वाधारमा ढिलाइ गरेको व्यक्तिले अर्को पूर्वाधारको परियोजना पाइरहेको अवस्था छ। यो चक्रलाई चिर्न सकिएन भने कहिल्यै पनि पूर्वाधार विकास गर्न सकिँदैन। त्यसलाई चिर्नका लागि पार्टीले विद्यमान समस्या र जटिलताको सूक्ष्म अध्ययन गरेर विशेष कार्यक्रम ल्याउनेछ ।

पूर्वाधार निर्माणमा संलग्न निर्माण व्यवसायीको उचित नियमन गरी यस क्षेत्रका विकृति र विसंगतिहरुलाई हटाइनेछ ।

### ३.८.१ यातायात

अन्य भौतिक पूर्वाधार विकास कार्यक्रमसँग समन्वय गर्ने गरी यातायात पूर्वाधार निर्माणलाई अगाडी बढाइनेछ । आवश्यकताका आधारमा सडक, उड्डयन, रेल तथा जल यातायात लगायतका विभिन्न माध्यमहरूको संयोजन तथा सन्तुलित विकास गरिनेछ । महँगा यातायात पूर्वाधारको विकास गर्दा दुर्लभ स्रोतको आदर्शतम उपयोगलाई प्राथमिकतामा राखिनेछ ।

नागरिकमैत्री, दिगो, सुरक्षित, किफायती, मर्यादित, समावेशी तथा भरपर्दो सार्वजनिक यातायात प्रणाली विकास गरिनेछ । सडक यात्रा सुरक्षाका लागि आवश्यक गुणस्तरीय भौतिक पूर्वाधार विकासमा जोड दिइनेछ । सार्वजनिक यातायात व्यवस्थापन, नियमन लगायतका सेवालाई डिजिटल प्रणालीमा

आधारित बनाइने छ । मास ट्रान्जिट र संस्थागत सेवाप्रदायकलाई प्राथमिकता दिइनेछ । पेट्रोल-डिजेलबाट चल्ने सवारीलाई क्रमिक रुपमा विद्युतीय सवारीले विस्थापित गरिनेछ ।

हवाई यातायातलाई सुरक्षित, मितव्ययी र सुलभ बनाइनेछ । मुलुकको हवाई यातायातका सम्बन्धमा अन्तर्राष्ट्रिय विश्वास आर्जन गर्ने कार्यलाई प्राथमिकतामा राखिनेछ । राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगमलाई प्रतिस्पर्धी संस्थाको रूपमा विकास गर्न सरकार निजी क्षेत्र साझेदारीको अवधारणा अनुरुप सञ्चालन गरिनेछ ।

रेल तथा जल यातायात पूर्वाधार निर्माण तथा सेवा सञ्चालनमा सम्भव भएसम्म सार्वजनिक निजी क्षेत्र साझेदारीको अवधारणालाई प्राथमिकता दिइनेछ ।

### ३.८.२ ऊर्जा

ऊर्जा, तुलनात्मक लाभ उच्च भएको महत्वपूर्ण क्षेत्र हो। जलविद्युत सहित सबै किसिमका नवीकरणीय स्वच्छ ऊर्जाको उपयोग मार्फत दिगो अर्थतन्त्रको विकास गर्न सकिन्छ भन्ने गतिशील पार्टीको विश्वास छ।यसका लागि विद्युत उत्पादन, प्रसारण तथा वितरणको उचित व्यवस्था गरी आर्थिक विकासमा स्वच्छ ऊर्जाको अधिकतम उपयोग गर्ने व्यवस्था मिलाउने नीति पार्टीले लिनेछ।हाम्रो लक्ष्य हरित, भरपर्दो र आत्मनिर्भर ऊर्जा प्रणाली हो । यसले रोजगारी सिर्जना गर्छ, उद्योग चलाउँछ र वातावरण बचाउँछ।

आन्तरिक खपतपछि बचत भएको विद्युतलाई अन्तराष्ट्रिय बजारमा विक्री गर्न विद्युत व्यापार प्रवर्द्धन तथा आवश्यक पूर्वाधार निर्माण गर्ने कार्यलाई सरकारले प्राथमिकतामा राख्नेछ ।

वैकल्पिक ऊर्जाको दिगो  प्रयोग र व्यवस्थापन गर्न समुदायलाई प्रोत्साहित गरिनेछ । यसमा सरकारले प्रविधि हस्तान्तरण गर्ने, समुदायको स्वामित्व स्थापित गर्ने लगायतका कार्यमा सहयोग गर्नेछ।

ऊर्जाको आन्तरिक पहुँच र मागलाई बढाउने, विद्युत प्रसारण र वितरणको लागि भरपर्दो सञ्जाल निर्माण गर्ने, विद्युत माग र आपूर्तिको पूर्वानुमान गर्ने, विद्यमान प्रसारण र वितरण लाइनको सुधार गर्ने लगायतका कार्यलाई प्राथमिकताका साथ अगाडी बढाइनेछ । खाना पकाउने लगायत घरायसी कामका लागि विद्युतको खपतलाई प्रोत्साहन गरिनेछ। यातायात र उद्योगमा विद्युतीकरण प्रवर्द्धन गरी पेट्रोलियम र ग्यास आयात घटाइनेछ।

समग्रमा सौर्य ऊर्जा, वायु ऊर्जा, हाइड्रोजन ऊर्जा लगायतका वैकल्पिक ऊर्जा मिश्रणलाई उपयोग गर्ने दीर्घकालिन योजना तर्जुमा गरिनेछ। जल, सौर्य, वायु र जैविक स्रोतलाई प्राथमिकतामा राखी सन् २०४५ सम्म नवीकरणीय ऊर्जा आपूर्ति सुनिश्चित गरिनेछ।

सुख्खा याममा ऊर्जाको माग र आपूर्तिमा सन्तुलन कायम गर्न उत्पादन वृद्धिका लागि जलाशययुक्त र बहुउद्देश्यीय आयोजनालाई रूपान्तरणकारी आयोजनाको रूपमा विकास गरिनेछ।

आगामी ५ वर्षमा सबै किसिमका स्वच्छ ऊर्जाका स्रोतबाट १२,००० मेगावाट विद्युत उत्पादन गर्ने गरी योजनावद्ध ढंगमा काम गरिनेछ ।यसका लागि निजी क्षेत्रलाई अग्रसर बनाइनेछ भने विदेशी लगानीलाई पनि आकर्षित गरिनेछ ।

हरित ऊर्जाका सम्बन्धमा विश्वभरि अनुसन्धान र खोजी जारी छन्। केही नेपाली वैज्ञानिक त्यस्ता अनुसन्धानको हिस्सा बनेको अवस्थामा नेपालमै ऊर्जाका नयाँ स्रोतको पहिचान र त्यसको अनुसन्धानका लागि विश्वविद्यालयहरूमा प्रयोगशाला बनाउनु पर्छ र नेपाली वैज्ञानकिलाई स्वदेशमै अनुसन्धान गर्ने र त्यसको विकासमा सरकारी तथा निजी क्षेत्रबाट लगानी गर्ने वातावरण बनाइनेछ ।

### ३.८.३ सिँचाइ

कृषि उत्पादन तथा उत्पादकत्वमा अभिवृद्धिका लागि सिँचाइको उचित व्यवस्था अपरिहार्य छ। हामीलाई यस विषयको जानकारी भए पनि वर्षौंअघि सुरु गरिएका सिँचाई परियोजनाहरुको निर्माण सम्पन्न हुन सकेका छैनन् भने नयाँ परियोजनाको थालनी भएके छैन। यस किसिमको बेथितिको अन्त्य गतिशील पार्टीले गर्नेछ ।

भूसतहका जलस्रोतको एकीकृत व्यवस्थापन तथा उपयोग एवं भूमिगत पानीको स्रोतको पहिचान, संरक्षण र उपयोगको व्यवस्था गरिनेछ ।

सतह सिँचाइका सम्भावना नभएका क्षेत्रहरूमा स्यालो ट्युबेल तथा डिप ट्युबेलको व्यवस्था गरिनेछ भने नदी तथा खोला किनाराका खेतीयोग्य जमिनका लागि लिफ्ट प्रणाली सञ्चालन गरिनेछ । यसैगरी आवश्यक तथा उपयुक्त क्षेत्रहरुमा सिँचाइका लागि पानी पोखरी र साना तथा मझौला जलाशय निर्माण गरिनेछ ।

नदीलाई प्राकृतिक, सांस्कृतिक तथा पर्यटकीय सम्पदाको रूपमा संरक्षण र उपयोग गर्ने तथा नदी व्यवस्थापन सम्बन्धी कानून जारी गरी कार्यान्वयनमा ल्याइनेछ।

सिँचाइमा नवीकरणीय प्रविधिको प्रयोग गर्ने, आवश्यक क्षेत्रमा कृषि र सिँचाइका परियोजनालाई सँगसँगै लैजाने, पानीको पर्याप्त एवम् दिगो रूपमा उपलब्धता कायम राख्ने, कृषियोग्य भूमिमा वर्षभरि सिँचाइ सुविधा उपलब्ध गराउने लगायतका सवालमा तीन तहका सरकारको समन्वय, सहकार्य तथा साझेदारीको अभिवृद्धि गरिनेछ।

सिँचाइमा भइरहेको लगानीको अपेक्षित प्रतिफल हासिल गर्न, सिँचाइ आयोजनाहरू तोकिएको समय र लागतमा सम्पन्न गर्न, जलस्रोतको संरक्षणको लागि सरकारले उचित नीति निर्माण पार्टीले गर्नेछ । यसको अनुगमनका लागि प्रभावकारी संयन्त्र बनाउने, दण्डसजायँ एवं पुरस्कारको व्यवस्था गरिनेछ ।

### ३.८.४ सूचना तथा सञ्चार प्रविधि

संसार चौंथो औद्योगिक क्रान्तिको युगमा प्रवेश गरिसकेको छ । यस युगमा सूचना तथा सञ्चार प्रविधि सर्वोपरी महत्वको विषय हो भन्ने जानकारी गतिशील पार्टीलाई छ। यो जानकारीको उच्चतम उपयोग गर्न पार्टीले व्यक्तिगत तथा सार्वजनिक जीवनका सबै क्षेत्रमा सूचना तथा सञ्चार प्रविधिलाई जोड्ने गरी नीति तथा कार्यक्रम तर्जुमा गर्ने र त्यसलाई कार्यान्वयनमा लैजाने छ।डिजिटल नेपाल फ्रेमवर्क कार्यान्वयनमा आइसकेको सन्दर्भमा त्यसलाई अझै सुदृढ र विस्तारित गरिनेछ ।

भरपर्दो, सुरक्षित, दिगो एवं पहुँचयोग्य आधुनिक सूचना तथा सञ्चार प्रविधिको विकास, व्यवस्था र उपयोगको लागि डिजिटल इकोसिस्टम निर्माण गरिनेछ ।सूचना तथा सञ्चार प्रविधिका लागि अलग्गै मन्त्रालयको गठन गरी उक्त मन्त्रालय मार्फत समग्र सरकारी संयन्त्रसँग समन्वय गर्ने, नयाँ क्षेत्र र नयाँ उद्योगका रुपमा विकास गर्ने एवं सूचना प्रविधि भनेको केवल साधन हो भन्ने परम्परागत संकुचित मान्यतामा परिवर्तन गरी सार्वजनिक र निजी जीवनमा समाहित गर्दै लैजाने काम पार्टीले गर्नेछ ।

सार्वजनिक सेवा प्रवाहमा सूचना प्रविधिको बहुउपयोग अभिवृद्धि गर्ने, सुरक्षित र पुनः प्राप्य साइबर स्पेसको निर्माण गर्ने विषयलाई प्राथमिकतामा राखिनेछ । यसका लागि कानूनी र संस्थागत संरचना निर्माण गरिनेछ ।

दूरसञ्चार पूर्वाधारको विकास, व्यवस्था र साझा प्रयोग गर्दै दूरसञ्चार सेवालाई सहज, सुलभ र गुणस्तरीय बनाइनेछ ।

आमसञ्चार क्षेत्रलाई नागरिकप्रति उत्तरदायी बनाइनेछ ।नागरिकमा गुणस्तरीय सूचनाको पहुँच बढाइनेछ ।समाचार उत्पादन, प्रकाशन तथा प्रसारणमा सरकारको भूमिका कम गर्दै लगिनेछ।

सरकारी तथा निजी क्षेत्रमा डाटा सेन्टर, डिजास्टर रिकभरी सेन्टर स्थापना र सञ्चालनका लागि आवश्यक नीतिगत तथा संस्थागत प्रबन्ध गरिनेछ । सरकारका सबै तहमा साइबर सुरक्षा संरचना विकास गरिनेछ ।

सूचना प्रविधिका क्षेत्रमा उपलब्ध व्यावसायिक अवसर (सफ्टवेयर निर्माण, डाटा संरक्षण, सेवा प्रशोधन, प्रविधि परीक्षण, साइबर हेल्पडेस्क, प्रणाली विकास, परामर्श सेवा, क्लाउड सेवा लगायत) को उच्चतम प्रयोग गर्न सक्ने गरी नीतिगत तथा संस्थागत सहजीकरण गरिनेछ । विदेशी मुद्रा आर्जनको उच्च सम्भावनायुक्त क्षेत्रका रुपमा यसलाई लिइनेछ ।

नेपाललाई सीपयुक्त जनशक्ति विकास, उच्च–मूल्यका सफ्टवेयर तथा डिजिटल सेवाको निर्यात प्रवर्द्धन र विदेशी तथा प्रवासी लगानी आकर्षण मार्फत दक्षिण एशियाली डिजिटल सेवा र सिर्जनात्मक प्रविधिको प्रतिस्पर्धी केन्द्रका रूपमा रूपान्तरण गरिनेछ। यसका लागि निम्नानुसारका ठोस कार्यक्रम पार्टीले सञ्चालन गर्नेछ ।

#### १.डिजिटल पूर्वाधार

- सबै प्रान्त र प्रमुख सहरहरूलाई जोड्ने राष्ट्रिय स्तरको डिजिटल राजमार्ग (Digital Highway) स्थापना ।
- नवीकरणीय ऊर्जाबाट सञ्चालित हरित डेटा केन्द्रहरू (Green Data Centers) प्रवर्द्धन र प्रोत्साहन ।
- प्रमुख सहरमा उच्च–गतिको इन्टरनेट, भरपर्दो बिजुली, क्लाउड पूर्वाधार र कर–सुविधा सहितको डिजिटल विशेष आर्थिक क्षेत्र (Digital Special Economic Zones, D-SEZs) विकास ।
- नेपाल राष्ट्र बैंक र अन्तर्राष्ट्रिय साझेदारहरूको समन्वयमा अन्तर्राष्ट्रिय भुक्तानी प्रणाली सञ्चालन ।
- डाटा स्थानीयकरण र साइबर सुरक्षा सुनिश्चित गर्न "क्लाउड–फर्स्टनीति" ।

## २.सीप र क्षमता विकास

- राष्ट्रिय आईटी पाठ्यक्रमहरू पुनरावलोकन गरी कृत्रिम बुद्धिमत्ता (Artificial Intelligence), क्लाउड कम्प्युटिङ, डाटा एनालिटिक्स, साइबर सुरक्षा र ब्लकचेन जस्ता विश्वव्यापी सीपको मागसँग मिलान ।
- शैक्षिक संस्थान र निजी उद्योगसँग साझेदारीमा सबै प्रदेशमा कोडिङ बुटक्याम्प र नवप्रवर्तन प्रयोगशालाहरू (Innovation Labs) स्थापना गरिनेछन्।
- कर–प्रोत्साहन र सहुलियतमार्फत उद्योग–शैक्षिक संस्था साझेदारी अन्तर्गत इन्टर्नसिप र अप्रेन्टिससिप कार्यक्रमहरू ।
- अन्तर्राष्ट्रिय प्रतिस्पर्धात्मक क्षमता वृद्धिका लागि अङ्ग्रेजी भाषा र डिजिटल सञ्चार सीप सुदृढीकरण ।
- AWS, Google, Microsoft, Cisco आदिजस्ता वैश्विक आईटी प्रमाणिकरण कार्यक्रम प्रवर्द्धन ।

## ३.नियामक तथा नीतिगत सुधार

- पारदर्शी र सरल कम्पनी दर्ता, वैदेशिक लगानी स्वीकृति र नाफा–फिर्ता लैजाने प्रक्रिया।
- डाटा सुरक्षा, साइबर सुरक्षा, र बौद्धिक सम्पत्ति अधिकार सम्बन्धी कानूनहरूलाई अन्तर्राष्ट्रिय मापदण्डअनुसार परिमार्जन ।
- विदेशी विज्ञ र लगानीकर्ताका लागि व्यवसायिक भिसा र कार्य अनुमति प्रक्रियामा सरलीकरण।
- नवप्रवर्तन र स्टार्टअप–मैत्री कानूनी ढाँचा, कम्पनी टाट पल्टिने अवस्थामा संरक्षण (bankruptcy protection) कानुन र नवप्रवर्तन प्रोत्साहन ।
- आईटी कम्पनीहरू, नियामक निकाय र लगानीकर्ताबीचका विवाद समाधानका लागि "आईटी ओम्बुड्सम्यान कार्यालय" स्थापना।

### ४.घरेलु आईटी पारिस्थितिकी सुदृढीकरण

- "Buy Nepali Tech First" नीतिः कम्तीमा ५०% सरकारी आईटी खरिद योग्य नेपाली कम्पनीहरूबाट गर्ने । कार्यसम्पादनका मापदण्डसहित सरकारी खरिद प्रक्रिया पारदर्शीर योग्यता–आधारित बनाइनेछ।
- स्थानीय सरकारहरूलाई घरेलु सफ्टवेयर प्रयोग गरी प्रशासनिक सेवाहरू डिजिटलाइज गर्न प्रोत्साहन ।
- स्टार्टअपहरूका लागि वित्तीय पहुँचः सहुलियत व्याजदरमा ऋण, भेञ्चर क्यापिटल कोष र क्राउड फन्डिङ संयन्त्रहरूको विकास ।
- NAS–IT, CAN Federation, FNCCI ICT Committee र CNI IT Council जस्ता उद्योग तथा व्यवसयाय सम्बद्ध संघसंस्थाहरूसँग नीतिगत सहकार्य र समन्वय।

### ५.वित्तीय र कर नीतिमा सुधार

- आईटी स्टार्टअपहरूका लागिकर–छुट र निर्यातमुखी कम्पनीहरूका लागि घटाइएका नाफा कर दरहरूमा निरन्तरता ।
- अनुसन्धान र विकास (R&D) मा लगानी गर्ने कम्पनीहरूलाई कर–क्रेडिट सुविधा ।
- सर्भर, नेटवर्क उपकरण र प्राविधिक हार्डवेयर आयातमा भन्सार शुल्क मिनाहा ।
- आयकर, मूल्य अभिवृद्धिकर, अन्तःशुल्क सम्बन्धी विद्यमान कानूनी ढाँचालाई एकीकृत गरी एकीकृत डिजिटल कर प्रणाली (Single Digital Tax Framework) स्थापना ।
- आईटी निर्यात सेवामा शून्य–मूल्य अभिवृद्धि कर (Zero-Rated VAT) पूर्ण रूपमा कार्यान्वयन ।
- करका दर पाँच वर्षसम्म स्थिर राखिनेछ र कुनै पनि कर परिवर्तन लागू गर्नु अघि पूर्व–सूचना अवधि सुनिश्चित गर्ने ।
- प्रमुख साझेदार राष्ट्रहरूसँग दोहोरो कर मुक्ति सम्झौता लाई विस्तार गर्ने ।

### ६. नेपाललाई "डिजिटल सेवा केन्द्र"का रूपमा ब्रान्डिङ

- "Made in Nepal: Digital Edition" नामक विश्वव्यापी अभियान सञ्चालन गरिनेछ, जसले नेपाली डिजिटल उत्पादन र सेवाहरूको प्रचार गर्नेछ।
- नेपाली आईटी कम्पनीहरूको सफलता कथाहरूलाई कुटनीतिक मिसन, सभा सम्मेलनत तथा अन्तर्राष्ट्रिय मञ्चहरूमा प्रदर्शन गर्ने ।

- लगानीकर्ता, नवप्रवर्तक र नीतिनिर्माता बीच सहकार्यबढाउन हरेक वर्ष “Digital Nepal Global Summit” आयोजना गर्ने ।
- विश्व प्रविधि मेला र व्यापार प्रदर्शनीहरूमा सहभागी हुन नेपाली आईटी कम्पनीहरूलाई सहयोग गर्ने ।
- बहुराष्ट्रिय कम्पनी र अनुसन्धान केन्द्रहरूलाई नेपाल भित्र्याउन “Digital Nepal: Open for Business” लगानी प्रवर्द्धन अभियान सञ्चालन गर्ने ।
- संयुक्त लगानी, ज्ञान आदान–प्रदान, र नवप्रवर्तन सहकार्यलाई प्रवर्द्धन वैश्विक प्रविधि प्रणालीहरू (tech ecosystems) सँग रणनीतिक साझेदारी स्थापना ।

## सूचना प्रविधि उद्योगः गतिशील समृद्धिको आधार

नेपालको आर्थिक रूपान्तरणका लागि सूचना प्रविधि (आईटी) क्षेत्रलाई एक बलियो उद्योगका रूपमा विकास गर्ने बृहत् दृष्टिकोण गतिशील लोकतान्त्रिक पार्टीले तय गरेको छ। यसको मुख्य लक्ष्य नेपाललाई सीपयुक्त जनशक्तिको विकास, उच्च–मूल्यका डिजिटल सेवा र सफ्टवेयरको निर्यात प्रवर्द्धन, र विदेशी तथा गैरआवासीय नेपालीको लगानी आकर्षणमार्फत दक्षिण एशियाली डिजिटल सेवा र सिर्जनशील प्रविधिको प्रतिस्पर्धी केन्द्रका रूपमा रूपान्तरण गर्नु हो। यस महत्वाकांक्षी योजनालाई साकार पार्न मुख्यतया छ वटा नीतिगत स्तम्भहरूमा केन्द्रित नीतिहरू अवलम्बन गरिने छन्।

### पहिलो स्तम्भः डिजिटल पूर्वाधार

यस अन्तर्गत सबै प्रदेश र प्रमुख सहरहरूलाई जोड्ने राष्ट्रियस्तरको डिजिटल राजमार्ग (Digital Highway) स्थापना गरिनेछ। यसका साथै, नवीकरणीय ऊर्जाबाट सञ्चालित हरित डेटा केन्द्रहरू (Green Data Centers) लाई प्रवर्द्धन र प्रोत्साहन गरिनेछ। उच्च–गतिको इन्टरनेट, भरपर्दो बिजुली, क्लाउड पूर्वाधार र कर–सुविधा सहितका डिजिटल विशेष आर्थिक क्षेत्र (D-SEZs) हरूको विकासले लगानीमैत्री वातावरण सिर्जना गर्नेछ। अन्तर्राष्ट्रिय भुक्तानी प्रणालीहरूको सञ्चालन र साइबर सुरक्षा सुनिश्चित गर्न डाटा स्थानीयकरणसहितको "क्लाउड–फर्स्ट नीति" लागू गरिनेछ।

### दोस्रो स्तम्भः सीप र क्षमता

राष्ट्रिय आईटी पाठ्यक्रमहरूलाई कृत्रिम बुद्धिमत्ता (AI), क्लाउड कम्प्युटिङ, डाटा एनालिटिक्स, साइबर सुरक्षा र ब्लकचेन जस्ता विश्वव्यापी सीपको मागसँग मिलाउन पुनरावलोकन गरिनेछ। सबै प्रदेशमा कोडिङ बुटक्याम्प र नवप्रवर्तन प्रयोगशालाहरू (Innovation Labs) स्थापना गरिनेछन्। उद्योग–शैक्षिक संस्था साझेदारीमा इन्टर्नशिप र अप्रेन्टिससिप कार्यक्रमहरूलाई कर–प्रोत्साहन र

सहुलियतमार्फत प्रवर्द्धन गरिनेछ। अन्तर्राष्ट्रिय प्रतिस्पर्धात्मक क्षमता बढाउन अङ्ग्रेजी भाषा र डिजिटल सञ्चार सीप सुदृढ गर्नुका साथै AWS, Google जस्ता वैश्विकल प्रमाणपत्र कार्यक्रमहरूलाई जोड दिइनेछ।

**तेस्रो स्तम्भः नियामकीय तथा नीतिगत सुधार**

यस अन्तर्गत कम्पनी दर्ता, वैदेशिक लगानी स्वीकृति र नाफा–फिर्ता लैजाने प्रक्रियालाई सरल र पारदर्शी बनाइनेछ। डाटा सुरक्षा, साइबर सुरक्षा, र बौद्धिक सम्पत्ति अधिकार सम्बन्धी कानुनहरूलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुसार परिमार्जन गरी लगानीकर्ताको विश्वास बढाउने लक्ष्य राखिएको छ। विदेशी विज्ञ र लगानीकर्ताहरूका लागि व्यवसायिक भिसा र कार्य अनुमति प्रक्रियामा सरलीकरण गरिनेछ। नवप्रवर्तन र स्टार्टअप–मैत्री कानूनी ढाँचा, कम्पनी टाट पल्टिने अवस्थामा संरक्षण कानुन र विवाद समाधानका लागि "आईटी ओम्बुड्सम्यान कार्यालय" स्थापना गर्ने व्यवस्था गरिनेछ।

**चौथो स्तम्भः घरेलु आईटी इकोसिस्टम सुदृढीकरण**

यसमा “Buy Nepali Tech First” नीति लागू गरिनेछ, जसअन्तर्गत कम्तीमा ५०% सरकारी आईटी खरिद नेपाली कम्पनीहरूबाट गर्ने प्रावधान राखिएको छ। स्थानीय सरकारहरूलाई घरेलु सफ्टवेयर प्रयोग गरेर प्रशासनिक सेवाहरू डिजिटलाइज गर्न प्रोत्साहन दिइनेछ। स्टार्टअपहरूका लागि सहुलियत व्याजदरमा ऋण, भेञ्चर क्यापिटल कोष र क्राउड फन्डिङ संयन्त्रहरूको विकास गरी वित्तीय पहुँच विस्तार गरिनेछ। नीति निर्माणमा NAS–IT, CAN Federation जस्ता उद्योग तथा व्यवसाय सम्बद्ध संघसंस्थाहरूसँग नीतिगत सहकार्य र समन्वय गरिनेछ।

**पाँचौं स्तम्भः लगानी र कर नीतिमा सुधार**

आईटी स्टार्टअपहरूका लागि कर–छुट र निर्यातमुखी कम्पनीहरूलाई प्रदान गरिएको करका दरहरूमा निरन्तरता दिइनेछ। अनुसन्धान र विकास (R&D) मा लगानी गर्ने कम्पनीहरूलाई कर–क्रेडिट सुविधाहरू दिइनेछ। सर्भर र नेटवर्क उपकरण आयातमा भन्सार शुल्क मिनाहा गरिनेछ। विद्यमान कर कानुनलाई एकीकृत गरी सरल **एकीकृत डिजिटल कर प्रणाली (Single Digital Tax Framework)** स्थापना गरिनेछ। आईटी निर्यात सेवामा शून्य–मूल्य अभिवृद्धि कर (Zero-Rated VAT) लाई पूर्ण रूपमा कार्यान्वयन गरिनेछ र करका दरहरू पाँच वर्षसम्म स्थिर राखी कुनै पनि कर परिवर्तन लागू गर्नु अघि छ महिना पूर्व–सूचना अवधि सुनिश्चित गरिनेछ।

**छैटौं स्तम्भः “नेपाल डिजिटल सेवा केन्द्र”**

यस अन्तर्गत “Made in Nepal: Digital Edition” नामक विश्वव्यापी अभियान सञ्चालन गरिनेछ, जसले नेपाली डिजिटल उत्पादन र सेवाहरूको प्रचार गर्नेछ। नेपाली आईटी कम्पनीहरूको सफलताका कथाहरूलाई अन्तर्राष्ट्रिय मञ्चहरूमा प्रदर्शन गरिनेछ। लगानीकर्ता, नवप्रवर्तक र नीतिनिर्माताबीच

सहकार्य बढाउन हरेक वर्ष “Digital Nepal Global Summit” आयोजना गरिनेछ। बहुराष्ट्रिय कम्पनीहरूलाई नेपाल भित्र्याउन “Digital Nepal: Open for Business” लगानी प्रवर्द्धन अभियान सञ्चालन गर्ने र वैश्विक प्रविधि प्रणालीहरूसँग रणनीतिक साझेदारी स्थापना गर्ने लक्ष्य राखिएको छ।

**सन् २०३५ मा नेपालको सूचना प्रविधि**

उल्लिखित सुधारहरुबाट सन २०३५ सम्ममा सूचना प्रविधिले नेपालको अर्थतन्त्रमा उल्लेखनीय परिवर्तन ल्याउने अपेक्षा गरिएको छ। अपेक्षित परिणामहरू अनुसार, वार्षिक आईटी र डिजिटल सेवा निर्यात ६ अर्ब अमेरिकी डलरभन्दा बढी पुग्नेछ, जसले कुल गार्हस्थ उत्पादन (GDP) मा ७% योगदान पुर्याउनेछ। यस क्षेत्रमा ४ लाखभन्दा बढी सीपयुक्त रोजगारीहरू सिर्जना हुनेछन्। नेपाललाई विश्वस्तरमा एक विश्वसनीय आउटसोर्सिङ र डिजिटल नवप्रवर्तन केन्द्रका रूपमा मान्यता प्राप्त हुनेछ, जसले क्षेत्रीय सन्तुलन कायम गर्दै डाटा सुरक्षा, साइबर लचकता र लगानी विश्वासलाई उल्लेखनीयरूपमा सुदृढ गर्नेछ। समग्रमा, यी नीतिगत स्तम्भहरूको सफल कार्यान्वयनले नेपाललाई डिजिटल युगको विश्व अर्थतन्त्रमा स्थापित गराउने बलियो आधार प्रदान गर्दछ।

## ३.९ सन्तुलित पर्यावरण

जलवायु परिवर्तन र यसबाट पर्ने असर संसारभरकै मुलुकको चासोको विषय हो । यसलाई कतिपयले मानव अस्तित्व नै संकटमा पार्ने विषयका रुपमा प्रस्तुत गरेका छन्। तत्कालका लागि भने दिगो पर्यावरण र विपद व्यवस्थापनका सम्बन्धमा आवश्यक तयारी नगर्दा हाम्रो जीवन यापन कष्टप्रद हुने निश्चित नै हो भन्ने न्युनतम बुझाइका साथ अगाडी बढ्नु पर्ने देखिन्छ।

हामी विकास र संरक्षणबीच सन्तुलन खोज्छौं र स्थानीय स्रोत र साधनको न्यायोचित उपयोगबाट आत्मनिर्भरता तर्फ अगाडि बढ्छौं –वातावरण संरक्षणलाई अवरोध होइन, समृद्धिको आधार बनाउनेछौं। विकासलाई पनि संरक्षणमुखी बनाउनेछौं। हामी दिगो आर्थिक लाभका लागि दीर्घकालीन वातावरणीय उत्थानशीलता र अन्तरपुस्तीय न्यायमा विश्वास गर्छौं ताकि आजको पुस्ताले रोजगारी र समृद्धि पाओस्, साथै भोलिको पुस्ताले पनि स्वच्छ वातावरण र स्वस्थ जीवन पाओस्।

जलवायु–उत्थानशीलता, प्राकृतिक स्रोतको उपयोगिता, सहभागिता र पारदर्शी वातावरणीय सुशासनमार्फत हरित समृद्धि।

नेपाल पक्षराष्ट्र रहेका जैविक विविधता, जलवायु परिवर्तन, मरुभूमीकरण नियन्त्रण लगायतका सम्बन्धित अन्तर्राष्ट्रिय एवं क्षेत्रीय सन्धी–सम्झौताहरूको कार्यान्वयन गरिनेछ।

हाम्रो जस्तो भौगोलिक बनावट, जीवजन्तु, वनस्पति, हावापानी तथा सामाजिक र आर्थिक स्थिति भएका मुलुक प्रतिकुल पर्यावरणीय दुर्घटनाको उच्च जोखिममा छन् । पिंधका जनता प्राकृतिक प्रकोपबाट अझ बढी पीडित हुने छन् । यसलाई सम्बोधन गर्न गतिशील पार्टीले जलवायुमैत्री, जैविक

विविधतामैत्री, जलवायु परिवर्तन अनुकूलन र हरित अर्थतन्त्र निर्माण गर्न नीतिगत सुधार गर्नेछ । हरित लगानीका क्षेत्रहरू पहिचान गरी लगानीलाई सहजीकरण तथा प्रोत्साहन गरिनेछ।

वन तथा वनस्पति स्रोतको वन सम्बर्द्धन प्रणालीमा आधारित दिगो व्यवस्थापनमार्फत वनजन्य वस्तु तथा सेवा उत्पादन गर्दै विद्यमान ऐन–कानुनमा सुधार गरी वनमा आधारित उद्यम प्रवर्द्धन र हरित रोजगारी सिर्जना गरिनेछ। सामुदायिक, साझेदारी र निजी वन सुदृढ गरिनेछ।

राष्ट्रिय निकुञ्ज, संरक्षण क्षेत्र तथा वन्यजन्तुका बासस्थानहरूको एकीकृत व्यवस्थापनमार्फत इकोसिस्टम, प्रजाति र आनुवंशिक सम्पदाको संरक्षण गरी पर्यावरणीय सन्तुलन कायम गर्दै आवश्यकताअनुसार वन्यजन्तु बासस्थान व्यवस्थापनमार्फत स्रोतको उपयोग र दिगो पर्यटन प्रवर्द्धनमा योगदान दिइने।

वातावरण तथा जलवायु परिवर्तन अन्तर्सम्बन्धित विषय भएकाले तीनै तहका सरकारमा प्रभावकारी समन्वय संयन्त्रको स्थापना गरिनेछ। स्थापित अन्तर्राष्ट्रिय जलवायु वित्तमा पहुँच सुनिश्चित गर्न जलवायु परिवर्तनका असरको न्यूनीकरण र अनुकूलनका लागि मुलुकको क्षमता बढाइनेछ।

राष्ट्रिय निर्धारित योगदान (Nationally Determined Contributions, NDCs ) तथा राष्ट्रिय अनुकूलन योजना (National Adaption Plan, NAP) को प्रभावकारी कार्यान्वयन र अनुगमन गरिनेछ। जलवायु परिवर्तनले कृषि, जलस्रोत, स्वास्थ्य, पर्यटन, ऊर्जा, वन, जैविक विविधता तथा पूर्वाधार क्षेत्रहरूमा ल्याउने प्रतिकूल प्रभावका बारेमा ज्ञान र जनचेतनाको अभिवृद्धि गरिनेछ।

जलवायुजन्य विपत्तिबाट हुने हानी नोक्सानीहरू कम गर्न तथा उद्धार, उत्थान तथा प्रतिकार्य लक्षित ठोस कार्यक्रमहरू सञ्चालन गरिनेछ।

मुलुकले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मञ्चमा गरेका प्रतिबद्धता अनुरूप जलवायु अनुकूलन कार्यक्रम तथा बजेटमा सामञ्जस्यता ल्याइनेछ। स्वच्छ नवीकरणीय ऊर्जाको उत्पादन तथा खपत बढाउँदै आयातित जीवाश्म ऊर्जाको निर्भरता घटाइनेछ।

दिगो विकास लगायत जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलन राष्ट्रिय कार्यान्वयन कार्ययोजनाको स्थानीयकरण गरी लागू गरिनेछ । स्थानीय समुदायको अनुकूलन क्षमता बढाउन कार्यक्रमहरू सञ्चालन गरिनेछ।

जल, वायु तथा माटोमा भइआएको प्रदूषण घटाइनेछ । पूर्वाधार विकासमा वातावरणीय लागतलाई आन्तरिकीकरण गरिनेछ। लोपोन्मुख तथा सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिहरूको संरक्षणलाई प्रभावकारी बनाइनेछ।

वन्यजन्तुका वासस्थान, आहार तथा विचरणको संरक्षणमा सुधार गरिनेछ र मानव–वन्यजन्तु द्वन्द्व कम गरिनेछ। बिमा र शीघ्र राहत प्रणाली प्रभावकारी बनाइनेछ। बफर जोन समिति र कोषलाई समुदाय–केन्द्रित बनाइनेछ । स्थानीय वस्ती, खेतबारी र जनजीवनमा क्षति पुऱ्याउने वन्यजन्तुको नियन्त्रणका लागि वैज्ञानिक र पारदर्शी अनुमति प्रणाली लागू गरिनेछ । यसमा समुदायको सहभागिता र राज्यको प्रत्यक्ष निगरानी सुनिश्चित गरिनेछ।

भू-क्षय, बाढी, पहिरो जस्ता प्रकोपहरू न्यूनीकरण गरिनेछ। संरक्षणमा संलग्न जनशक्तिलाई उत्प्रेरित तुल्याइनेछ र जैविक विविधताको संरक्षणमा स्थानीय समुदायको सहभागिता बढाइनेछ।

नदी प्रणालीमा आधारित भू तथा जलाधार व्यवस्थापनमार्फत बाढी, पहिरो, भू:स्खलन लगायतका प्राकृतिक विपद्को सामना गर्दै भू–संरक्षण र भू–उत्पादकत्व वृद्धि गरिनेछ ।

प्राकृतिक स्रोत प्रयोगमा निर्णय–सहभागिता र पूर्व–जानकारी तथा स्वतन्त्र सहमति सुनिश्चित गरिनेछ । वन्यजन्य पैदावारमा आधारित परम्परागत सीपहरूलाई सिर्जनशील अर्थतन्त्रको अवधारणामा व्यवसायिक बनाउने। सर्वोच्च अदालतको आदेशअनुसार ILO 169 कार्यान्वयन गरिनेछ ।

वन व्यवस्थापनलाई दिगो आर्थिक लाभसँग आबद्ध गरी कूल गार्हस्थ उत्पादनमा वन क्षेत्रको योगदानलाई बढाइनेछ। वन क्षेत्रबाट प्राप्त हुने लाभको न्यायोचित वितरण गरिनेछ। विकास प्रक्रियामा जैविक विविधताको दिगो व्यवस्थापन पद्धति अवलम्बन गरिनेछ । वर्तमान स्रोत दोहन र उत्खननमुखी प्रवृत्तिलाई रूपान्तरण गरी प्राकृतिक स्रोतको दिगो उपयोग र पुनर्जीवनमुखी व्यवस्थापन अपनाइनेछ । ~~वन~~, पानी, माटो, खानी र जैविक स्रोतमा दीर्घकालीन सन्तुलन र स्थानीय लाभ सुनिश्चित गरिनेछ।

वन तथा वातावरण ऐन र वातावरणीय मापदण्डको अधीनमा रही ढुंगा, गिटी, बालुवा, नदीजन्य तथा खानी स्रोतहरूको नियमन र दिगो उपयोग गरिनेछ। चुरे, नदीकिनारा र संवेदनशील जलाधार क्षेत्रहरूको संरक्षण र व्यवस्थापनलाई विशेष प्राथमिकता।

जलाधार क्षेत्रको संरक्षण गरी पानीका स्रोत सुक्ने तथा भूमिगत पानीको तह गहिरिने क्रमलाई न्यूनीकरण गरिनेछ। सबै नागरिकलाई सुरक्षित पिउने पानी र सरसफाइ सुनिश्चित गर्दै सतह–जल संरक्षण गरिनेछ। ग्रामीण क्षेत्रमा वर्षा–जल सङ्कलन र पुन:प्रयोग प्रणाली स्थापना गरिनेछ।

सडक, जलविद्युत्, खानी र अन्य पूर्वाधार विकासमा **Basin-wide Ecosystem Impact Assessment** लाई अनिवार्य गरिनेछ। एउटै नदी वा क्षेत्रमा रहेका आयोजनाहरूको संयुक्त असर मूल्याङ्कन र पर्यावरणीय सन्तुलन सुनिश्चित गरिनेछ।

चुरे र मध्यपहाडी क्षेत्रका जलाधारहरूलाई पुनर्जीवनका लागि प्राथमिकतामा राख्ने। हिमाली जलाधारमा हिमताल विष्फोटबाट आउने बाढीको जोखिम मूल्याङ्कन र पूर्व–सूचना प्रणाली।

वार्षिक वातावरणीय सूचक प्रतिवेदन (वनक्षेत्र, हावा, पानी, फोहोर, हरित ऊर्जा हिस्सा) प्रकाशित गरिनेछ। वन विकास कोष, वातावरण संरक्षण कोष तथा पेट्रोलियम र औद्योगिक प्रदूषण करबाट सङ्कलित रकमलाई पारदर्शी रूपमा स्थानीय प्राथमिकताअनुसार उपयोग गरिनेछ। खुला डेटा प्रणाली र स्वतन्त्र वातावरण आयोगद्वारा निगरानी र जनगुनासो सुनुवाइ हुनेछ।

प्रत्येक प्रदेश र स्थानीय तहमा वातावरण तथा वन–व्यवस्थापन इकाई (Environment Cell) स्थापना गरिनेछ । नीति कार्यान्वयनमा महिला, दलित, आदिवासी जनजाति र युवाको अनिवार्य सहभागिता

सुनिश्चित गरिनेछ। स्थानीय तहले वार्षिक "वातावरणीय स्कोरकार्ड" प्रकाशन गर्नेछन् । यसमा वायु, जल, वन र फोहोर व्यवस्थापन सूचकहरू समावेश हुनेछन्।

### ३.१० गतिशील परराष्ट्र सम्बन्ध

नेपालको भूराजनीतिक संवेदनशीलता र भारत–चीन जस्ता शक्तिशाली छिमेकीहरूको बीचमा रहेको अवस्थालाई ध्यानमा राख्दै, गतिशील पार्टीले राष्ट्रियता, अन्तर्राष्ट्रिय सम्बन्ध, विदेश नीति र राष्ट्रिय सुरक्षासम्बन्धी नीतिहरू राष्ट्रिय सहमतिका आधारमा बनाउनुपर्ने मान्यता राख्छ। राष्ट्रिय हित र स्वार्थको संरक्षण, राष्ट्रिय सुरक्षा, संयुक्त राष्ट्रसंघको बडापत्र, सार्वभौम समानता, पञ्चशील, असंलग्नता, अन्तर्राष्ट्रिय कानून र विश्वशान्तिको आधारमा विदेश नीति निर्माण गरिनेछ। आर्थिक कूटनीतिलाई प्राथमिकता दिँदै वैदेशिक सहायता, लगानी र बजार पहुँच वृद्धि गरिनेछ।

नेपालले छिमेकीहरूसँग रणनीतिक रूपमा संलग्न हुने छ। भारतलाई प्रमुख साझेदार मान्दै चीन र अन्य क्षेत्रीय देशहरूसँग पनि रचनात्मक सम्बन्ध कायम गरिनेछ। यो दृष्टिकोण यथार्थपरक, इमानदार र कृत्रिम समदूरी बिना नै सार्वभौमिकता सुनिश्चित गर्ने खालको हुनेछ।

भारत र चीनसँग उच्चस्तरीय कूटनीतिक र राजनीतिक संवादद्वारा सीमा विवादको समाधान खोजिनेछ। आर्थिक, सामाजिक र व्यापारिक सम्बन्धलाई सुदृढ गरी पारस्परिक हित प्रवर्द्धन गरिनेछ। नेपाली भूमि कुनै छिमेकी वा मित्रराष्ट्रविरुद्ध प्रयोग हुन दिइने छैन।

भूपरिवेष्ठित राष्ट्रको अधिकारअन्तर्गत निर्बाध व्यापार र पारवहन सुविधा सुनिश्चित गरिनेछ, साथै भौतिक पूर्वाधार विस्तारद्वारा अन्तर्राष्ट्रिय व्यापार र पारवहनलाई विविधीकरण गरिनेछ। सार्वजनिक कूटनीति (पब्लिक डिप्लोमेसी) र नरम शक्ति (सफ्टपावर)को उपयोगद्वारा कूटनीतिक प्रभाव विस्तार गरिनेछ। नेपालले लजिस्टिक, सुक्खा बन्दरगाह र सीमा हबहरूलाई प्राथमिकता दिँदै विश्व बजारसम्म भरपर्दो पहुँच सुनिश्चित गर्नेछ। कुशल व्यापारिक मार्गहरूले नेपाललाई विश्व बजारसँग जोड्नेछ।

वैदेशिक रोजगारीलाई सुरक्षित, सम्मानजनक र मर्यादित बनाउन कूटनीतिक नियोगहरूलाई प्रभावकारी रूपमा परिचालन गरी विदेशमा कार्यरत नेपालीको हक र सुरक्षा सुनिश्चित गरिनेछ । विदेश जाने कामदारहरूलाई दक्ष बनाएर पठाउने, उनीहरूको अधिकार संरक्षण गर्ने र स्वदेश फर्किएपछि उद्यमी बनाउन सहयोग गर्ने नीति लिइनेछ। यसले प्रतिभा, पुँजी र सञ्जाल सिर्जना गरी नेपालको विकासमा योगदान पुऱ्याउनेछ।देशको एक तिहाई युवा शक्ति वैदेशिक भूमिमा रोजगारीका लागि गएको अवस्थालाई दृष्टिगत गरी गतिशील पार्टीले मानव संशाधन कूटनीति (एचआर डिप्लोमेसी) लाई आफ्नो प्राथमिकतामा राख्नेछ ।

नेपालले हिमाली राष्ट्रहरूको पक्षमा र जलवायु संरक्षणका लागि अन्तर्राष्ट्रिय मञ्चमा नेतृत्व गर्नेछ।हिमालयको विश्वव्यापी पारिस्थितिक महत्त्वलाई ध्यानमा राख्दै जलवायु कोष र वैज्ञानिक सहकार्यका लागि पहलकदमी लिनेछ।

नेपालले भारत र चीनबाहेक एसिया, युरोप र ल्याटिन अमेरिकाका देशहरूसँग सम्बन्ध विस्तार गर्नेछ। यसले थप अवसर, जोखिम न्यूनीकरण तथा प्रविधि, शिक्षा र पर्यटन बजारको पहुँच प्रदान गर्नेछ ।

नेपालले अफ्रिकी देशहरूसँग कूटनीतिक, शैक्षिक र व्यापारिक सम्बन्ध सुदृढ गर्नेछ। अफ्रिकामा बढ्दो बजार र युवा जनशक्ति छ भने नेपालले कृषि, जलविद्युत् र पर्यटनमा आफ्नो अनुभव बाँड्न सक्छ।

आफ्नो संस्कृति, परम्परा र असल अभ्यासलाई विश्वभरि फैलाउन सकिन्छ भन्ने मान्यतामा आधारित भई सांस्कृतिक कूटनीतिको उपयोग गरिनेछ। नेपालले "शुद्ध हिमालय मूल" (Pure Himalayan Origin) को विश्वव्यापी निर्यात पहिचान निर्माण गर्नेछ। यस ब्रान्डले कृषि, हस्तकला, जलविद्युत् र पर्यटनका प्राकृतिक तथा उच्च गुणस्तरका उत्पादनहरूलाई प्रचार गर्नेछ।

## ३.११ गतिशील राष्ट्रिय सुरक्षा

गतिशील पार्टीले रक्षा र राष्ट्रिय सुरक्षाका सवालमा सुरक्षित, बलियो र गौरवशाली नेपालको परिकल्पना गरेको छ। सार्वभौमसत्ताको रक्षा गर्ने र राष्ट्र निर्माणमा मदत गर्ने आधुनिक, व्यावसायिक र जनताकेन्द्रित सुरक्षा बलको नेपाललाई खाँचो छ।

पार्टीले प्रविधिमा बलियो, बहुद्देश्यीय र अखण्डतामा जरा गाडेको प्रविधिमैत्री "स्मार्ट डिफेन्स फोर्स" को परिकल्पना गरेको छ । नेपाली सेनाले सीमा रक्षा गर्छ, विपदमा नागरिकको उद्धार गर्छ, प्रकृतिको संरक्षण गर्छ र राष्ट्रको मनोबललाई उच्च राख्छ। सेना एकता, अखण्डता र समावेशीकरणको साँचो प्रतीक हुनेछ ।

सेना, प्रहरी र अनुसन्धान विभाग सहितको रक्षा बलको गठन उच्च मनोबल तथा आधुनिकीकरणमा आधारित हुनेछ। समग्र पारदर्शिता र जवाफदेहिता सहित आधुनिक उपकरण, उच्च गतिशीलता, साइबर आक्रमण प्रतिरोधी र ड्रोन-आधारित निगरानीमा जोड दिइनेछ।

रक्षा बल बहुउपयोगी हुनेछ। रक्षा र विकासको लागि समान रूपमा उपलब्ध हुनेछ। उसले विपद् प्रतिकार्य, उद्धार, पूर्वाधार र प्रकृति संरक्षणमा प्रभावकारी भूमिका खेल्नेछ।

रक्षा बल जनताको हो तर राजनीतिक शक्ति होइन भन्ने भावमा सबै सुरक्षा दस्ताको अभिमुखीकरण गरिनेछ। सेना नेपालका सबै समुदायको प्रतिनिधित्व गर्ने व्यावसायिक, अराजनीतिक, समावेशी सशस्त्र शक्ति हुनेछ भन्ने मान्यता गतिशील पार्टीको छ।

स्मार्ट सुरक्षामा रक्षा बललाई रुपान्तरण गरिनेछ। प्रतिकुलतामा नागरिक अधिकारको रक्षा गर्ने, साइबर आक्रमण र अन्य अनपेक्षित खतराहरूसँग जुध्न सक्ने क्षमतायुक्त मुलुकको सुरक्षा संयन्त्र हुनेछ ।

उच्च हिमाली भेग र प्रतिकुल जलवायुमा परिचालन हुन सक्ने दक्षता हासिल गरेको दस्तालाई सीमा सुरक्षा र दुर्गम भेगमा समुदायको सहयोगीका रुपमा परिचालन गरिनेछ।

शान्ति सेनाको रूपमा नेपालको विश्वव्यापी छविलाई थप उजिल्याउँदै संयुक्त राष्ट्र संघीय शान्ति स्थापनामा नेपालको नेतृत्व विस्तार गरिनेछ।

सुरक्षा संगठन भित्रका खरिदलाई पारदर्शी बनाइनेछ। खरिद प्रक्रिया नागरिक निरीक्षणका लागि उपलब्ध हुनुपर्छ । सुरक्षा संगठनमा भ्रष्टाचारको लागि शून्य सहनशीलता हुनुपर्छ।

### ३.१२ लोकतन्त्रका लागि सुशासन

विकृत लोकतन्त्रले नागरिकमा असन्तुष्टी पैदा गर्छ। यसले अशान्ति, हत्याहिंसा, सम्पत्तिको नाश र अस्थिरता निम्त्याउछ भन्ने ज्वलन्त उदाहरण हाम्रो सामु छ । खराब पात्रहरुका चालचलनले असल व्यवस्थालाई बदनाम गर्छ ।विगतका हाम्रा सबै खाले संघर्षका उपलब्धिको रक्षा तथा लोकतन्त्रको सुदृढीकरणका लागि गतिशील पार्टीले सुशासनका क्षेत्रमा निम्न कार्यहरु गर्नेछः

**संवैधानिक परिषद् सुधारः** अख्तियार दुरुपयोग अनुसन्धान आयोग, महालेखा परीक्षक, लोकसेवा आयोग लगायतका संवैधानिक निकायका प्रमुखहरू नियुक्त गर्ने संवैधानिक परिषद् लामो समयदेखि राजनीतिक हस्तक्षेपको चपेटामा परेको छ। संविधान संशोधनमार्फत परिषद्को सदस्य संरचना, निर्णय प्रक्रिया र नियुक्ति प्रणालीमा सुधार गरी दलहरूको प्रभाव घटाइने छ ।

**उच्चस्तरीय सम्पत्ति छानबिन आयोगः** वि.सं. २०४८ सालदेखि सार्वजनिक पदमा रहेका राजनीतिक व्यक्ति, मन्त्री, सांसद, उच्च पदस्थ व्यक्तिहरुको सम्पत्ति विवरणमा पारदर्शिता ल्याउन “स्वतन्त्र उच्चस्तरीय सम्पत्ति छानबिन आयोग” गठन गरिनेछ । आयोगलाई सम्पत्ति घोषणाको सत्यापन, अघोषित सम्पत्तिको स्रोत पत्ता लगाउने र अनुचित सम्पत्तिको जफत गर्न सिफारिस गर्ने कानुनी अधिकार दिइनेछ ।

**एकीकृत भ्रष्टाचार निवारण ऐनः** वर्तमान कानुनी संरचनाले केवल सरकारी क्षेत्रभित्रको भ्रष्टाचारलाई नियमन गर्ने भएकाले निजी क्षेत्र, गैरसरकारी संस्था र सुरक्षा संस्था सबै क्षेत्रलाई समेट्ने गरी “एकीकृत भ्रष्टाचार निवारण ऐन” ल्याइनेछ ।

**महालेखा परीक्षकको अधिकार विस्तारः** महालेखा परीक्षकले राजनीतिक दल, अर्धसरकारी निकाय र सार्वजनिक वित्त प्रयोग गर्ने सबै संस्थामा लेखापरीक्षण गर्ने कानुनी व्यवस्था गरिनेछ ।

**निर्वाचन प्रणाली सुधारः** विचार र नीतिमा आधारित राजनीतिक प्रतिस्पर्धा गर्न र नैतिक राजनीतिलाई बलियो बनाउन उम्मेदवारले सीमित संख्यामा मात्र सार्वजनिक सभामा आफ्नो एजेन्डा प्रस्तुत गर्ने र घरदैलो प्रचारमा खर्च गर्ने प्रवृत्तिलाई निरुत्साहित गरिन्छ ।निर्वाचन आयोगले निर्वाचन क्षेत्रअनुसार ४–५ स्थानमा सामूहिक बहस र एजेन्डा प्रस्तुति कार्यक्रम आयोजना गर्ने प्रणाली लागू गरिनेछ।

**विद्युतीय सुशासन विस्तारः** नागरिकता, राहदानी, राष्ट्रिय परिचयपत्र, ड्रनईभिंग लाईसेन्स लगायत प्राप्त गर्ने कार्य, घरजग्गा किनबेच, गाडी किनवेच जस्ता सिमित कार्य बाहेक अन्य सेवा लिनको लागि कार्यालयमा सेवाग्राही जानै नपर्ने गरी अनलाइन प्रणालीमा रुपान्तरण गरिनेछ।

**ब्लकचेन प्रविधि प्रयोगः** सरकारी खरिद, बजेट खर्च र सम्पत्ति विवरण प्रणालीमा ब्लकचेन प्रविधि लागू गरिनेछ । ब्लकचेनको पारदर्शी र अपरिवर्तनीय संरचनाले नक्कली कागजात, विवरण हेरफेर र आर्थिक दुरुपयोग असम्भव बनाउनेछ ।

**राजनीतिक इच्छाशक्ति र प्रतिबद्धताः** राजनीतिक दलका सबै पदाधिकारी र निर्वाचित प्रतिनिधिहरूले नियमित रूपमा सम्पत्ति विवरण बुझाउनुपर्ने कानुनी व्यवस्था गरिनेछ । भ्रष्टाचारको मुद्दा अदालतमा पुगेपछि सम्बन्धित व्यक्तिको दलिय पद स्वतः खारेज हुने प्रणाली विकास गरिनेछ ।

**संवैधानिक निकायहरूको स्वतन्त्रताः** अख्तियार, महालेखा परीक्षक, लोकसेवा आयोग र निर्वाचन आयोगजस्ता संवैधानिक निकायहरूमा राजनीतिक हस्तक्षेप रोक्न कानुनी र संस्थागत सुरक्षाको प्रत्याभुति दिइनेछ ।

**अनुसन्धान र अभियोजन सुदृढीकरणः** निष्पक्ष र दक्ष अनुसन्धानका लागि अख्तियारका अनुसन्धान शाखा र अभियोजन कार्यालयलाई आवश्यक स्रोत, प्रविधि, तालिम र जनशक्ति उपलब्ध गराइनेछ।

**नागरिक सहभागिताः** सार्वजनिक सुनुवाइ, सामाजिक लेखापरीक्षण, र नागरिक निगरानी समितिलाई कानुनी रूपमा अनिवार्य बनाई नागरिकलाई नीति निर्माण, योजना र कार्यान्वयनमा प्रत्यक्ष सहभागी गराइनेछ।

**दण्डहीनता अन्त्यः** निष्पक्ष अनुसन्धान र अभियोजनपछि दोषी ठहर भएका व्यक्तिलाई कानुनअनुसार कडा सजाय दिइनुपर्छ। यसले उदाहरणीय दण्डको संस्कार विकास गर्छ र अन्यलाई भ्रष्टाचारबाट टाढा रहन चेतावनी दिन्छ।

**विशेष अदालत सुदृढीकरणः** भ्रष्टाचारसम्बन्धी मुद्दाहरू छिटो र निष्पक्ष रूपमा निपटान गर्न न्यायाधीशको संख्या बढाउने, प्राविधिक उपकरण उपलब्ध गराउने र पारदर्शी प्रक्रियालाई प्राथमिकता दिने गरी विशेष अदालतको क्षमता विस्तार गरिनेछ ।

**सुशासन सूचकाङ्क विकासः** संघ, प्रदेश र स्थानीय तहमा पारदर्शिता, जवाफदेहिता, सेवा गुणस्तर र नागरिक सन्तुष्टि मापन गर्न "सुशासन सूचकाङ्क" तयार गरिनेछ।

**नागरिक सचेतना कार्यक्रमः** विद्यालयदेखि विश्वविद्यालय तहसम्म नैतिकता, सुशासन र भ्रष्टाचार विरोधी शिक्षालाई समावेश गरिनेछ। साथै, जनस्तरमा चेतनामूलक कार्यक्रम, रेडियो/टिभी सन्देश, र सामुदायिक संवाद सञ्चालन गरिनेछ।

**सूचना प्रविधिसम्बन्धी खरिद ऐनः** सूचना तथा सञ्चार प्रविधि क्षेत्रको सेवा र वस्तुको खरिदमा बढ्दो भ्रष्टाचार रोक्न विशेष कानुन बनाइनेछ।

**व्हिसलब्लोअर सुरक्षा ऐन कार्यान्वयनः** भ्रष्टाचारको सूचना दिने वातावरण सुरक्षित बनाउँन र पारदर्शिता कायम गर्न भ्रष्टाचार उजागर गर्ने सूचनादातालाई कानुनी सुरक्षा, गोपनीयता र आर्थिक प्रोत्साहन प्रदान गरिनेछ ।

**सामाजिक मूल्य र नैतिक आचरण सुधारः** दीर्घकालीन रूपमा भ्रष्टाचारविरुद्धको सामाजिक प्रतिरोध बलियो बनाउन समाजमा इमानदारी, पारदर्शिता र जवाफदेहिता जस्ता मूल्यहरूलाई शिक्षा, धर्म, मिडिया र समुदायमार्फत सांस्कृतिक अभ्यासका रूपमा संस्थागत गरिनेछ।

धनजनको हिनामिना गरेका, आफुखुसी गरेका, ऐननियम पालना नगरेका विगतदेखि वर्तमान पुस्ता (बेबी बुमरदेखि जेन एक्स, जेन वाई, जेन जी, जेन अल्फा तथा जेन बिटा) सबैलाई कानुनी परीक्षणमा ल्याइनेछ।

## ३.१३ उज्ज्वल भविष्यका लागि दिगो विकास लक्ष्य

सन् २०३० सम्ममा संसारबाट गरिबी अन्त्य गर्ने प्रमुख उद्देश्य राखेर सुरु गरिएको दिगो विकास लक्ष्यका आर्थिक (दिगो आर्थिक वृद्धि र उत्पादनमूलक रोजगारी लगायत), सामाजिक (गरिबीको अन्त्य, स्वास्थ्य, शिक्षा, समानता लगायत) र वातावरणीय (जलवायु परिवर्तन, जैविक विविधता र स्वच्छ पानीको संरक्षण लगायत) पक्ष छन् । यस अन्तर्गत राखिएका १७ वटा मुख्य लक्ष्य पूर्तिबाट मानव समुदायको लागि समृद्ध, न्यायपूर्ण र शान्तिपूर्ण भविष्य सुनिश्चित हुन्छ भन्ने अपेक्षा गरिएको छ ।

नेपालले यी लक्ष्यहरूलाई आत्मसात् गरी आफ्नो विकास नीति, आवधिक योजना तथा वार्षिक बजेटहरूमा आन्तरिकीकरण गर्ने गरेको छ। यी लक्ष्य हासिल गर्न संघ, प्रदेश र स्थानीय सरकारका साथै निजी क्षेत्र, नागरिक समाज र जनताको संयुक्त प्रयास आवश्यक हुन्छ ।

दिगो विकास लक्ष्य हासिल गर्नका लागि वार्षिक औसत ३० खर्ब २३ अर्ब रुपैयाँ खर्च गर्नुपर्ने र यसमध्ये ५८ प्रतिशत सरकारले व्यहोर्ने भनिएको सन्दर्भमा वित्तीय स्रोतको उपलब्धतामा रहेको ठूलो खाडललाई सम्बोधन गर्नुपर्ने देखिन्छ ।

दिगो विकास लक्ष्य प्राप्तिका लागि आवश्यक वित्तीय स्रोत साधन, प्रविधि तथा जनशक्ति व्यवस्था गर्न आन्तरिकका साथै वैदेशिक स्रोत साधन जुटाउन जोड दिइनेछ। अपुग स्रोत जुटाउन अन्तर्राष्ट्रिय सहायता परिचालनमा जोड दिइनेछ र प्रभावकारी आर्थिक कूटनीति सञ्चालन गरिनेछ।

दिगो विकास लक्ष्यको एकीकृत राष्ट्रिय लगानी ढाँचाको आधारमा वित्त परिचालन गरिनेछ। दिगो विकास लक्ष्यको मूलभूत विषयलाई आत्मसात् गर्दै संघ, प्रदेश र स्थानीय सरकार, निजी क्षेत्र, नागरिक समाज, गैरसरकारी संस्था, शिक्षण संस्थाहरू, सामाजिक संघ संस्थाहरूलाई प्रोत्साहित गरिने छ।

यसमा सरकार, निजी क्षेत्र, सहकारी, विकास साझेदार, नागरिक समाज र जनताबीचको सहयोग, समन्वय र सहकार्यका साथै विश्वव्यापी साझेदारीका कार्यक्रमहरू अभिवृद्धि गरिनेछ। निजी क्षेत्रलाई लगानीको वातावरणमा सुधार र वित्तीय उत्प्रेरणाका नीतिको माध्यमबाट प्रभावकारी रूपमा परिचालन गरिनेछ।

## ३.१४ समृद्ध समाजको परिचायकः कला, संस्कृति र खेलकुद

कला, संस्कृति र खेलकुदको विकास सभ्य र समृद्ध समाजको परिचायक हुन्। सांस्कृतिक विकासले समाजमा राष्ट्रिय भावनालाई समेत बलियो बनाउँछ भन्ने मान्यताका आधारमा युवाहरूमा राष्ट्रियता, नैतिकता, अनुशासन, स्थानीय संस्कृति, स्वयंसेवी भावना र असल संस्कारको विकास गरिनेछ ।

नेपालका सबै जातजाती, भाषा, धर्म, समुदाय, परम्परासँग जोडिएका कला, संस्कृतिको प्रवर्द्धन गरिनेछ ।सबै तहको नीति निर्माणमा युवाको सार्थक सहभागिता बढाइनेछ।युवाको क्षमता विकासको अवसर सिर्जना गरिनेछ र वित्तीय पहुँच विस्तार गरी उनीहरूलाई स्वरोजगार बनाइनेछ।

इन्टर्नशिप र स्वयंसेवा जस्ता कार्यक्रम मार्फत् युवा परिचालन गरिनेछ, उद्यमशील नेतृत्व विकास गरिनेछ, युवालाई सामाजिक अभियन्ताको रूपमा परिचालन गरिनेछ।

खेलकुदलाई मानव पुँजी निर्माणको अभिन्न अंगको रूपमा विकास गर्न पूर्वाधारहरूको निर्माण र स्तरोन्नतिसँगै प्रशिक्षणको व्यवस्था गरिनेछ। आधारभूत तहदेखि नै खेलकुद प्रतियोगिता सञ्चालन गरी प्रतिभावान खेलाडीको पहिचान र विकास गरिनेछ।

खेलकुदबाट आयआर्जन गर्न खेलकुद पर्यटनलाई प्रोत्साहन गरिनेछ र यस क्षेत्रलाई व्यावसायिक बनाइनेछ।शारीरिक शिक्षालाई पाठ्यक्रममा समावेश गरिनेछ र सोको लागि न्यूनतम जनशक्तिको व्यवस्था गरिनेछ।

सबै स्थानीय तहमा एक-एक खेलग्रामसहित प्रशिक्षणको व्यवस्था गरिनेछ।सबै प्रदेशमा कम्तीमा एउटा सुविधा सम्पन्न खेल पूर्वाधार विकास गरी नियमित रूपमा स्थानीय, जिल्ला, प्रदेश तथा राष्ट्रिय खेलकुद प्रतियोगिता सञ्चालन गरिनेछ।खेलकुद सङ्ग्रहालय निर्माण र खेलकुद विश्वविद्यालय स्थापना गरिनेछ।

## ३.१५ हरेक क्षेत्रमा युवा

नेपालको जनसङ्ख्याको अधिक हिस्सा युवा तथा काम गर्ने उमेर समूहको छ। देशमा व्याप्त बेरोजगारी तथा राजनीतिक अस्थिरताका कारण युवा पलायन व्यापक छ। हामीले कुनै पनि नीति बनाउँदा युवालाई केन्द्रमा राखेर बनाउनु पर्छ र यसको जनसाङ्ख्यिक लाभ लिन सक्नु पर्छ।

गतिशील लोकतान्त्रिक पार्टीको नीति भनेकै युवालाई समाजका हरेक क्षेत्रमा प्राथमिकतामा राखेर काम गर्नु हो।

ऊर्जावान् र नवीन युवा जनसङ्ख्याले उत्पादकत्व, उद्यमशीलता र प्राविधिक क्षमता विस्तार गरेर विकासको गतिलाई अगाडि बढाउन सक्छ। युवा परिवर्तनप्रति बढी अनुकूल हुन्छन्। नयाँ सीप अँगाल्ने सम्भावना बढी हुन्छ र नवप्रवर्तन मार्फत परम्परागत उद्योगलाई रूपान्तरण गर्न सक्षम हुन्छन्। उचित शिक्षा र रोजगारीका अवसर प्रदान गरियो भने युवाले राष्ट्रिय आय बढाउन, गरिबी घटाउन र देशको विश्वव्यापी प्रतिस्पर्धात्मकता बढाउन सक्छन्। उत्पादक जनसङ्ख्याले आय र कर बढाउन योगदान पुऱ्याउँछ। यसलाई पूर्वाधार, स्वास्थ्य र शिक्षामा पुनः लगानी गरी दिगो विकास चक्र निर्माणको मूल आधार बनाउन सकिन्छ ।

उपयुक्त नीतिहरू बिना ठूलो युवा जनसङ्ख्या बोझ बन्न सक्छ। त्यसले बेरोजगारी, गरिबी र सामाजिक अशान्ति निम्त्याउन सक्छ। नेपालको जनसाङ्ख्यिक अवसरलाई प्रभावकारी रूपमा उपयोग गर्न एक समन्वयकारी र संयमित योजना आवश्यक छ ।

हाम्रो पार्टी युवा केन्द्रित गुणस्तरीय शिक्षा र सीप विकासमा लगानी गर्ने कार्यलाई सर्वोच्च प्राथमिकता राख्नुपर्छ भन्नेमा विश्वास गर्छ। शिक्षा प्रणालीलाई रोजगार बजारसँग मिल्दो बनाउने, व्यावसायिक र प्राविधिक तालिमलाई प्रवर्द्धन गर्न सुधार गर्ने, डिजिटल साक्षरतामा पहुँच विस्तार गर्ने कार्य गरिनेछ।

स्वदेशमा रोजगारीका अवसरहरू सिर्जना गर्नु आवश्यक छ। सरकारले कृषि आधुनिकीकरण, पर्यटन, उत्पादन र सूचना प्रविधि जस्ता प्रमुख क्षेत्रहरूमा लगानीलाई प्रोत्साहन गर्नुपर्छ। अनुदान, ऋण पहुँच र कर प्रोत्साहन मार्फत साना तथा मझौला उद्यमहरू र स्टार्ट-अपलाई सहयोग गर्ने नीति लिइनेछ। यस्ता अवसरहरूलाई विकेन्द्रीकरण गरेर प्रदेशहरूमा औद्योगिक क्षेत्र र युवा नवप्रवर्तन केन्द्रहरू विकास गरिनेछन्।

युवालाई स्वदेशमा नै रोक्नका लागि सुशासन र राजनीतिक स्थिरता सुनिश्चित गर्नु महत्त्वपूर्ण छ। पारदर्शी नीतिहरू, समावेशी निर्णय लिने र शासनमा युवा सहभागिताले विश्वास र दीर्घकालीन राष्ट्रिय दृष्टिकोण निर्माण गर्न सक्छ। हाम्रो पार्टी त्यसका लागि विशेष कार्यक्रम ल्याउन प्रतिबद्ध छ।

### ३.१६ स्थानीय सरकार - समुदायको शासन

गतिशील पार्टी समुदायको शासनमा विश्वास गर्छ। सक्षम र आत्मनिर्भर गाउँपालिका र नगरपालिकाले मात्र संघीयतालाई सफल बनाउन सक्छन भन्ने पार्टीको मान्यता छ । संघीय नेपालको मूल संरचनामा संघ, प्रदेश र स्थानीय गरी तीन तहको हुने र तीन तहले संविधान र कानून बमोजिम राज्यशक्तिको प्रयोग गर्ने व्यवस्था छ।

पार्टी संविधानतः नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधिनता, राष्ट्रिय हित प्रतिवद्ध रहेको र संघीयताको माध्यमवाट बहुलता र समानतामाम आधारित समावेशी एवं समतामुलक समाज निर्माण गर्न सकिन्छ भन्ने कुरामा विश्वस्त छ । यसैगरी नेपालमा संघीय व्यवस्थाको सफल प्रयोगका लागि संघ, प्रदेश र स्थानीय तह वीचको सम्वन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित रहने कुरामा प्रतिवद्ध रहेको छ ।

स्थानीय तहले जनताको नजिक रहेर आफ्नो अधिकार प्रयोग गर्छन। संघीयता र लोकतन्त्रलाई सबल बनाउन स्थानीय तहलाई प्रभावकारी एवं साधन स्रोत सम्पन्न बनाउन आवश्यक छ। तरपनि स्थानीय तहका सम्बन्धमा संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएका व्यवस्थाहरुको प्रभावकारी प्रयोग भएको छैन। स्थानीय सरकारले विकासको लय समात्न नसकेकोले सर्वसाधारणले संघीयतामै प्रश्न उठाउन थालेका छन्।

संविधानले स्थानीय तहको अधिकार र स्रोत साधन सूचीकृत गरेको भएपनि अधिकार र साधन स्रोतका वीच सन्तुलन कायम हुन सकेको छैन । अधिकार स्थानीय तहमा र स्रोत साधन केन्द्रमा रहने स्थिति भएकाले आवश्यक कानूनहरु समेत तर्जुमा हुन सकेको अवस्था छैन । तसर्थ अधिकार र स्रोत साधनको वाँडफाँड गर्दा सन्तुलित र व्यवहारिक हुनुपर्छ भन्ने हाम्रो पार्टीको धारणा रहेको छ ।

नागरिकले अपेक्षा गरेको पूर्वाधार विकास, सेवा प्रवाह, जवाफदेहिता, दक्षता र पारदर्शिता कायम गर्न बहुसंख्यक स्थानीय सरकार असफल भएका छन्।स्थानीय तहको निर्वाचनपछि पूर्वाधार विकासले गति लिएको भए पनि नागरिकको उच्च अपेक्षा पूरा गर्न सकेका छैनन् । स्थानीय बासिन्दा र सरकारको प्राथमिकता मेल खाएका छैनन्। सर्वसाधारणको कुरा नसुनिएको, समाजका जान्ने सुन्ने र ठूलाबडा हाबी भएको, कर्मचारीले ढिलासुस्ती गरेको बारे गुनासो व्याप्त छ।

यो पृष्ठभूमिमा गतिशील पार्टीले स्थानीय सरकारलाई सबल बनाउन संघ र प्रदेशबाट अधिकार प्रत्यायोजन तथा निक्षेपण गर्ने कार्यलाई प्राथमिकताका साथ अघि बढाउनेछ। स्थानीय स्रोत साधनको परिचालनलाई दक्ष बनाउने, स्थानीय समस्या हल गर्न सक्ने, साना तथा मझौला परियोजना विकास गर्न सक्ने गरी स्थानीय तहलाई आत्मनिर्भर बनाउने कार्य पार्टीले गर्नेछ।

स्थानीय तहमा कार्यरत कर्मचारीको दक्षता बढाउने, ढिलासुस्तीलाई निरुत्साहित गर्ने नागरिक बडापत्र कडाइका साथ लागु गर्ने, भ्रष्टाचार, घूसखोरी नियन्त्रण गर्ने, नागरिकसँग शिष्ट व्यवहार गर्न कर्मचारीलाई प्रशिक्षण गर्ने कार्यमा पार्टीले जोड दिनेछ।

नागरिकको व्यापक सहभागिताका आधारमा स्थानीय तहको बजेट तर्जुमा गरी पारदर्शिता कायम गर्ने, कार्यक्रम कार्यान्वयनमा नागरिक अनुगमन, कार्यक्रम सम्परीक्षण तथा वित्तीय लेखा परीक्षणलाई सुनिश्चित गर्ने कार्य अगाडी बढाइनेछ। योजना छनोट, योजना तर्जुमा तथा कार्यान्वयन र मूल्यांकनमा स्थानीय समुदायको सहभागिता अनिवार्य गराइनेछ।

स्थानीय सरकारले योजना तर्जुमा गर्दा समुदायसँग कार्यक्रमको प्राथमिकीकरण र बजेटको सीमा सम्बन्धमा वृहत छलफल गर्ने छन् । पालिकास्तरमा हुने विकास निर्माणका कार्यहरु वडा कार्यालय मार्फत सम्पादन गर्ने व्यवस्था गरिनेछ । भ्रष्ट्राचार र अनियमितता नियन्त्रणका लागि आयोजनाहरुको सामाजिक परीक्षण र आर्थिक परीक्षण समुदायस्तरमावाट गरिने व्यवस्था मिलाईनेछ ।

स्थानीय तहमा सुशासन, पाददर्शीता एवं जवाफदेहिता कायम गर्नका लागि स्थानीय तहमा निर्वाचित भएर आउने जनप्रतिनिधिहरुका लागि आचारसंहिता जारी गरिनेछ साथै त्यसको कठोर परिपालना सुनिश्चित गरिनेछ ।

विद्यमान ७५३ स्थानीय तहहरु आकारका हिसावले सानो भएको र सरकारका रुपमा प्रभावकारी रुपमा काम गर्न नसकेकोले हाल कायम रहेको वडा संख्या कायमै राखी पालिका अर्थात स्थानीय तहको संख्या घटाउने पहल गरिनेछ ।

स्थानीय सेवा व्यवस्थापन प्रभावकारी वनाईनेछ । यसका लागि स्थानीय प्रहरीको व्यवस्थापन र परिचालन, सहकारी नियमन, तथ्यांक संकलन र व्यवस्थापन, आयोजना सञ्चालन र मुल्यांकन, गुणस्तरीय शिक्षा, स्वास्थ्य र सरसफाईको व्यवस्थापनमा ध्यान दिईनेछ । जग्गाधनी प्रमाणपुर्जा स्थानीय तहवाट वितरण गर्ने पहल गरिनेछ ।

सूचनामूलक, चेतनामूलक तथा स्थानीय जनचासोका विषयमा नागरिकसँग संवादलाई प्रभावकारी बनाउन सार्वजनिक स्थल, सामुदायिक भवन, सामाजिक सञ्जाल, रेडियो, टेलिभिजन तथा पत्रपत्रिका

लगायत उपलब्ध सबै किसिमका सञ्चार माध्यमको उपयोग स्थानीय सरकारले गर्ने छन् । स्थानीय एफएम सञ्चालन कार्यलाई प्रोत्साहन गरिनेछ । स्थानीय तहवाट सम्पन्न भएका आयोजनाहरु स्थानीय एफएमवाट प्रचार प्रसार गर्ने व्यवस्था मिलाईनेछ । ।

स्थानीय सरकारको प्राथमिकता भौतिक पूर्वाधार सडक, बिजुली, पानी, ढलनिकास, बाढी पैह्रो नियन्त्रण, वारुणयन्त्र तथा एम्बुलेन्सको व्यवस्था जस्ता स्थानीय जनताको दैनिकीसँग प्रत्यक्ष जोडिएका विषय हुनुपर्छ ।

कृषिसँग जोडिएका सिँचाइ, मल, बीऊबिजन, अन्य कृषि सामग्री तथा औजार एवं बजारीकरणमा स्थानीय सरकारले सहायता गर्नुपर्छ । युवाकेन्द्रीत व्यावसायिक तालिम, स्थानीय रोजगारीको प्रवर्द्धन, स्वरोजगारका लागि कर्जाको व्यवस्थामा पनि स्थानीय सरकारले महत्वपूर्ण भूमिका खेल्न सक्छन्।

कृषिकर्मलाई उद्यमशीलतासंग जोड्नका लागि वडा अन्तरगतको सम्पूर्ण कृषियोग्य जमिनको पूर्ण प्रयोग गरि अधिकतम् फसल उत्पादन गर्ने व्यवस्था गरिनेछ । कुनै पनि कृषि जमिन पूर्ण वा आंशिक रुपमा बाझो राखिने छैन ।

कृषि जमिनको पूर्ण प्रयोग र उत्पादन गर्न कुन फसलको के कस्तो पूर्वाधार विकास गर्नुपर्दछ सो को कार्यमा वडा कार्यालयको विशेष जिम्मेवारी हुनेछ । वडामा सबैभन्दा बढि र सफल फसललाई वडाभरि उत्पादन गरिने व्यवस्था मिलाईनेछ ।

कृषि फसलको औद्योगिक उत्पादन र वजारीकरणका लागि उपयुक्त स्थानमा उद्योग स्थापना र वजार विस्तार गरिनेछ । यस्ता फसललाई औद्योगिक मात्रामा उत्पादन गर्न दिइसकेको अरु वडाहरु वा सम्पूर्ण पालिकामा केही छिमेकको पालिका समेतको सम्भाव्यता भएको खण्डमा सबैसँग समायोजन गरि आवश्यक नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

यस प्रकारको उद्योग सञ्चालन गर्न स्थानिय उद्यमी वा नव उद्यमीलाई आवश्यकता पर्ने तालिम, अनुभव लगायतका सहुलीयत दरमा ऋण र प्राविधिक सहयोग उपलव्ध गराउने व्यवस्था मिलाईनेछ । सो मार्फत स्वउद्यमी तथा स्वरोजगारको मान्यता विकास गरी व्यक्ति, समाज र मुलुकलाई आत्मनिर्भर हुन अग्रसर गराईनेछ ।

उद्यम र उद्यमशिलताको विषयमा स्थानिय नव युवाहरुलाई आकर्षित गर्ने कार्यक्रम सञ्चालन गर्ने, बढावा दिने र प्रेरित गर्ने सेवा केन्द्र स्थापना गरी सेवा प्रवाह गर्ने व्यवस्था मिलाईनेछ । यस्तो सेवा केन्द्रवाट स्थानिय उत्पादनको बजार व्यवस्थापन गर्ने र खोज गर्ने साथै उत्पादनको गुणस्तर कायम गर्न सुपरिवेक्षण गर्ने र व्यवासयिक सल्लाह सुझाव र तालिम दिने कार्य गर्ने व्यवस्था मिलाईनेछ ।

वैदेशिक रोजगारीवाट फर्केका व्यक्तिहरुको ज्ञान, सीप र दक्षता तथा आर्जन गरेका आर्थिक स्रोतहरुको सही सदुपयोग गरी त्यसको माध्यमवाट उद्यमशीलता प्रवद्र्धन गर्ने नीति अवलम्वन गरिनेछ ।

स्थानीय बजार प्रदेशीय/राष्ट्रिय र अन्तर्राष्ट्रिय बजारबारे खोज र अनुसन्धान गरी उद्यमीहरुलाई जानकारी गराईनेछ ।

परम्परागत रोजगारीका अवसरहरूलाई प्रविधिमा आधारित अधिक प्रतिफलमुखी बनाउने। कृषि क्षेत्रलाई आधुनिकीकरण गरी थप रोजगारका अवसरहरू सिर्जना गर्न स्पष्ट नीति र स्रोतको व्यवस्थापन गराउने। रोजगारीको अवसरको न्यायोचित वितरणका लागि सम्भव भए वडास्तरीय रोजगारी सूचना तथा विकास केन्द्र स्थापना गरी चेतनामूलक र सूचनामूलक कार्यक्रम सञ्चालन गर्ने कार्य स्थानीय सरकारले गर्ने छन्।

स्वदेशमा रोजगारका अवसरहरु सृजना गर्नका लागि स्थानीय तहमा घरेलु तथा साना उद्योग, प्रदेश स्तरमा मझौला उद्योग र राष्ट्रिय स्तरमा ठूला उद्योगहरुको स्थापना र सञ्चालनमा जोड दिईनेछ । साथै यसका लागि लगानीमैत्री तथा सरल र सुलभ दरमा ऋण सहुलियत प्रदान गर्ने नीति वनाई कार्यान्वयन गरिनेछ ।

पालिकाभित्रवाट वैदेशिक रोजगारीमा गएकाहरुको अभिलेख राखी तिनीहरु कुनै शोषण वा अन्याय परेको छ/छैन, तोकिएको पारिश्रमिक तथा सुविधाहरु पाएका छन् वा छैनन् भन्ने जानकारी हांसिल गरी त्यसको निराकरण गर्न वडास्तरबाटै कारवाही अगाडी बढाउने व्यवस्था मिलाईनेछ ।

दक्ष वा अर्ध दक्ष र अदक्ष कामदारहरुको पारिश्रमिक र सेवाका शर्त र सुविधाहरु पारिकावाट नै निर्धारण गरी प्रभावकारी कार्यान्वयन, अनुगमन र गुनासो सुनवाई एवं निराकरण गर्ने व्यवस्था मिलाईनेछ।

रोजगादाता व्यक्ति, संस्था वा कम्पनीको पहिचान गरी आवश्यक रोजगारको माग हुने अवस्था र रोजगारी खोजी गर्ने व्यक्तिहरुको तथ्यांक वडास्तरमा संकलन गरी व्यवस्थापन गरिनेछ ।

वडा र पालिकाभित्रको कुनै पनि रोजगारको अवसरलाई स्थानिय वासिन्दालाई प्राथमिकता दिने व्यवस्था गरिनेछ र रोजगारीका लागि तालिमको आवश्यकता परेमा त्यस्तो तालिमको व्यवस्था समेत स्थानीय तहवाट नै दिने गरी व्यवस्था मिलाईनेछ ।

रोजगारीलाई उद्यमशीलतासंग जोड्ने पहल गरिनेछ । लगानी मैत्री र उद्यमशील वातावरण सृजना गर्न स्थानीय तहवाट नै पहलकदमी लिईनेछ ।

स्वास्थ्य सेवालाई रोकथाममुलक र उपचारमुलक गरी दुई भागमा विभाजन गरी कार्यान्वयन गरिनेछ ।संविधानमा सुनिश्चित गरिएका स्वास्थ्य सम्वन्धी मौलिक हकको प्रभावकारी कार्यान्वयनका लागि तीनै तहका सरकारहरुवाट तर्जुमा भएका स्वास्थ्य नीति तथा कार्यक्रमहरु सेवाग्राहीमुखी वनाउन नीतिगत दोहोरोपन हटाई लागत र गुणस्तर प्रभावकारीता सुनिश्चित गरिनेछ ।

माध्यमिक तहका सवै विद्यार्थीहरुलाई आधारभूत पारिवारिक स्वास्थ्य सम्वन्धी ज्ञान उपलव्ध गराउने र वडास्तरवाट प्रभावकारी अनुगमन गर्ने व्यवस्था मिलाईनेछ ।

समुदायस्तरमा प्राथमिक पारिवारिक स्वास्थ्य सम्वन्धी चेतना अभिबृद्धि कार्यक्रम सञ्चालन गरिनेछ । सरुवा रोग तथा महामारी एंव संक्रमण हुने रोगहरु नियन्त्रणका लागि पुर्व तयारीको व्यवस्था गरिनेछ । स्थानीय तहमा उपलव्ध हुने स्वास्थ्य सेवाको जानकारी एप मार्फत गराउने र सोही मार्फत सेवाग्राहीहरुको सन्तुष्टि मापन मुल्यांकन गर्ने व्यवस्था मिलाईनेछ ।

स्थानीय तहका सरकारको कुल वजेटको १० प्रतिशत स्वास्थ्य सेवामा विनियोजन गर्ने नीति तथा कानून तर्जुमा गरिनेछ । स्थानीय स्वास्थ्यकर्मीहरुको क्षमता विकासका लागि आवश्यक व्यवस्था गरिनेछ ।

उपचार भन्दा रोग लाग्नै नदिनु राम्रो हुन्छ भन्ने मान्यतालाई व्यवहारमा लागू गर्नका लागि स्वस्थ खाना र स्वस्थ जीवनयापन गर्ने विषयलाई राष्ट्रिय अभियानका रुपमा अगाडि वढाईनेछ । साथै स्वास्थ्यलाई समगै मानव अधिकारको आधारको रुपमा लिई नीति तथा कार्यक्रम तर्जुमा गरी लागू गरिनेछ ।

हुनेले-नहुंनेलाई, निरोगीले-रोगीलाई र सक्षमले-आश्रितलाई सहयोग गर्ने लोककल्याणकारी मान्यता वमोजिम कार्य गर्न सवै तह तप्कालाई प्रोत्साहन गरिनेछ ।

प्राथमिक उपचार टोलमा, आधारभूत स्वास्थ्य वडामा, आवासीय र शल्यक्रिया सहितको उपचार पालिकामा भन्ने मान्यतालाई व्यवहारमा कार्यान्वयन गरिनेछ ।

स्वास्थ्य उपचारको गुणस्तर र लागतको उपयोगको अनुगमन र मुल्यांकन गरिनेछ । अनुदानमा प्राप्त हुने सेवाहरु आवश्यकता र प्राथमिकताका आधारमा उपलव्ध गराईनेछ । स्वास्थ्य अनुदान र बीमा स्थानीय तह र समुदायको आवश्यकताका आधारमा निर्धारण गर्ने व्यवस्था मिलाईनेछ ।

आधारभुत स्वास्थ्य सेवा, स्वास्थ्य उपकरण, निःशुल्क औषधि वितरणको समुचित व्यवस्था स्थानीय सरकारले गर्ने छन् । गुणस्तरीय स्वास्थ्यको नारालाई व्यवहामा उतार्न टोल स्वास्थ्य चौकी, समुदायस्तरीय स्वास्थ्य स्वयंसेवकको व्यवस्था, वडास्तरीय स्वास्थ्य सेवा कार्यालय र पालिकास्तरीय सघन उपचार सेवासहितको अस्पतालको व्यवस्था, दक्ष निजी (डाक्टर र नर्स) को व्यवस्था, स्वास्थ्य सेवा प्रवाहको प्रभावकारी अनुगमन, सूचना प्रविधिमा आधारित स्वास्थ्य सेवा प्रवाहलाई स्थानीय सरकारले जोड दिने छन् ।

विद्यालयमा समानता, विभिन्न जात जातिका वालवालिकाहरुको उल्लेखित भर्ना दर भएपनि अझै विपन्न समुदाय तथा अपांगता भएका व्यक्तिहरुको शिक्षामा पहुँच हुन सकेको छैन । कमजोर एवं कम गुणस्तरको शिक्षा र नाजूक पारिवारीक अवस्था अर्थात चरम गरीविको चपेटामा परेका कारण शिक्षामा पहुँचको दायरा फराकिलो भएपनि त्यो अझै सवैका लागि हुन सकेको छैन ।

आधारभूत तथा माध्यमिक शिक्षालाई समाज र राष्ट्र विकासको आधारको रुपमा स्थापित गरिनेछ । आधारभूत शिक्षा अनिवार्य, माध्यमिक शिक्षा निःशुल्क र उच्च शिक्षा सर्वसुलभ भन्ने मान्यतालाई व्यवहारिक रुपमा कार्यान्वयन गर्नका लागि ठोस नीति तथा कार्यक्रम वनाई कार्यान्वयन गरिनेछ ।

विद्यालय, शिक्षक र विद्यार्थीहरुको वीचमा सन्तुलन कायम गरी आवश्यकता वमामेजिम विद्यालय गाभ्ने नीति अवलम्वन गरिनेछ ।

हरेक ३० मिनेटको दुरीमा एउटा आधारभूत विद्यालय, एउटा वडामा कम्तिमा एउटा माध्यमिक विद्यालय रहने र आवश्यक संख्याभन्दा कम विद्यार्थी भएका विद्यालयहरु गाभ्ने नीति अवलम्वन गरिनेछ । गाउँटोलका वालवालिकाहरुका लागि दुई वर्ष अवधिको पूर्व प्राथमिक विद्यालयहरु

समुदायस्तरमा सञ्चालन गरिनेछ । यस प्रकारका विद्यालयहरु संघीय सरकार र स्थानीय सरकारको साझा लगानीमा सञ्चालन गरिनेछ ।

आवश्यकता र जनघनत्व हेरेर पालिकाभित्र रहेका विद्यालयहरु मध्ये कम्तिमा एउटा विद्यालयले कक्षा ११ र १२ मा विज्ञान विषयको पढाई गर्ने गराउने व्यवस्था गरिनेछ ।

प्रत्येक गाउँपालिका वा नगरपालिकामा एक स्रोत विद्यालय स्थापना गरिनेछ । स्रोत विद्यालयले वरपरका विद्यालयमा कार्यरत शिक्षकहरुको तालिम, अनुगमन, पेशागत दक्षता अभिवृद्धि गर्ने कार्य गर्नेछ । त्यस्तै प्रत्येक प्रदेशमा एक शिक्षक तालिम तथा स्रोत विकास केन्द्र रहनेछ । यसले स्रोत विद्यालयका शिक्षकहरुको तालिम, अनुगमन, पेशागत दक्षता अभिवृद्धिको नेतृत्व र समन्वय गर्नेछ ।

हाल सञ्चालनमा रहेका करीव २७,३०० सामुदायिक विद्यालयलाई आवश्यकता र औचित्यताका आधारमा गाभ्ने र गाभिने प्रक्रियावाट करीव ७००० संख्यामा झार्ने र यसवाट शिक्षक अभाव व्यवस्थापन गर्ने प्रयत्न गरिनेछ । दरवन्दी मिलान, योग्य शिक्षकको व्यवस्था यथाशीघ्र गरिनेछ । करीव १ घण्टाभन्दा टाढा वढी दुरीवाट आउने विद्यार्थीहरुका लागि प्राथमिकताका आधारमा छात्रवासको व्यवस्था गरिनेछ ।

विद्यालय गाभ्दा हुने वचत रकमवाट प्रत्येक विद्यालयमा आवश्यक पूर्वाधार सहित एकजना कम्प्युटर शिक्षकको व्यवस्था गर्न सकिनेछ । यसवाट आधारभूत तथा माध्यमिक विद्यालयको गुणस्तर वृद्धि हुने अपेक्षा गर्न सकिन्छ ।

विद्यालय शिक्षालाई सम्भव भएसम्म सूचाना एवं प्रविधिमैत्री वनाईनेछ । हाल प्रचलनमा रहेको डिजिटल सामग्रीहरुलाई सरल एवं पहुँचयोग्य वनाइने छ । हरेक विद्यालयमा कम्प्युटर ल्याव स्थापना गर्ने व्यवस्था मिलाईनेछ । सेवा प्रदाय संस्थासंगको समन्वय र सहकार्यमा ईन्टरनेट सेवा विद्यालयसम्म विस्तार गरिनेछ ।

सूचना तथा प्रविधि प्रणाली मार्फत शिक्षक र विद्यार्थीको वैयक्तिक विवरण तयार गरिनेछ । यसको माध्यमवाट शिक्षकले हरेक विद्यार्थीको सिकाई, सहभागिता र प्रगतिको वारेमा जानकारी हाँसिल गर्न र मूल्यांकन गर्न सहज हुनेछ । साथै कुन विद्यार्थी कुन विषयमा कमजोर छ भन्ने कुरा पहिचान गरी थप उपाय अवलम्वन गर्न सहज हुनेछ ।

माध्यमिक शिक्षा पाठ्यक्रम थप वैज्ञानिक एवं व्यवहारिक वनाउन स्वतन्त्र विज्ञहरुवाट पुनरावलोकन गराईने छ । अध्ययन सामग्रीहरु वोझिलो नभई सरल र वोधगम्य वनाइने छ । पठनपाठन शुरु हुनु अघि हरेक विद्यालयमा पाठ्यपुस्तक पुर्याईनेछ ।

गरिव घरका विद्यार्थीहको लागि आवश्यकता अनुसार दिवा खाजाको व्यवस्था गरिनेछ । सामुदायिक विद्यालयलाई आर्थिक तथा अन्य सहयोग गर्न चाहने दाताहरुको सहयोग रकम चन्दाकोषमा दाखिला गरी गरिव परिवारका विद्यार्थीहरुको सहायताका लागि खर्च गरिनेछ ।

स्थानीय सरकारले विद्यालय स्तरमा गुणस्तरीय शिक्षाका लागि भौतिक पूर्वाधारको सुधार, कम्प्युटराइज्ड शिक्षा प्रणालीको विकास, दक्ष शिक्षकको व्यवस्था, अभिभावक तालिम र मूल्यांकनको

व्यवस्था, विद्यालय सुरक्षा क्षेत्र भन्ने नाराको व्यवहारिक कार्यान्वयन, नियमित शिक्षक र विद्यार्थी अवधारणाको विकास र कार्यान्वयन, शिक्षक अभिभावकबीच नियमित संवाद कार्यक्रम, प्राविधिक र रोजगारमूलक शिक्षामा जोड दिने छन् ।

घरबहाल कर, मालपोत लगायतका शुल्क तथा कर भुक्तानी, जन्म/मृत्यु दर्ता, विवाह दर्ता, नाता प्रमाणित नागरिकता लगायत गाउँपालिका, नगरपालिका तथा वडाहरुले दैनिक प्रवाह गर्ने सेवाहरूलाई सजिलो र झञ्झटमुक्त बनाइनेछ ।स्थानीय तहले असुल गर्ने कर तथा शुल्कको दर उच्च भएको भन्ने गुनासोलाई सम्बोधन गरिनेछ।

स्थानीय स्तरमा शान्ति सुरक्षा कायम गर्नका लागि संविधानले नगर प्रहरी गठन गर्न सक्ने व्यवस्था गरेको छ । सो वमोजिम स्थानीय तहमा शान्ति सुरक्षा कायम गर्ने, स्थानीय तह र समुदायको सम्पतिको संरक्षण गर्ने तथा स्थानीय तहको न्यायिक समितिवाट भएका निर्णयहरु कार्यान्वयनमा सहयोग गर्ने कार्यमा नगर प्रहरीको परिचालन गर्नु उपयुक्त हुने हाम्रो पार्टीको ठम्याई रहेको छ ।

स्थानीय तहले आफ्नै आन्तरिक स्रोतवाट व्ययभार हुने गरी स्थानीय ऐन वमोजिम नगर प्रहरीको गठन, सञ्चालन, व्यवस्थापन र नियमन गर्ने व्यवस्था मिलाईनेछ । यसका लागि आन्तरिक स्रोत अभिवृद्धि गर्न स्थानीय तहलाई प्रोत्साहन गरिनेछ ।

स्थानीय तहको नीति, कानून र निर्णय कार्यान्वयन, सांस्कृतिक समारोहको व्यवस्थापन, स्थानीय वजार एवं पार्किंगको व्यवस्थापन, स्थानीय सरसफाई, विपद् व्यवस्थापन, राहत तथा उद्दार कार्य व्यवस्थापन, छाडा चौपायां नियन्त्रण तथा व्यवस्थापन कार्यमा नगर प्रहरी परिचालन गरिनेछ ।

स्थानीय तहको सम्पति, सार्वजनिक ऐलानी र पर्ती जग्गा, सार्वजनिक भवन, सम्पदा तथा स्थानीय पुर्वाधारको संरक्षण र विकास कार्यमा नगर प्रहरी परिचालन गरिनेछ ।

स्थानीय न्यायिक समिति वा स्थानीय अदालतवाट भएका निर्णयहरुको कार्यान्वयन गर्न नगर प्रहरीलाई परिचालन गर्ने व्यवस्था मिलाईनेछ ।

स्थानीय शान्ति सुरक्षा कार्यमा नेपाल प्रहरीका अलावा नगर प्रहरी परिचालन गर्ने व्यवस्था मिलाईने छ, जसवाट जनता र नगरप्रहरी वीच सहयोग र समन्वयको भावना विकास हुनेछ ।

नेपालको संविधानले स्थानीय तहमा पालिका उपाध्यक्ष वा उपप्रमुखको संयोजकत्वमा न्यायिक समिति रहने व्यवस्था गरेको छ । यद्यपि हाम्रो जस्तो मुलुकमा निर्वाचित व्यक्तिलाई न्याय निरुपण गर्ने जिम्मेवारी दिंदा न्यायको मुल्य र मान्यता पालनामा हुने कुरा सुनिश्चित गर्न कठीन देखिन्छ । यसका लागि स्थायी संरचना र अधिकारक्षेत्रको दायरा विस्तार गर्नुपर्ने हाम्रो पार्टीको धारणा रहेको छ ।

विद्यमान न्यायिक समितिको संरचनामा फेरवदल गरी न्यायिक समितिमा पालिकाको उपाध्यक्ष वा उप प्रमुखको संयोजकत्वमा स्थानीय मनोविद् वा समाजसेवी र स्थानीय तहमा कार्यरत कानून अधिकृत सदस्यको रुपमा रहने गरी संविधान र कानून संशोधन गर्न पहल गरिनेछ ।

स्थानीय सरकार सञ्चालन ऐनले न्यायिक समितिलाई दिएको अधिकार विस्तार गर्न सरोकारवालाहरुसंग छलफल गरी न्यायिक समितिको अधिकारक्षेत्र विस्तार गर्न पहल गरिनेछ ।

स्थानीय तहवाट न्याय निरुपण हुने विषयमा मेलमिलापको माध्यमवाट विवादको निरुपण गर्न प्राथमिकता दिईनेछ । यसक लागि आवश्यक संरचना तथा नीति कार्यविधि तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

स्थानीय कानून, कार्यपालिकीय आदेश र निर्णय तथा न्यायिक समितिका निर्णयहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्ने सुनिश्चित गरिनेछ ।

## अनुसूची १ क

### एकीकृत कृषि-प्रशोधन मूल्य शृंखलाः नेपालमा समृद्धिको उत्प्रेरक

### १. अध्ययनको पृष्ठभूमि

नेपालको अर्थतन्त्रको मेरुदण्डका रुपमा कृषि क्षेत्र कायम छ। यसले जनसङ्ख्याको ६०% भन्दा बढीलाई रोजगारी दिएको छ । तर राष्ट्रिय अर्थतन्त्रमा २५% भन्दा कम योगदान गर्छ । उत्पादकत्वमा रहेको यो अन्तरमा कम मूल्य अभिवृद्धि, खण्डित मूल्य शृंखला र आयातित प्रशोधित वस्तुहरूमा उच्च निर्भरताले योगदान गरेको छ। नेपालमा चामल, मकै, तोरी र पशुजन्य वस्तु ठूलो परिमाणमा उत्पादन हुन्छ, तर यी अधिकांश वस्तुहरु कच्चा पदार्थका रुपमा अप्रशोधित वा अर्ध-प्रशोधित रूपमा बिक्री हुन्छन्। धेरै बिचौलिया, खराब भण्डारण र गुणस्तर निर्धारण र ब्रान्डिङको अभावका कारण उत्पादित वस्तु कम मूल्यमा बिक्री गर्न किसानहरू वाध्य हुन्छन् । यसैबीचमा आयातित खाद्यान्न, तेल र पशुदाना स्थिर गुणस्तर, आकर्षक प्याकेजिङमा आउँछन्। ठूलो परिमाणमा र दक्ष तरिकाबाट उत्पादन गरिएका ती वस्तु मूल्य प्रतिस्पर्धामा घरेलु उत्पादनमाथि हावी हुन्छन्।

**कृषि क्षेत्रका मुख्य अवरोधः**

| चुनौती | विवरण |
|---|---|
| न्युन प्रशोधन क्षमता | कुल कृषि उत्पादनको १५% भन्दा कम मात्र घरेलु रूपमा प्रशोधन हुन्छ; अधिकांश कच्चा निर्यात हुन्छ वा तयारी वस्तुको रूपमा पुनःआयात हुन्छ । |
| फसल भित्र्याएपछिको हानि उच्च | खराब भण्डारण र प्रशोधनका कारण अन्नबाली २०–२५% र तेलहन तथा छिट्टै नाश हुने उत्पादन ४०% सम्म खेर जाने अनुमान छ। |

| | |
|---|---|
| बजार खण्डीकरण | टाढा र अक्षम बजार च्यानल; धेरै बिचौलियाका कारण उत्पादक किसानको हिस्सा घट्छ। |
| गुणस्तर र प्रमाणीकरणको अभाव | सीमित परीक्षण, गुणस्तर प्रमाणीकरण र प्याकेजिङले घरेलु तथा विदेशी बजारमा कम प्रतिस्पर्धी। |
| दाना र अन्य कच्चा पदार्थ असन्तुलन | पशु दानाका लागि कच्चा पदार्थ तथा पिना आयातमा निर्भरताले पशुपालनको लागत बढाउँछ। |
| मूल्य शृंखलाहरूबीच एकीकरण अभाव | चामलको ढुटो, भुस र पिनाको कम उपयोग; बाली, दाना र पशुधनबीचको पारस्परिक सम्बन्धको अभाव। |
| वित्त र प्रविधिमा सीमित पहुँच | साना प्रशोधनकर्ताहरूसँग उपकरण, प्राविधिक ज्ञान र बजार सूचनामा पहुँच अभाव। |

बढ्दो शहरी माग, खानपिन व्यवहारमा परिवर्तन र आयातको दबाबका कारण नेपालको कृषि परिवर्तनको मोडमा छ।यो परियोजना स्थानीय मूल्य शृंखला एकीकरणको लागि विस्तार गर्न सकिने र अनुसरणयोग्य ढाँचा हो। यसले किसान, प्रशोधनकर्ता र उपभोक्तालाई आधुनिकीकरणका लाभहरू उचित वितरण भएको सुनिश्चित गर्छ । कच्चा वस्तु उत्पादन शृंखलालाई गुणस्तरीय, अन्तरसम्बन्धित कृषि-उद्योगमा रूपान्तरण गरेर परियोजनाले नेपालको आत्मनिर्भर, उत्थानशील र समावेशी आर्थिक वृद्धितर्फको यात्रालाई तीव्र बनाउँछ।

## २. परियोजना सिंहावलोकन

यो प्रस्तावमा चामल मिल, तेल मिल, दाना कारखाना र मासु प्रशोधन कारखाना सम्मिलित एकीकृत कृषि-प्रशोधन पूर्वाधारमा रणनीतिक लगानीको रूपरेखा प्रस्तुत गरिएको छ। यसलाई "मिल-केन्द्रित" लगानीको परम्परागत दृष्टिकोणबाट हेर्नु गलत हुन्छ । बरु, सबै सहभागीलाई उकास्ने मूल्य शृंखला संयन्त्रको धुरीका रूपमा हामीले यसलाई प्रस्तुत गरेका छौं । प्रस्तावित एकीकृत कृषि-प्रशोधन परियोजनामा चार अन्तर्सम्बन्धित प्रशोधन एकाइहरू स्थापना हुन्छन:


- चामल मिल र उप-उत्पादन उपयोग एकाइ
- तोरीको तेल मिल
- दाना कारखाना (ढुटो र पिनाको प्रयोग गरेर)
- मासु प्रशोधन र शितभण्डार तथा परिवहन

यी एकाइहरूले कृषि प्रणालीभर अग्रभाग र पृष्ठभागका सम्बन्धहरू सिर्जना गर्छन्। चामल मिलले दाना प्लान्टलाई ढुटो आपूर्ति गर्छ, तेल मिलले पिना प्रदान गर्छ र दाना कारखानाले मासु तथा दुग्ध

उत्पादकलाई आहारा उपलब्ध गराउँछ । यो चक्रिय मूल्य शृंखलाले वस्तु खेर जान दिदैन र स्रोतको दक्षता बढाउँछ। आयात प्रतिस्थापन र घरेलु प्रशोधन कार्यलाई सुदृढ बनाएर परियोजनाले किसानको आय बढाउँछ, कृषि-उद्यममा रोजगारी बढाउँछ र किफायती, गुणस्तर-प्रमाणित उत्पादनहरू मार्फत खाद्य सुरक्षामा योगदान गर्छ। यो परियोजना आवश्यक र लाभदायक छ किनभने:

**किसानको आय बढाउँछ:** किसानले गुणस्तर-आधारित खरिद मार्फत प्रत्यक्ष बजार सम्बन्ध र उच्च मूल्य प्राप्त गर्छन्। एकीकृत प्रणालीमा प्रति बिघा भूमिबाट वार्षिक रू. १.६५ लाख खुद आय (२ सिजन धान र तोरी) उत्पन्न हुन्छ, जुन वर्तमान अन्नमा आधारित खेतीको राष्ट्रिय औसतको लगभग दोब्बर हो। प्रस्तावित बाली चक्र (बर्खे धान → चैते धान → तोरी → मकै) अन्तर्गत प्रति बिघा कुल खुद आय निम्नानुसार हुन्छ:

| वस्तु | कुल लागत (रू./बिघा) | कुल उत्पादन मूल्य (रू./बिघा) | नाफा (रू./बिघा) |
|---|---|---|---|
| बर्खे धान | ७९,६८३ | १,४०,००० | ६०,३१७ |
| तोरी | ३७,८०० | ३७,६२५ | ६२,२०० |
| चैते धान | ८५,५५० | १,२८,००० | ४२,४५० |
| मकै | ८५,४०० | २,२४,००० | १,३८,६०० |




**आयात प्रतिस्थापन:** घरेलु प्रशोधनले वार्षिक अर्बौं मूल्यको आयातित चामल, खाने तेल र कुखुराका दाना प्रतिस्थापन गर्छ।

**खाद्य सुरक्षा र गुणस्तर प्रवर्द्धनः** उपभोक्तालाई प्रमाणित, स्वच्छ र पहिल्याउन सकिने उत्पादनहरू उपलब्ध हुन्छ ।

**ग्रामीण औद्योगीकरणः** रोजगारी सिर्जना गर्ने र स्थानीय उद्यमशील सम्बन्धहरू स्थापना गर्ने ग्रामीण प्रशोधन केन्द्रहरु बन्छन् ।

**चक्रिय अर्थतन्त्रः** बाली–पशुधन–दाना प्रणालीहरूलाई एकीकृत गर्छ, उप-उत्पादनहरू (भुस, ढुटो, पिना) कुशलतापूर्वक उपयोग गर्छ।

**दिगो विकास लक्ष्य (एसडीजी)मा योगदानः** एसडीजी १ (गरिबी उन्मूलन), एसडीजी २ (शून्य भोक), एसडीजी ८ (मर्यादित काम र आर्थिक वृद्धि) र एसडीजी १२ (जिम्मेवार उपभोग र उत्पादन)मा योगदान गर्छ।

**कुल लगानीः** रू. ४,३५,००¸००,०००

**बलियो वित्तीय प्रतिफलः** १० वर्षको खुद वर्तमान मूल्य रू. ३.९८ अर्ब र २९% आन्तरिक प्रतिफल दर, यसले परियोजना उच्च नाफा भएको र उत्थानशील हो भन्ने देखाउँछ ।

**प्राथमिक लाभग्राहीः** किसानहरूले धान, तोरी, मकै र पशुधनबाट भरपर्दो, उच्च-मूल्य बजार प्राप्त गर्छन्। उपभोक्ताहरूले पहिल्याउन सकिने, उच्च-गुणस्तरको चामल, तेल र मासुजन्य उत्पादन पाउँछन्। स्थानीय अर्थतन्त्रले रोजगारी सिर्जना र माध्यमिक व्यावसायिक अवसरहरू पाउँछ।

**लगानी फिर्ता अवधिः** द्रुत ३.४ वर्ष, छिटो पुँजी पुनःप्राप्ति सुनिश्चित।

यो केवल लगानी पूर्वाधारमा मात्र होइन, दिगो इकोसिस्टममा हो जसले खेतीलाई जोखिममुक्त गर्छ, आपूर्ति स्थिर गर्छ र साझेदारहरूलाई सशक्त बनाएर उत्कृष्ट प्रतिफल दिन्छ, उनीहरूलाई शोषण गर्दैन।

## ३. परियोजनाको रणनीतिक पुनःसंरचना

यो परियोजनाले चार मुख्य प्रशोधन एकाइहरू एकीकृत गरेर प्रबल र स्वयं सुदृढ हुँदै जाने कृषि केन्द्र सिर्जना गर्छ।

| एकाइ | मुख्य कार्य | मिल बाहेकको रणनीतिक महत्त्व |
|---|---|---|
| चामल मिल | धानलाई चामल, कनिका र उप-उत्पादन (भुस, ढुटो) मा प्रशोधन गर्छ। | आधारभूत उप-उत्पादनहरू (भुस,कनिका) प्रदान गर्छ जुन दाना कारखानाका लागि कच्चा सामग्री बन्छन्, खेर जाने वस्तु घटाउँछ र आन्तरिक मूल्य सिर्जना गर्छ। |
| तेल मिल | तोरीलाई खाने तेल र | किसानहरूलाई उनीहरूको |

| | | |
|---|---|---|
| | पोषणयुक्त पिनामा परिणत गर्छ। | बाली चक्रमा लाभदायक नगदे बाली (तोरी) प्रदान गर्छ। पिना दाना कारखानाका लागि उच्च-प्रोटिनयुक्त सामग्री हो। |
| दाना कारखाना | मकै, पिना, ढुटो र खनिजहरू प्रयोग गरेर पोषक पशु दाना उत्पादन गर्छ। | स्थानीय पशुपालक किसानहलाई किफायती, उच्च-गुणस्तरको दाना प्रदान गर्छ, जुन मासु उत्पादनको सबैभन्दा ठूलो लागत हो । किसानको सफलता सुनिश्चित गर्छ। |
| मासु प्रशोधन कारखाना | कुखुरा, खसीबोका र भैसीको कच्चा मासुलाई प्याकेज्ड मासु बनाउँछ । | पशुपालक किसानलाई भरपर्दो, उच्च बजार मूल्य सुनिश्चित गर्छ र सुधारिएको पशुपालनलाई प्रोत्साहन गर्छ। |

कुल खेतीयोग्य आधार क्षेत्र : ~३७,५०० बिघा (≈ २५,००० हेक्टर) – मकैसहित

बर्खे धान: १५,७५० बिघा

चैते धान: ६,००० बिघा

शरद तोरी: ६,००० बिघा

शरद मकै: ९,७५० बिघा

यो आकारको परियोजनाले ग्रामीण कृषि परिदृश्यमा गहिरो प्रभाव पार्छ ।

## ४. विस्तृत लगानी विभाजन (पूर्वाधार लागत)

रू. ४३५ करोडको कुल स्थिर लगानी निम्नानुसार हुनेछ:

| विवरण | लगानी (करोड) | % कुल | कार्यशील पुँजी (करोड) |
|---|---|---|---|
| क. चामल मिल | २९२ | ६७.१% | २८३ |
| ख. तेल मिल | २० | ४.६% | ६१.८ |
| ग. दाना मिल | ७५ | १७.२% | ३९५.४ |
| घ. मासु प्रशोधन मिल | ४० | ९.२% | ४७ |
| ङ. परामर्श, इन्जिनियरिङ | ०.८ | १.८% | परामर्श, इन्जिनियरिङ |

| | | | |
|---|---|---|---|
| कुल स्थिर लगानी | ४,३५०,०००,००० | १००.०% | |

चामल मिलले सबैभन्दा ठूलो हिस्सा (६७.१%) ओगट्छ । यसमा जग्गा प्राप्ति र विकास (३.५ बिघा), भवन र सिभिल कार्य, मिलको मेसिन (डि-स्टोनर, हस्कर, ह्वाइटनर, सोर्टर) स्थापना, विद्युतीय र मेकानिकल प्रणाली, भण्डारण सुविधाहरू (८०,००० टन क्षमताका ६ ठूला भकारी र चिलरहरू तथा ६०,००० टन दाना भण्डारण क्षमता), स्टीम ड्राइङ र पारबोइलिङ एकाइहरू, तथा प्याकेजिङ, लेबलिङ र कन्डिसनिङ प्रणालीहरू समावेश हुन्छन्। तेल मिल (४.६%) मा तेल निकाल्ने र प्रेसिङ एकाइहरू, फिल्ट्रेसन र रिफाइनिङ प्रणाली, भण्डारण र प्याकेजिङ, गुणस्तर नियन्त्रण प्रयोगशालाहरूमा केन्द्रित हुन्छ । यसले कुशल ढंगले तोरी प्रशोधन सुनिश्चित गर्छ। दाना मिलमा १७.२% लगानी हुन्छ ।यसले कच्चा सामग्री व्यवस्थापन र भण्डारण, ग्राइन्डिङ, मिक्सिङ, पेलेटिङ र स्क्रिनिङ प्रणाली, प्याकेजिङ लाइनहरू र विद्युतीय तथा नियन्त्रण प्रणालीहरू समेट्छ ।चामल र तेल मिलहरूका उप-उत्पादनहरू ( ढुटो, पिना) उपयोग गरेर पशु दाना उत्पादन गर्छ। मासु प्रशोधन मिल (९.२%)मा पशु व्यवस्थापन, वध, प्रशोधन, चिलिङ, फ्रिजिङ, प्याकेजिङ र कोल्ड चेन सुविधा, साथै फोहोर व्यवस्थापन, गुणस्तर नियन्त्रण र स्वचालित प्रणालीहरू समावेश हुन्छन । यसले कुखुरा, खसीबोका र राँगाको मासु स्वच्छ रुपमा प्रशोधन गर्छ । परामर्श र इन्जिनियरिङ सेवाहरू (१.८%) ले सबै एकाइहरूको डिजाइन, पर्यवेक्षण र साझा पूर्वाधारभित्र कुशल सञ्चालन सुनिश्चित गर्ने एकीकरण एकाईलाई समेट्छ। भण्डारण गरिने ठूला भकारीहरूमा गरिएको उल्लेखनीय लगानी मिल सञ्चालनका लागि मात्र होइन; यसले कम्पनीलाई फसलको सिजनमा किसानहरूबाट उचित मूल्यमा धान खरिद गर्न सजिलो बनाउँछ, बजारमा अधिक आपूर्तिको समस्याबाट किसानलाई जोगाउँछ। यो किसानको वित्तीय सुरक्षामा प्रत्यक्ष लगानी हो।

## ५. आय आर्जन ढाँचा

एकीकृत मोडेलले विविध तथा सबल आय प्रवाह सिर्जना गर्छ।

| उत्पादन | बिक्री मूल्य (रू./केजी) | वार्षिक आय (रू./हे.) | वार्षिक आय (रू./बिघा) | मूल्य शृंखलाको प्राथमिक लाभग्राही |
|---|---|---|---|---|
| चामल मिलका उत्पादन | | ४,१७६,०२४,८०० | १९२,१२४.६३ | किसान (धान बिक्री), पशुपालक किसान (दानाका लागि ढुटो) |
| चामल | ८० | ३,४४०,४४८,००० | १५८,१८१.५२ | |
| कनिका | ४२ | ४५१,५५८,८०० | २०,७६१.३२ | |
| ढुटो | ३७ | २३८,६८१,०८० | १०,९७३.८४ | |
| भुस र खरानी | ८ र १ | ४८,०२४,९२० | २,१०९.०९ | |

| | | | | |
|---|---|---|---|---|
| तेल मिलका उत्पादन | | ६७८,२४०,००० | ११३,०४० | किसान (तोरी बिक्री), पशुपालक किसान (दानाका लागि पिना) |
| तोरी तेल (रू./लिटर) | ३५० | ५७४,५६०,००० | ९५,७६० | |
| पिना | ४० | १०३,६८०,००० | १७,२८० | |
| **दाना मिलका उत्पादन** | | ५,६१६,०००,००० | ५७६,००० | पशुपालक किसान (गुणस्तरीय दाना)¸ मकै किसान (बजार) |
| पशु दाना | ६० | ५,६१६,०००,००० | ५७६,००० | |
| कुल वार्षिक आय | | | ८८१,१६५ | |
| **मासु प्रशोधन कारखानाका उत्पादन** | | १७,२३३,२५७,६०० | | पशुपालक किसान (सुनिश्चित बजार), उपभोक्ता (सुरक्षित मासु) |
| कुखुरा | ३६० | ३,५५८,२९७,६०० | | |
| खसीबोका | १,००० | १०,८१०,८००,००० | | |
| राँगो | ३०० | २,८६४,१६०,००० | | |
| **कुल वार्षिक आय** | | २७,७०३,५२२,४०० | | |

६. नाफा

यो विश्लेषणले साँचो मूल्य कहाँ सिर्जना हुन्छ र त्यसलाई पक्रिन सकिन्छ भन्ने स्पष्ट देखाउँछ।

| मिल | वार्षिक राजस्व (रू/वर्ष) | वार्षिक सञ्चालन लागत (रू/वर्ष) | वार्षिक नाफा (रू/वर्ष) |
|---|---|---|---|
| चामल मिल | ४,१७६,०२४,८०० | ३,७३३,७९४,३९० | ४४२,२३०,४१० |
| तेल मिल | ६७८,२४०,००० | ६७६,२१४,०२६ | २,०२५,९७४ |
| दाना मिल | ५,६१६,०००,००० | ४,९६६,२३०,४६५ | ६४९,७६९,५३५ |
| मासु मिल | ७,२३३,२५७,६०० | ६,९९९,६०१,८०४ | २३३,६५५,७९६ |

| | | | |
|---|---|---|---|
| कुल एकीकृत नाफा | | | ≈ १,३२७,६८२,००० |

*नोटः "सञ्चालन लागत" मा खरिद लागतको ठूलो हिस्सा समावेश छ, जुन किसानहरूका लागि प्राथमिक आय हो। यो हाम्रो मुख्य तर्क पनि होः मिलको सबैभन्दा ठूलो "लागत" समुदायको सबैभन्दा ठूलो "आय" हो।*

**मुख्य विश्लेषणः**

दाना मिल सबैभन्दा नाफायुक्त एकाइ हो, तर यसको सफलता किसानले स्थिर ढंगले पशु आपूर्ति गर्न सक्छन कि सक्दैनन् भन्नेमा पूर्ण निर्भर छ।

मासु प्रशोधन मिलले सबैभन्दा बढी आय सिर्जना गर्छ, पशुपालकलाई उल्लेखनीय हिस्सा (~रू. १५.६७ अर्ब खरिद) फिर्ता गर्छ।

चामल मिलको नाफा स्वस्थ छ, यसले कुल मूल्यको सानो अंश व्यवस्थापन गर्छ, यसले लगानीको प्राथमिक कार्य व्यापक मूल्य शृंखलालाई सक्षम बनाउने हो भन्ने देखाउँछ।

**कृषि-उद्योगहरूबाट प्रति बिघा लगानीमा मूल्य-अभिवृद्धि नाफाः**

कृषि आयका अतिरिक्त लगानीकर्ता किसानहरूले उनीहरूको उत्पादनसँग जोडिएका प्रशोधन उद्योगहरूको नाफाबाट पनि लाभ लिन्छन् । चामल प्रशोधन एकाइ स्थापनाले कृषि प्रणालीभरि व्यापक आर्थिक सम्बन्धहरू उत्पन्न गर्छ। कुल आधार खेतीयोग्य भूमिमा वितरण गर्दा तथा तोरी, मकै/दाना र मासु मूल्य शृंखलासँग एकीकृत गर्दा, किसान र सहयोगी प्रशोधनकर्ताहरूका लागि प्रति बिघा समग्र प्रतिफल उल्लेखनीय रूपमा बढ्छ । प्रति-बिघा लाभ निम्नानुसार हुनेछः

| क्षेत्र / प्रशोधन एकाइ | प्रति बिघा मूल्य-वृद्धि लाभ (रू.) |
|---|---|
| चामल (मिलिङ) | २०,३३२ |
| तोरी (पिना) | ४,९०१ |
| मकै / दाना (चामल र ढुटो एकीकृत) | ६६,६४३ |
| मासु (कुखुरा, खसीबोका, राँगा) | ७,७२६ |
| कुल जम्मा | ९९,६०२.९४ |

**७. वित्तीय सम्भाव्यता र लगानी विश्लेषण**

परियोजना वित्तीय रूपमा उच्च सम्भावनायुक्त छ, यसलाई कम-जोखिम, उच्च-प्रभाव लगानी मान्न सकिन्छ ।

| विवरण | मूल्य | विश्लेषण |
|---|---|---|
| कुल अग्रिम लगानी | रू. ४,३५०,०००,००० | एक-पटकको पुँजीगत खर्च । |
| खुद वर्तमान मूल्य (एनपीभी) | रू. ३,९७६,२७९,३६६ | परियोजनाले १० वर्षमा रू. |

| | | |
|---|---|---|
| | | ४.३६ अर्बभन्दा बढी बचत सिर्जना गर्ने अपेक्षा छ, जुन प्रारम्भिक लगानीभन्दा उल्लेख्य रुपमा बढी हो। त्यसकारण **अत्यधिक वाञ्छनीय।** |
| आन्तरिक प्रतिफल दर (आईआरआर) | २९% | परियोजनाले पुँजी लागत (१०%) भन्दा उल्लेखनीय रूपमा उच्च ३४% वार्षिक प्रतिफल दिन्छ। **उत्कृष्ट प्रतिफल।** |
| लाभ-लागत अनुपात (बीसीआर) | १.०५ | प्रत्येक एक रुपैयाँ लगानीमा परियोजनाले वर्तमान मूल्य कायम रहेको अवस्थामा रू. १.०५ फिर्ता गर्छ। **आर्थिक रूपमा सम्भाव्य।** |
| लगानी फिर्ता अवधि | ३.४४ वर्ष | प्रारम्भिक लगानी ४ वर्षभन्दा कममा पुनःप्राप्त हुन्छ। **कम जोखिम, छिटो पुँजी पुनःप्राप्ति।** |

**संवेदनशीलता विश्लेषणः**

संवेदनशीलता विश्लेषणले लागत र आय परिवर्तनलाई १०% समायोजन दरले २०-वर्ष अवधिमा कृषिको यो ढाँचाको खुद वर्तमान मूल्य (एनपीभी), आन्तरिक प्रतिफल दर (आईआरआर), लाभ-लागत (बी/सी) अनुपात र लगानी फिर्ता अवधिलाई कसरी प्रभावित गर्छ भन्ने मूल्यांकन गरेको हुन्छ ।

**· लागत संवेदनशीलताः**

लागत बढ्दा एनपीभी तीव्र रूपमा घट्छ । लागत ३–४% भन्दा बढी दरमा वृद्धि भयो भने एनपीभी नकारात्मक हुन्छ । यो भनेको लागत वृद्धि अधिक संवेदनशील छ भन्ने हो । ५% लागत वृद्धि हुँदा एनपीभी रू. ३.९८ अर्बमा झर्छ र आईआरआर ऋणात्मक १२% हुन्छ । यो भनेको नोक्सानी हो । यसविपरीत ५% लागत घटाउँदा एनपीभी रू. १८.४५ अर्ब र आईआरआर ६१% हुन्छ । यसले लागत दक्षतामा उल्लेखनीय सुधार र बलियो वित्तीय अवस्था जनाउँछ ।

**· आय संवेदनशीलताः**

आय वृद्धिले परियोजनाको प्रतिफलमा सकारात्मक प्रभाव पार्छ। आयमा ५% वृद्धि हुँदा एनपीभी रू. १९.०३ अर्ब र आईआरआर ६३% हुन्छ, जबकि ५% आय घट्दा एनपीभी – रू. ४.१४ अर्बमा घट्छ । यसले स्थिर वा बढ्दो आय प्रवाहमा नाफा अत्यधिक निर्भर छ भन्ने दर्शाउँछ।

**• मध्यम परिवर्तनहरू (±१–३%):**

साना परिवर्तनहरू (±१–३%) मा परियोजना वित्तीय रूपमा सम्भाव्य रहन्छ, आईआरआर १२–४९% सीमामा र बी/सी अनुपात १.० भन्दा माथि रहँदा उत्थानशीलता मध्यम रहन्छ । तथापि, लागत वृद्धि हुँदा लगानी फिर्ता अवधि उल्लेखनीय रूपमा बढ्छ, ४% लागत वृद्धिले लगानी फिर्ता अविध १३.1 वर्षसम्म पुग्छ।

## ८. मूल्य शृंखला विश्लेषणः लाभको परिमाणात्मक वितरण

### विभिन्न उत्पादनहरूबीच सम्बन्ध

चामल मिल प्रशोधन एकाइ एक्लै सञ्चालन हुँदैन, यो केन्द्रीय आर्थिक धुरीको रूपमा कार्य गर्छ, अन्य कृषि र सहयोगी क्षेत्रहरूलाई सुदृढ गर्ने पछाडि र अगाडि सम्बन्धहरू सिर्जना गर्छ। धानलाई स्थानीय रूपमा प्रशोधन गरेर र उप-उत्पादनहरू कुशलतापूर्वक उपयोग गरेर, चामल मिलले उत्पादनलाई प्रोत्साहित गर्छ, बजार दक्षता सुधार गर्छ र विभिन्न मूल्य शृंखलाहरूमा ग्रामीण आय गुणक सिर्जना गर्छ।

| क्षेत्र | सम्बन्धको किसिम | प्रभावको विवरण |
| --- | --- | --- |
| धान (बर्खे र चैते) | पछाडि सम्बन्ध | मिलले स्थिर र उच्च-परिमाणमा घरेलु बजार प्रदान गर्छ, किसानहरूलाई धान खेती विस्तार गर्न प्रोत्साहन गर्छ। किसानले पाउने मूल्य बढाउँछ । किसानको आय लगभग २५% सुधार गर्छ। |
| तोरी (तेलहन) | पूरक उत्पादन | किसानले धान भित्र्याएपछि तोरी लगाएर बाली विविधीकरण गर्न सक्छन, स्थानीय तोरी उत्पादन बढाउँछ र खाने तेलको आयात प्रतिस्थापनमा योगदान गर्छ। |
| मकै | दाना मूल्य शृंखला सम्बन्ध | चामल मलिबाट ढुटो र भुस जस्ता उप-उत्पादनहरू दाना |

| | | |
|---|---|---|
| | | मिलका लागि मुख्य कच्चा पदार्थ हुन्, यसले दाना उत्पादनको लागत घटाउँछ र कुखुरा तथा पशुधनका लागि दानाको उपलब्धता सुधार गर्छ। |
| मासु (कुखुरा, खसीबोका, राँगा) | दाना र आय प्रभाव मार्फत अगाडि सम्बन्ध | घटेको दाना उत्पादन लागत र उच्च ग्रामीण आयले पशुधनको उत्पादकत्व बढाउँछ र मासु तथा पशुजन्य उत्पादनहरूको उपभोग माग बढाउँछ। |
| स्थानीय संकलक/व्यापारी | बजार गुणक प्रभाव | बढ्दो प्रशोधन परिमाण र कुशल बन्दोबस्तीले बिचौलियाले लिने हिस्सा लगभग ८% घटाउँछ, व्यापार दक्षता बढाउँछ। |
| खुद्रा विक्रेता र उपभोक्ता | मूल्य वृद्धि र खाद्य सुरक्षा | मिलमा कुटिएको उच्च-गुणस्तरीय चामलको भरपर्दो आपूर्तिले फसलपछिको हानि घटाउँछ, बजार मूल्य स्थिर गर्छ र स्थिर उपलब्धताबाट उपभोक्ताको हित बढाउँछ। |


एकीकृत कृषि-औद्योगिक कम्प्लेक्स स्थापना हुनुअघि, नेपालमा कृषि र पशुधन उत्पादनहरू मुख्यतः असगठित बजारहरूमा कारोबार हुन्थ्यो जहाँ किसानहरूले कम गुणस्तर, प्रशोधनको अभाव, ब्रान्डिङको अभाव र धेरै किसिमका बिचौलियमा भर गर्नु पर्थ्यो । त्यसकारण कृषि उत्पादनको मूल्य कम पाउँथे। चामल, तेलहन, पशुदाना र मासु जस्ता उत्पादनहरू प्रायः गुणस्तर निर्धारण नगरिएको र प्रमाणिकरण नहुँदा घरेलु वा अन्तर्राष्ट्रिय गुणस्तर मापदण्ड पूरा गर्न सक्दैनथे।

परियोजनाले एकल औद्योगिक इकोसिस्टमभित्र चामल, तोरी तेल, पशु दाना र मासु उत्पादनहरूका लागि मूल्य शृंखला आधुनिकीकरण र एकीकृत गर्ने र यसबाट गुणस्तर प्रत्याभुति, ब्रान्डिङ, कोल्ड-चेन पूर्वाधार र उचित मूल्य वितरण सुनिश्चित गर्ने लक्ष्य राखेको छ । परियोजना कार्यान्वयनपछि, सबै शृंखलाहरूमा मूल्य अभिवृद्धि हुन्छ, किसानले उच्च र स्थिर मूल्य पाउँछन् र उपभोक्ताले उचित

मूल्यमा उच्च-गुणस्तरका उत्पादन पाउँछन्। बिचौलियालाई संगठित संकलन प्रणाली र सहकारीले प्रतिस्थापन गर्छन्, साथसाथै प्रशोधन, प्याकेजिङ र प्रमाणीकरणले नयाँ आर्थिक मूल्य सिर्जना गर्छन ।

यो विश्लेषण कम्पनीको नाफाभन्दा वृहत स्तरमा गएर एकीकृत मोडेलले परम्परागत कृषि मूल्य शृंखलालाई कसरी पुनः परिभाषित गर्छ, अन्तिम उत्पादनको मूल्यको ठूलो हिस्सा प्राथमिक उत्पादक (किसान) लाई व्यवस्थित रूपमा हस्तान्तरण गर्छ भन्ने देखाउँछ।

| उत्पादन | कुल मूल्य वृद्धि (रू./टन) | किसानको आय वृद्धि (%) | मिल/प्रशोधनकर्ताको आय वृद्धि (%) | मुख्य परिवर्तन |
|---|---|---|---|---|
| चामल | ७,५०० | ४०% | ३७.५% | बिचौलियाहरूको उन्मूलन, सुधारिएको प्रशोधनबाट अतिरिक्त लाभ। |
| मकै | ४,५०० | ३५% | ३१.२५% | बिचौलियाहरूको उन्मूलन, सुधारिएको प्रशोधनबाट अतिरिक्त लाभ। |
| तोरी | ४७,००० | २५% | २०% | गुणस्तर प्रशोधन र ब्रान्ड विकास मार्फत उल्लेखनीय मूल्य अभिवृद्धि। |
| कुखुरा (मासु) | ३६,००० | १३.६% | १६.७% | सुव्यवस्थित आपूर्ति शृंखला, किसानहरूका लागि राम्रो मूल्य प्राप्ति। |
| खसीबोका (मासु) | ६०,००० | २०% | २५% | प्रशोधनमा ठूलो मूल्य वृद्धि, किसान र बजारबीच प्रत्यक्ष सम्बन्ध। |
| राँगाभैंसी (मासु) | १८,००० | २३.१% | १६.७% | प्रमाणित मासुका लागि उच्च प्रिमियम, बिचौलियाको उपस्थिति कम। |




**पृष्ठसम्बन्ध एकीकरण (आपूर्ति सुनिश्चितता):**

· चामल मिलले धान किसानहरूलाई ढुटो, भुस र कनिकाको समेत बजार सुनिश्चित गर्छ। यी उपउत्पादन दाना मिलका लागि मुख्य कच्चा सामग्री बन्छन्।

· तेल मिलले तोरी किसानहरूलाई बजार प्रदान गर्छ र पिना पनि उत्पादन गर्छ, दाना प्लान्टका लागि पिना उच्च-प्रोटिनयुक्त सामग्री हो ।

· दाना मिलले चामल र तेल मिलहरूबाट प्राप्त उप-उत्पादनहरू उपयोग गरेर किफायती, उच्च-गुणस्तरको दाना उत्पादन गर्छ, जुन मासु प्रशोधन मिलको आपूर्ति शृंखलाको मेरुदण्ड बन्छ ।

· मासु प्रशोधन मिलले पशुधन किसानलाई स्थिर, उच्च मूल्यको बजार प्रदान गर्छ, उचित मूल्य सुनिश्चित गर्छ र पशुपालनका लागि लगानी प्रोत्साहन गर्छ।

**अग्रसम्बन्ध एकीकरण (बजार सिर्जना):**

· चामल मिलले उपभोक्ताहरूका लागि प्याकेज्ड, उच्च-गुणस्तर चामल उत्पादन गर्छ।

· तेल मिलले परिष्कृत, ब्रान्डेड खाने तेल उत्पादन गर्छ।


· दाना कारखानाले एकीकृत र बाहिरका पशुपालक किसानलाई दाना बेच्छ।

· मासु प्रशोधन मिलले खुद्रा विक्रेता र उपभोक्तालाई सुरक्षित, प्रशोधित र ब्रान्डेड मासुजन्य उत्पादनहरू उपलब्ध गराउँछ ।

## ९. गुणक प्रभावः ग्रामीण अर्थतन्त्रलाई उत्प्रेरणा

एकीकृत ढाँचाले आर्थिक इन्जिनको रूपमा कार्य गर्छ, कच्चा कृषि उत्पादनमा लगानी गरिएको प्रत्येक रूपैयाँको मूल्यलाई गुणा गर्दै लैजान्छ । तलको तालिकाले विभिन्न वस्तुमा पर्ने शक्तिशाली लहरे प्रभाव देखाउँछ ।

| वस्तु | कुल लागत (रू.) | कुल उत्पादन मूल्य (रू.) | नाफा (रू.) | आय गुणक | नाफा गुणक |
|---|---|---|---|---|---|
| बर्खे धान | १,२५५,०१२,५०० | २,२०५,०००,००० | ९४९,९८७,५०० | १.७६x | ०.७६x |
| तोरी | २२६,८००,००० | ६००,०००,००० | ३७३,२००,००० | २.६५x | १.६५x |
| चैते धान | ५१३,३००,००० | ७६८,०००,००० | २५४,७००,००० | १.५०x | ०.५०x |
| मकै | ८३२,६५०,००० | २,१८४,०००,००० | १,३५१,३५०,००० | २.६२x | १.६२x |
| मासु (सबै) | २,८०८,०००,००० | १४,७४२,०००,००० | ११,९३४,०००,००० | ५.२५x | ४.२५x |
| समग्र गुणक | ५,६३५,७६२,५०० | २०,४९९,०००,००० | १४,८६३,२३७,५०० | ३.६४x | २.६४x |




**मुख्य विश्लेषण:**

· **"मासु" मा गुणक प्रभाव:** मासु मूल्य शृंखलाले सबैभन्दा उल्लेख्य प्रभाव देखाउँछ। पशुधन खरिदमा खर्च गरिएको प्रत्येक एक रूपैयाँबाट ५.२५ रुपैयाँ आय प्राप्त हुन्छ र मूल्य शृंखलाका सहभागीहरू मुख्यतः पशु किसानका लागि ४.२५ रुपैयाँ नाफा सिर्जना हुन्छ।

· **समग्र आर्थिक प्रभाव:** समग्रमा एकीकृत प्रशोधन ढाँचाले कच्चा सामग्री लागतको प्रत्येक एक रूपैयाँबाट ३.६४ रुपैयाँ आय प्राप्त हुन्छ । सबैभन्दा महत्त्वपूर्ण यसले ग्रामीण अर्थतन्त्रभित्र सुरुमा खर्च भएको प्रत्येक एक रूपैयाँका लागि २.६४ रुपैयाँ नाफा (मूल्य वृद्धि) सिर्जना गर्छ भन्ने हो।

**चक्रिय अर्थतन्त्रः**

यो ढाँचाले खेर जाने वस्तु र बाह्य निर्भरता उल्लेख्य रूपमा घटाउँछ। एउटा एकाइमा कम-मूल्यको उप-उत्पादन (जस्तै चामलको ढुटो) अर्कोमा (दाना मिलमा) मूल्यवान कच्चा सामग्री बन्छ। यो चक्रले समग्र लागत घटाउँछ, सबैका लागि नाफा बढाउँछ र बजार संकटरूबाट रक्षा गरी उत्थानशील प्रणाली निर्माण गर्छ।

मूल्य शृंखला र गुणक विश्लेषणबाट प्राप्त तथ्यांकले यसको पुष्टी गर्छः

१. **किसानहरू सबैभन्दा ठूला विजेताः** लगानीको प्रत्यक्ष नतिजाका रूपमा उनीहरूले बालीमा ४०% देखि ५०% र पशुधनमा ३३% भन्दा बढी आय प्राप्त गर्छन् ।

२. **गुणक प्रभाव वास्तविक र उल्लेखनीयः** यो परियोजनाले कृषि वस्तुहरू मात्र प्रशोधन गर्दैन; यसले वस्तुहरूको मूल्य ३.६४ गुणा बढाउँछ, सम्पूर्ण क्षेत्रीय अर्थतन्त्रका लागि शक्तिशाली उत्प्रेरकको रूपमा कार्य गर्छ।


**सिफारिसः** यसलाई प्रशोधन मिलमा लगानीको रूपमा होइन, किसानको समृद्धि, ग्रामीण आर्थिक विकास र सुरक्षित खाद्य मूल्य शृंखलामा लगानी को रूपमा हेर्नुपर्छ। यसका वित्तीय प्रतिफल बलियो छन् नै सामाजिक र आर्थिक प्रतिफल रूपान्तरणकारी छन्। यो परियोजनालाई अनुमोदन गर्नु भनेको कम्पनीको सफलता समुदायको धन सिर्जनासँग प्रत्यक्ष रूपमा अनुकुल हुने ढाँचालाई समर्थन गर्नु हो।

**१०. सामाजिक-आर्थिक प्रभावः रोजगारी सिर्जना**

एकीकृत कृषि-प्रशोधन मूल्य शृंखलाको मुख्य लाभ भनेको यसले सिर्जना गर्ने उल्लेख्य र विविध रोजगारी अवसरहरू हुन्, जसले ग्रामीण जीविकोपार्जनमा सुधार र आर्थिक प्रोत्साहनमा प्रत्यक्ष योगदान गर्छ। परियोजनाले मौसमी कृषि श्रमभन्दा पनि स्थिर र वर्षभरि रोजगारी प्रदान गर्छ।

निम्न तालिकामा शृंखलाको प्रत्येक एकाइबाट सिर्जना हुने प्रत्यक्ष रोजगारी अवसर प्रस्तुत गरिएको छः

| प्रशोधन एकाइ | रोजगारी (व्यक्ति/महिना) | रोजगारी (व्यक्ति/वर्ष) | कुल व्यक्ति-दिन (लगभग) |
|---|---|---|---|
| चामल मिल | ४१ | ४९२ | १७९,५८० |
| तेल मिल | १० | १२० | ४३,८०० |
| दाना मिल | १४ | १६८ | ६१,३२० |
| मासु प्रशोधन मिल | २२ | २६४ | ९६,३६० |
| कुल जम्मा | ८७ | १,०४४ | ३८१,०६० |




मुख्य विश्लेषण:

· **उल्लेखनीय रोजगारी सिर्जना:** परियोजनाले प्रत्येक महिना ८७ व्यक्तिलाई प्रत्यक्ष रोजगारी दिन्छ, वार्षिक १,०४४ व्यक्ति रोजगार हुन्छन। यो स्थानीय अर्थतन्त्रमा स्थिर रोजगारीको ठूलो अवसर हो।

· **विविध सीप:** मिलहरूमा मेसिन अपरेटर र प्राविधिकहरू, ल्याबमा गुणस्तर नियन्त्रण कर्मचारी, मासु प्रशोधन मिलमा सोही अनुसारका कामदार र भण्डारण तथा वितरणका लागि लजिस्टिक्स कर्मचारीहरू लगायतका विविध सीपयुक्त जनशक्तिलाई परियोजनाले समेट्छ।

· **आर्थिक गुणक प्रभाव:** यी १,०४४ रोजगारले १,०४४ भन्दा बढी परिवार (प्रति घरपरिवार एक रोजगारी मान्दा) हेरचाह गर्छन्। यसबाट उत्पन्न स्थिर आय स्थानीय अर्थतन्त्रमा प्रवाह हुन्छ । आवास, शिक्षा, खाना र अन्य सेवाहरूको माग बढ्छ । आर्थिक विकासमा सकारात्मक चक्र सिर्जना गर्छ।

· **मिलभन्दा पर:** चामल मिल सबैभन्दा ठूलो एकल रोजगारदाता भए पनि, तेल, दाना र मासु मिलहरूले सिर्जना गर्ने संयुक्त रोजगारी (५५२ व्यक्ति-वर्ष) ले मूल्य-अभिवृद्धि गर्ने प्रत्येक प्रशोधन एकाइहरू रोजगारी सिर्जनाका लागि महत्वपूर्ण छन् । यसले आधारभूत रुपमा मिलभन्दा परसम्म पुग्ने रणनीतिलाई थप पुष्टी गर्छ।

यो लगानी पूर्वाधार निर्माणमा मात्र होइन; मानव पुँजी र समुदायको उत्थानशीलता निर्माण पनि हो। परियोजनाले १,००० भन्दा बढी प्रत्यक्ष रोजगारीको सिर्जना गर्छ भने खेतीपाती र अन्य बन्दोबस्तीले सिर्जना गर्ने ठूलो अप्रत्यक्ष रोजगारीसँग जोडेर यो एकीकृत परियोजनालाई क्षेत्रीय आर्थिक स्थिरता र वृद्धिका लागि आधारशिलाको रूपमा स्थापित गर्न सकिन्छ। यो लगानीको सबैभन्दा ठूलो प्रभाव

सर्वसाधारण, किसान, कामदार र स्थानीय समुदायमा वृहत रुपमा पर्छ, केवल प्रशोधन मिलमा मात्र होइन।

**११. निष्कर्षः किसान र उपभोक्ताहरूमा किन ध्यान केन्द्रित ?**

निर्विवाद रुपमा वित्तीय आँकडाले मूल्य शृंखलामा जोडिएका सबै पक्षसँग रणनीतिक रुपमा ध्यानकेन्द्रीत गरिएको छ मिलमा मात्र होइन भन्ने पुष्टी गर्छः

**१. किसानहरू सबैभन्दा ठूला विजेताः** सबैभन्दा ठूला लागत केन्द्रहरू (धान, पशुधन खरिद) स्थानीय समुदायका लागि सबैभन्दा ठूलो आय स्रोत हो। समृद्ध किसान आधारले नै स्थिर, उच्च-गुणस्तरका कच्चा सामग्री आपूर्ति सुनिश्चित गर्छ। यो लगानीले त्यो आधार सुरक्षित गर्छ।

**२.लगानी एउटा इकोसिस्टम होः** चामल मिल सञ्चालनको नाफा मामूली हो। वास्तविक वित्तीय इन्जिनहरू दाना र मासु प्रशोधन मिल हुन्, जुन सफल किसानहरूमा पूर्ण निर्भर हुन्छन्। किसानको सफलतामा लगानी नै मिलको आफ्नै नाफामा लगानी हो।

**३.उपभोक्ता मागले वृद्धिलाई गति दिन्छः** संवेदनशीलता विश्लेषणले आय बढ्दा परियोजनाको मूल्य उच्च हुने देखाउँछ।यो आय वृद्धि चामल, तेल र मासुका लागि बलियो उपभोक्ता ब्रान्डमा निर्भर हुन्छ । यसका लागि गुणस्तर, सुरक्षा र पहिल्याउन सकिने जस्ता विशेषता वस्तुमा छ भन्ने प्रत्याभुति अन्तिम उपभोक्तालाई हुनुपर्छ ।

**४. जोखिममुक्त सम्पूर्ण प्रणालीः** एकीकृत मोडेलले कृषिलाई जोखिममुक्त गर्छ। किसानहरूले सुनिश्चित बजार पाउँछन्, दाना मिलमा आन्तरिक रुपमा आपूर्ति (ढुटो, पिना) हुन्छ र मासु प्रशोधन मिलले पनि स्थिर रुपमा दाना आपूर्ति पाउँछ।यो स्थिरताले संलग्न सबैलाई लाभ दिन्छ।

**१२. समाज र राष्ट्रलाई योगदान**

**क. समाजमा योगदानः**

**१. कृषि रूपान्तरणः** परियोजनाले कृषिलाई जीविकोपार्जनबाट व्यावसायिक रूपमा सम्भाव्य, नाफायुक्त उद्यममा परिवर्तन गर्छ।

**२. ग्रामीण-शहरी बसाइँ सराइः** परियोजनाले उच्च-गुणस्तरको स्थानीय रोजगारी सिर्जना गर्छ, युवाहरूलाई कामका लागि बसाइँ सराइ गर्नुपर्ने आवश्यकता घटाउँछ।

**३. महिला सशक्तीकरणः** परियोजनाले छान्ने, प्याकेजिङ र गुणस्तर नियन्त्रण सम्बन्धी धेरै रोजगारीमा महिलाहरूलाई सहभागी गराउँछ, उनीहरू वित्तीय स्वतन्त्र हुन्छन ।

**४. पूर्वाधार विकासः** परियोजनाले स्थानीय सडक, विद्युत आपूर्ति र पानी व्यवस्थापनमा सुधारलाई प्रोत्साहित गर्छ।

**ख. राष्ट्रिय अर्थतन्त्रमा योगदानः**

१. जीडीपी योगदानः

| सारांश | मूल्य |
|---|---|
| खुद वर्तमान मूल्य (अमेरिकी डलर) | २८,४०१,९९५ |
| कृषि जीडीपीमा हिस्सा (%) | ०.०५३ |
| जीडीपीमा हिस्सा (%) | ०.०१६ |
| परियोजना अवधिमा संचयी जीडीपी (अमेरिकी डलर) | ५२,९८९,४२०.१९ |
| परियोजना अवधिमा संचयी कर (अमेरिकी डलर) | १०,५९७,८८४.०४ |
| रोजगारी | १,०६० |

**खुद वर्तमान मूल्य (अमेरिकी डलर २८,४०१,९९५)**: परियोजनाले आफ्नो जीवनकालमा झण्डै २.८४ करोड अमेरिकी डलर बराबरको खुद वर्तमान मूल्य सिर्जना गर्छ, यसले बलियो वित्तीय सम्भाव्यता दर्शाउँछ।

**कृषि जीडीपीको हिस्सा (०.०५३%)**: नेपालको कृषि जीडीपी र राष्ट्रिय जीडीपी (०.०१६%) मा अर्थपूर्ण योगदान गर्छ।

**परियोजना अवधिभर जीडीपीमा कुल योगदान** (अमेरिकी डलर ५२,९८९,४२०.१९): झण्डै ५.३ करोड अमेरिकी डलर बराबरको आर्थिक उत्पादन थप्छ, राष्ट्रिय जीडीपी बढाउँछ।

**परियोजना अवधिभर राजस्वमा कुल योगदान (अमेरिकी डलर १०,५९७,८८४.०४)**: कर्पोरेट कर, भ्याट र शुल्कहरू मार्फत झण्डै १.०६ करोड अमेरिकी डलर सरकारी राजस्वमा योगदान गर्छ।

**रोजगारी (१,०६० रोजगारी)**: स्थिर रोजगारी सिर्जना गर्छ, ग्रामीण जीविकोपार्जनमा सुधार गर्छ, युवा बसाइँ सराइ घटाउँछ र महिलाको आर्थिक सशक्तीकरणमा सहयोग गर्छ।

**२. आयात प्रतिस्थापन र विदेशी मुद्रा बचत**:

नेपालले परिष्कृत तेल, दाल र अन्य खाद्य वस्तुहरू आयातमा अर्बौं खर्च गर्छ।

यो परियोजनाले स्थानीय खाने तेल र पशु दाना उत्पादन गर्छ, आयात प्रतिस्थापन गर्छ र मूल्यवान विदेशी मुद्रा बचत गर्छ।

**३. खाद्य सुरक्षा**:

स्थानीय मुख्य खाद्यवस्तु (चामल, तेल, मासु)को उत्पादन बढाएर र आधुनिक भण्डारणमार्फत फसलपछिको हानि घटाएर, परियोजनाले नेपालको खाद्य सुरक्षालाई सुदृढ गर्छ।

**४. सरकारी राजस्व**: परियोजनाले कर्पोरेट कर, भ्याट र अन्य शुल्कहरूमा उल्लेखनीय रकम योगदान गर्छ, सार्वजनिक सेवाहरूका लागि सरकारी स्रोतहरू बलियो बनाउँछ।

## अनुसूची १ ख

**एकिकृत कृषि परियोजना र किसान**

**१. सुक्ष्म स्तरमा कृषि र किसान (किसानका लागि)**

१.१ प्रतिबिघा उत्पादकत्व वृद्धि

परियोजनाले मुख्यगरी हाल किसानले गुमाइरहेको प्रति बिघा खुद उत्पादकत्व र नाफा बढाउनेछ ।

**वर्तमान प्रणालीः** बाली भित्र्याउने बेलामा किसानले उच्च दरमा (२०-२५%) उत्पादन खेर फाल्छन् । धेरै तहका बिचौलिया र बजार खण्डित भएका कारण किसानले कृषि उपजको मूल्य पनि कम पाउँछन्।

*वर्तमान राष्ट्रिय औसत उत्पादकत्वः*

- धानः ~२.८–३.० टन/बिघा/वर्ष (दुई बालीः बर्खे + चैते)
- मकैः ~२.५–३.५ टन /बिघा/वर्ष
- तोरीः ~०.३–०.४ टन/बिघा/वर्ष

**प्रस्तावित प्रणालीः** परियोजनाले आधुनिक भण्डारण मार्फत बाली भित्र्याउँने बेलाको नोक्सानी लगभग शून्यमा झार्नेछ, बिचौलियाहरू हटाउनेछ, यसबाट बजार मूल्यको ठूलो हिस्सा किसानको हातमा पर्नेछ।

*एकीकृत मूल्य शृंखला (हाम्रो ढाँचा) अनुसारः*

- धानः ३.५–४.० टन/बिघा/वर्ष (उन्नत बीउ, लागत सामग्री र बजार सम्बन्ध)
- मकैः ४.०–४.५ टन/बिघा/वर्ष (राम्रो बीउ, मल र बजार)
- तोरीः ०.५–०.६ टन/बिघा/वर्ष (सुधारिएको चक्र, लागत सामग्री र बजार)

*उत्पादकत्व वृद्धिः*

- धानः +०.७–१.० टन/बिघा/वर्ष (~२५–३०% वृद्धि)
- मकैः +०.५–१.० टन/बिघा/वर्ष (~४०–५०% वृद्धि)
- तोरीः +०.२ टन/बिघा/वर्ष (~५०% वृद्धि)

मुख्य वृद्धि उत्पादन परिमाणमा होइन, मूल्य प्राप्तिमा हो। रिपोर्टले एकीकृत मूल्य शृंखलामा किसानलाई जोड्दा मात्रै विभिन्न बालीहरूमा किसानको आय २५% देखि ४०% ले बढ्छ भन्ने उल्लेख गरेको छ।

**१.२ मिलसँग जोडिएमा अहिलेकै परिमाणको उत्पादनबाट एक बिघामा आय वृद्धि निम्नानुसार हुनेछ। यसलाई धान र अन्य संयुक्त (तोरी, मकै र अरू कुनै) बालीमा यसरी विभाजन गर्न सकिन्छ:**

*प्रति बिघा खुद आय*

| बाली | प्रतिबिघा लागत (रुपैयाँ) | प्रतिबिघा उत्पादन मूल्य (रुपैयाँ) | नाफा प्रतिबिघा(रुपैयाँ) | प्रतिबिघा भारित नाफा (रुपैयाँ) |
|---|---|---|---|---|
| बर्खे धान | ७९,६८३ | १,४०,००० | ६०,३१७ | ६०,३१७ |
| तोरी | ३७,८०० | ३७,६२५ | ६२,२०० | २३,६९५ |
| चैते धान | ८५,५५० | १,२८,००० | ४२,४५० | १६,१७१ |
| मकै | ८५,४०० | २,२४,००० | १,३८,६०० | ८५,८०० |
| कुल वार्षिक आय | २,८८,४३३ | ५,२९,६२५ | ३,०३,५६७ | १८५,९८४ |

*कुल आयमा बढोत्तरी*

| क्षेत्र/प्रशोधन एकाइ | प्रति बिघा मूल्य-वृद्धि लाभ (रुपैयाँ) |
|---|---|
| चामल (कुटानी) | २०,७४७ |
| तोरी (तेलहन) | ५,००१ |
| मकै/दाना (धानको ढुटोसहित) | ६८,००३ |
| मासु (कुखुरा, खसी, भैंसी) | ७,७२६ |
| जम्मा | १,०१,४७८ |

**१.३ किसानहरू मिलमा लगानीकर्ताको रूपमा सामेल हुन चाहे भने प्रति बिघा लगानी (भण्डारणसहित र भण्डारणबाहेक समूह) निम्नानुसार हुनेछ।**

***भण्डारणसहित प्रति बिघा लगानी***

कुल परियोजना लगानी: रू. ४३५ करोड

खेती गरिने कुल भूमि: १५,४३५ बिघा/ १०,५०० हेक्टर (१.४७ बिघा = १ हेक्टर)

प्रति बिघा लगानी (भण्डारणसहित) = ४,३५०,०००,०००/१५,४३५ = रू. २ लाख ८१ हजार

यसमा कुटानीपिसानीका सबै प्रशोधन एकाइहरू, भण्डारण र अन्य पूर्वाधार समावेश गरिएको छ। किसानले भण्डारणबाहेकमा लगानी गर्ने अवस्थामा:

=रू. १,७१५,०००,००० / १५,४३५

= रू. १,११,११२ प्रति बिघा

**१.४ किसान मिल प्रशोधन उद्यममा समेत सामेल भए भने सम्भावित थप आय निम्नानुसार हुनेछ।**

- प्रशोधनबाट नाफाः रू. १ लाख प्रति बिघा प्रति वर्ष (चामल, तोरी, मकै/दाना, मासुबाट)
- खेतीबाट नाफाः रू. १,८५,९८४ प्रति बिघा
- मासुबाट नाफाः रू. ८८,१३०
- जम्मा सम्भावित थप आयः ३,७५,५९२ प्रति बिघा (उत्पादन + प्रशोधन)

**१.५ स्थानीय स्रोत, वित्त, बीमा र मूल्य समर्थन**

परियोजनालाई कृषि उपज खरिद गर्ने मात्रै होइन सम्पूर्ण कृषि कार्यमा सहयोग गर्ने सघन प्रणालीका रुपमा डिजाइन गरिएको छ।

**स्थानीय कच्चा पदार्थहरूको उपयोगः** परियोजनाले धान, तोरी र मकै जस्ता कच्चा पदार्थका लागि स्थिर, स्थानीय बजार सिर्जना गर्छ, किसानहरूलाई टाढाका अनिश्चित बजार वा बिचौलियाको भर पर्नु पर्दैन।

**बैंक कर्जामा पहुँचः** यो परियोजनाले किसानलाई प्रत्यक्ष रुपमा बजार सुनिश्चित गर्छ भने प्रशोधन सुविधा मार्फत बीउ, मल र उपकरण खरिदका लागि बैंक तथा वित्तीय संस्थाबाट ऋण प्राप्त गर्न सहयोगी भूमिका खेल्न सक्छ ।मिलले ठूलो परिमाणमा खरिद गर्ने कच्चा पदार्थलाई धितो राखेर ऋण लिन सकिन्छ।

**बिमाः** सुनिश्चित बजार र स्थिर मूल्यमार्फत परियोजनाले खेतीपातीको जोखिम कम गर्छ। यसले किसानहरूलाई बाली बीमा गर्न सजिलो बनाउनुका साथै प्रोत्साहित पनि गर्छ । किनभने यो परियोजनाले उनीहरूको आम्दानीलाई बढी अनुमानयोग्य बनाइदिन्छ ।

**तत्काल भुक्तानी र न्यूनतम समर्थन मूल्य:**

तत्काल भुक्तानीः परियोजनाले "हाताहाती बजार सम्बन्ध" र "विश्वसनीय खरिद प्रक्रिया" अवलम्बन गर्छ ।यसबाट किसानले छिटो भुक्तानी पाउने छन्। परम्परागत प्रणालीमा जस्तो भुक्तानीमा महिनौं ढिलो हुने समस्याको निराकरण हुन्छ।

न्यूनतम समर्थन मूल्यः मिलले धान, मकै, तोरी र पशुधन खरिदका लागि न्युनतम मूल्य तय गर्छ । यसले किसानहरूलाई बजार मूल्य गिरावटको समस्याबाट जोगाउँछ।

**१.६ सस्तो लागतमा बाली लगाउने र भित्र्याउनका लागि संगठित बजार**

ठूलो परिमाणको प्रशोधन केन्द्र स्थापनाले कृषि क्रियाकलापलाई यान्त्रीकिकरण गर्न बलियो प्रोत्साहन प्रदान गर्छ।

- मिल/किसान सहकारीले बाली लगाउने र भित्र्याउने विशेष सेवा केन्द्र सञ्चालन गर्न सक्छनः
  - त्यस्ता केन्द्रले ट्र्याक्टर, हार्वेस्टर, प्लान्टर, थ्रेसरहरू सहुलियत दरमा भाडामा दिन सक्छन् ।
  - यसले खेत जोत्ने र बाली काट्ने लागत १५–२५% घटाउँछ।
  - यसले कृषि कार्यमा समयको निश्चितता, उच्च उत्पादकत्व र न्युन श्रम लागत सुनिश्चित गर्छ।
- सेवा प्रदायकहरूः यस किसिमको मागले स्थानीय उद्यमीहरूलाई मेसिनरीमा लगानी गर्न र किसानहरूलाई आफ्नै स्वामित्वभन्दा कम लागतमा बाली लगाउने र भित्र्याउने सेवा उपलब्ध गराउन मद्दत गर्छ ।

### १.७ सम्भावित विस्तार र सरकारी संलग्नता

- सानो स्केलबाट सुरुः यो परियोजना आफैंमा सानो हो र तराईको केवल १५,४३५ बिघा भूमि यसमा प्रयोग हुन्छ।
- चरणबद्ध लगानीः चामल मिल र दाना उत्पादन कारखानाबाट थालनी गर्ने, यसमा व्यक्तिगत नाफा उच्च हुन्छ।
- सानो क्षेत्रबाट थालनीः सुरुमा सानो क्षेत्र (जस्तै ५,००० बिघा) बाट सुरु गर्ने र ढाँचा सफल भएपछि क्रमशः विस्तार गर्दै लैजाने।

सार्वजनिक-निजी साझेदारी (पीपीपी): प्रारम्भिक निजी पुँजी लगानीको भार कम गर्न सरकारी निकायसँग साझेदारी।

· सम्भावित सरकारी संलग्नताः परियोजनाको जोखिम कम गर्न र गति बढाउन सरकारी भूमिका महत्वपूर्ण हुन्छ।

- ब्याज अनुदानः सरकारले परियोजनामा हुने पुँजी लगानी (रू. ४३५ करोड) का लागि लिइने ऋणको ब्याजमा अनुदान प्रदान गर्न सक्छ। यसले परियोजनाको वित्तीय लागत उल्लेखनीय रूपमा घटाउँछ, लाभ लागत अनुपात सुधार गर्छ र निजी लगानीकर्ताहरूलाई आकर्षित गर्छ।
- पूर्वाधार विकासः सरकारले ग्रामीण सडक, भरपर्दो विद्युत लाईन र सिँचाइ प्रणाली जस्ता पूरक पूर्वाधारमा लगानी गर्न सक्छ, जुन परियोजनाको सफलताका लागि आवश्यक छ।
- नीतिगत सहयोगः नीतिगत स्थिरता प्रदान, कृषि-प्रशोधनका लागि सरल नियम र कर सहुलियतका माध्यमबाट सरकारले यस्ता उद्यमलाई प्रोत्साहन गर्न सक्छ।
- प्रत्यक्ष अनुदान/सेयर लगानीः सरकारले परियोजनाको कुनै निश्चित अंश (जस्तै शितभण्डारण) का लागि अनुदान प्रदान गर्ने वा परियोजनामा ससानो सेयर लगानी गरी किसानाको

व्यक्तिगत जोखिम घटाएर प्रोत्साहित गर्न सक्छ।

## २. बृहत स्तरः कृषि उद्यम, लगानी र रोजगारी (उद्यमी, नवप्रवर्तक र रोजगारी खोज्नेहरूका लागि)

### २.१ सामुहिक खेतीका लागि प्रभाव क्षेत्र

एकीकृत कृषि-प्रशोधन ढाँचालाई एउटा मिलबाट ५ र १५ मिलहरूको सञ्जालमा विस्तार गर्दा यसले नेपालको कृषि क्षेत्रमा रूपान्तरकारी चक्रिय प्रभाव सिर्जना गर्छ। यो एकल उद्यमबाट शक्तिशाली आर्थिक इकोसिस्टममा विकसित हुन्छ, उद्यमीहरू, नवप्रवर्तकहरू र रोजगारी खोज्नेहरूलाई ठूलो अवसर सिर्जना गर्छ।

| प्रभाव क्षेत्र | १ मिल (आधारभुत स्तर) | ५ मिल (क्षेत्रीय स्तर ) | १५ मिल (राष्ट्रिय सञ्जाल) |
|---|---|---|---|
| क्षेत्र कभरेज (सामुहिक खेती) | १०,५०० हेक्टर (१५,४३५ बिघा) | ५२,५०० हेक्टर (७७,१७५ बिघा) | १,५७,५०० हेक्टर (२,३१,५२५ बिघा) |
| बाली लगाउने र भित्र्याउने विशेष सेवा केन्द्र | १ | ५ | १५ |
| बिउबिजन तथा अन्य सामग्री उमद्य | १-२ | ५-१० | १५-३० |
| उप-उत्पादन उद्यम | २-३ | १०-१५ | ३०-४५ |
| बाली लगाउने र भित्र्याउने विशेष सेवासँग जोडिएको रोजगारी | १७२ | ८६० | २५८० |
| प्रत्यक्ष रोजगारी (व्यक्ति-वर्ष) | १,०४४ | ५,२२० | १५,६६० |
| अप्रत्यक्ष रोजगारी (खेती/अन्य बन्दोबस्ती) | २०००+ | १००००+ | ३००००+ |
| कुल वार्षिक आम्दानी | रू. २७७ करोड | रू. १३८.५ करोड | रू. ४१५.५ करोड |
| कुल एकीकृत नाफा | रू. १.३६ करोड | रू. ६.७ करोड | रू. २०.३३ करोड |

### २.२ कृषि-उद्यम र लगानी अवसरहरू

· कृषि-मेसिनरी भाडा – सेवा केन्द्रहरू:

- प्रभाव: यान्त्रिकीकरण (ट्र्याक्टर, टिलर, कम्बाइन हार्वेस्टर) को उच्च माग हुन्छ। यसले थुप्रै मेसिनरी भाडामा लगाउने सेवा केन्द्रहरू खोल्न प्रोत्साहित गर्छ।
- उद्यमी/आविष्कारकहरूका लागि: यो प्रमुख व्यवसायिक अवसर हुनेछ। व्यक्ति वा कम्पनीले मेसिनरीमा लगानी गर्न र किसानहरूलाई खनजोत, कटानी र ढुवानी जस्ता सेवाहरू उपलब्ध गराउन सक्छन्। मिलहरूले त्यस किसिमको सेवाका लागि सामूहिक माग सिर्जना गरी सहजीकरण गर्न सक्छन्।

· मल बिउबिजन लगायतका सामग्रीहरूको बजार:

- प्रभाव: १,६०,००० हेक्टरभन्दा बढी क्षेत्रफलमा फैलिएको सञ्जालका लागि स्थिर, उच्च-गुणस्तरको मल बिउबिजन लगायतका लागत सामग्री आवश्यक हुन्छ।
- उद्यमीहरूका लागि: यसले बीउबिजन कम्पनी, मल वितरकहरू र बायो-पेस्टिसाइड उत्पादकहरूका लागि स्थिर, ठूलो स्तरको बजार सिर्जना गर्छ। यसले नयाँ प्रणालीका लागि जलवायुमैत्री वा उच्च-उत्पादकत्व भएको बीउ विकास गर्ने नवप्रवर्तनको अवसर पनि दिन्छ ।

· कृषि-मेसिनरीको बजार:

- प्रभाव: मेसिनरीको माग उच्च हुनेछ । मेसिन भाडामा दिनेहरुका लागि मात्र नभएर मिलहरूका लागि पनि विभिन्न किसिमका मेसिन आवश्यक हुन्छन।
- उद्यमीहरूका लागि: कृषि यन्त्र निर्माण, बिक्री र मर्मतसम्भारका अवसरहरू सिर्जना हुने छन्। स्पेयर पाट्र्सका लागि स्थानीय रुपमा यन्त्रशालाहरू पनि फस्टाउन सक्छन्।

### २.३ उप-उत्पादन उपयोग र अन्य उद्यमहरू

· प्रभाव: राष्ट्रिय सञ्जालले ठूलो परिमाणमा उप-उत्पादनहरू गर्छ, यसले पूर्ण रुपमा नयाँ उद्योग सिर्जना गर्छ।

· उद्यमी/नवप्रवर्तकहरूका लागि:

- धानको भुस: यसलाई मिलहरू र स्थानीय ग्रिडहरूका लागि विद्युत उत्पादन गर्न बायोमास पावर प्लान्टहरूले प्रयोग गर्न सक्छन वा औद्योगिक उपयोगका लागि जैवीक कोइला र सिलिका बनाउन सकिन्छ ।
- ढुटो र भुस: ठूलो च्याउ खेती उद्योगलाई सघाउन सक्छ, कार्ड बोर्ड र फर्निचरका लागि आवश्यक कच्चा सामग्रीको रूपमा प्रयोग हुन सक्छ।
- पिना: दाना मिलहरूका लागि प्राथमिक कच्चा पदार्थ । यस अतिरिक्त जैविक मल

उत्पादनका लागि प्रयोग।

- मासुजन्य उप-उत्पादनहरूः हड्डीबाट बन्ने वस्तु, जेलाटिन वा पशु आहाराका लागि कच्चा पदार्थ ।

*प्रति मिलः २–३ उप-उत्पादनमा आधारित उद्यमहरू (दाना, ऊर्जा, कम्पोस्ट आदि)*

*५ मिलः १०–१५ नयाँ उद्यमहरू*

*१५ मिलः ३०–४५ नयाँ उद्यमहरू*

· अन्य (प्याकेजिङ, लजिस्टिक्स, शितभण्डार र परिवहन, खुद्रा व्यापार)

- प्याकेजिङ एकाइहरूः प्रति मिल १ (झोला, लेबल आदि)
- लजिस्टिक्स/शितभण्डार र परिवहनः प्रति मिल १–२ (ट्रक, कोल्ड स्टोरेज, वितरण)
- खुद्रा/थोक पसलहरूः प्रति मिल २–३ (ब्रान्डेड चामल, तेल, मासु पसलहरू)

## २.४ बाली लगाउने र भित्र्याउने विशेष सेवासँग जोडिएको रोजगारी/लगानी (मिलले भुक्तानी गर्ने)

· प्रभावः यो मोडेललाई औपचारिक बनाउन सकिन्छ। मिलहरूले बाली लगाउने र भित्र्याउने विशेष सेवा प्रदायकहरूमा अग्रिम लगानी गर्न वा भुक्तानी ग्यारेन्टी दिन सक्छन्, जसलाई किसानबाट गरिने खरिद रकमबाट कटाएर सोझै भुक्तानी गर्न सक्छन।

· रोजगारी खोज्नेहरूलाईः यसले मेसिन अपरेटरहरू, मेकानिकहरू र समन्वयकर्ताहरुका लागि स्थिर रोजगारी सिर्जना गर्छ। प्रति मिल १७२ रोजगारी।

· नवप्रवर्तकहरूलाईः यसले मेसिनरी बुकिङ, लजिस्टिक्स व्यवस्थापन र भुक्तानी प्रशोधनका लागि एपहरू विकास गर्न कृषि-प्रविधि स्टार्टअपहरूका लागि अवसर खोल्छ, निर्बाध "ट्र्याक्टरका लागि उबर" जस्ता प्रणाली रचना गर्छ।

· अन्य (लजिस्टिक्स, गुणस्तर नियन्त्रण, ब्रान्डिङ):

उद्यमीहरूलाईः लागत सामग्री र कृषि उपज ढुवानीका लागि तेस्रो पक्षको बन्दोबस्ती सेवा, घुम्ती गुणस्तर परीक्षण प्रयोगशाला र कृषि उत्पादनहरूमा विशेषज्ञता भएका ब्रान्डिङ/मार्केटिङ एजेन्सीहरूका लागि व्यावसायिक अवसर सिर्जना हुन्छन्।

## २.५ सानो स्केलबाट सुरु गर्न सकिन्छ

यसले उद्यमीहरूलाई महत्वपूर्ण लाभ दिन्छ । यो "सबथोक वा शून्य" भन्ने किसिमको ढाँचा होइन।

· ढाँचाको अवधारणाः उद्यमीले एक क्षेत्रमा सानो, एकल चामल मिल र आधारभूत दाना प्लान्टबाट सुरु गर्न सक्छ।

· विस्तारित लगानीः यसलाई ५० करोडदेखि १०० करोड रुपैयाँसम्म पुँजी आवश्यक पर्छ । सफल भएमा थप लगानी आकर्षित गर्दै आकार तथा संख्या बढाउन सकिन्छ।

· जोखिम न्युनीकरणः सानोबाट सुरु गर्दा ढाँचाको परीक्षण हुन्छ, किसानहरूसँग सम्बन्ध निर्माण हुन्छ र राष्ट्रियस्तरमा विस्तार गर्नु अघि आवश्यक परिमार्जनका लागि अवसर उपलब्ध हुन्छ ।

### २.६ अन्य कृषि उत्पादनहरूका लागि अनुसरण गर्न सकिन्छ

"एकीकृत मूल्य शृंखला" को खाका सार्वभौमिक ढाँचा हो।

· नवप्रवर्तक र उद्यमीहरूलाईः यो बलियो, अनुसरणयोग्य ढाँचा हो। यसका आधारलाई अन्य वस्तुहरूमा पनि लागू गर्न सकिन्छः

- आलुः चिप्स/फ्राइजका लागि कोल्ड स्टोरेज, प्रशोधन प्लान्टहरू र स्टार्च उत्पादनको सञ्जाल।
- दाल (मसुरो): सफाई गर्ने, निफन्ने र प्याकेजिङ गर्ने (मूल्य-वृद्धि "रेडी-टु-कुक" दाल)।
- मकैः दानाबाहेक मकैको पीठो, तेल र स्न्याक्स बनाउन सकिन्छ।
- दूधः संकलन केन्द्रहरू, पास्चराइजेसन प्लान्टहरू र चिज, दही र अन्य दुग्ध उत्पादनहरूका लागि पूर्वाधारहरूको सञ्जाल।

यो ढाँचाको विस्तारले स्वचालित चक्र सिर्जना गर्छ। बढी मिलहरूबाट बढी कृषि आय सिर्जना हुन्छ, यसले स्थानीय स्तरमा उपभोग खर्च बढाउँछ, बढी वस्तु तथा सेवा र व्यवसायिक माग सिर्जना गर्छ। उद्यमीहरूलाई यसले नाफायुक्त कृषि-उद्यमको स्पष्ट मार्गचित्र प्रदान गर्छ। नवप्रवर्तकहरूलाई यसले नयाँ प्रविधि र व्यवसाय ढाँचा रचना गर्ने अवसर प्रदान गर्छ। रोजगारी खोज्नेहरूलाई, यसले ग्रामीण अर्थतन्त्रभर स्थिर, दक्ष रोजगारीको अवसर दिन्छ। त्यसैले यो केवल मिलहरू निर्माण मात्रै होइन बरु यो आधुनिक, उत्थानशील र समृद्ध नेपालका लागि आधार निर्माण हो।

### ३. अन्न संकलन केन्द्रः लगानी, रोजगारी र बजार मूल्यको लाभ

अन्न संकलन केन्द्र (उद्योग) भनेको रणनीतिक रूपमा अवस्थित पूर्वाधार हो । यसले कृषि उत्पादन संकलन गर्ने, सफा गर्ने, सुकाउने, भण्डारण गर्ने र आपूर्ति गर्ने काम गर्छ। यसले उत्पादक किसान र अन्तिम चरणको प्रशोधन गर्ने मिल (माथि छलफल गरिएको एकीकृत मिल जस्तै) का बीचमा महत्वपूर्ण समन्वयको कार्य र मूल्य-अभिवृद्धि गर्ने विन्दुको रूपमा कार्य गर्छ।

### १. लगानीको आकार र रोजगार व्यक्ति

यसको आकार समुदाय-स्तर वा ठूलो क्षेत्रीय केन्द्र गरी सम्बन्धित क्षेत्रको आवश्यकता अनुसार मिलाउन सकिन्छ ।

### क. समुदाय-स्तरको अन्न संकलन केन्द्र (~५,००० बिघा / २,००० हेक्टरलाई सेवा दिने)

यो तुलनात्मक रुपमा सानो र स्थानीय खासगरी किसान उत्पादक संगठनको स्वामित्वमा र उनीहरुले नै व्यवस्थापन गर्ने केन्द्र हो ।

· लगानीको आकारः रू. (३ -७ करोड)

· केन्द्रका भागहरु:

- ठूला भकारीहरू (१,००० - २,००० टन क्षमता): रू. १.५-३ करोड
- धान/मकै ड्रायर (१०-१५ टन/ब्याच): रू. ८० लाख -१.५ करोड
- सफाई र ग्रेडिङ मेसिन: रू. ३०-५० लाख
- भवन र अन्य भौतिक पूर्वाधार: रू. ४० लाख -१० करोड
- परीक्षण ल्याब र तौलपुल: रू. २०-५० लाख

· रोजगार व्यक्ति: ८-१५ जना

- कामदारको भूमिका: भकारी सञ्चालन, ड्रायर सञ्चालन, ल्याब टेक्निसियन, क्लिनर, सुरक्षा र व्यवस्थापन/समन्वयकर्ता।

**ख. क्षेत्रीय स्तरको अन्न संकलन केन्द्र (~२५,००० बिघा / १०,००० हेक्टरलाई सेवा दिने)**

यो तुलनात्मक रुपमा ठूलो, व्यावसायिक उद्देश्यको पूर्वाधार हो जसले धेरै समुदाय र ठूला किसानलाई प्रत्यक्ष सेवा दिन सक्छ।

· लगानीको आकार: रू. (२५ -५० करोड)

· केन्द्रका भागहरु:

- ठूला भकारी (१०,००० - २०,००० टन क्षमता): रू. १२-२४ करोड
- उच्च-क्षमताका ड्रायरहरू (५०-१०० टन/ब्याच): रू. ५-९ करोड
- उन्नत सफाई, ग्रेडिङ, सोर्टिङ लाइनहरू: रू. ३-५ करोड
- अन्य अन्नहरूका लागि गोदाम: रू. २-४ करोड
- उच्च क्षमताको तौलपुल र ल्याब: रू. १-२ करोड
- प्रशासनिक कार्यालय: रू. २-३ करोड

· रोजगार व्यक्ति: ३० – ६० जना

- कामदारको भूमिका: व्यवस्थापन, लजिस्टिक्स समन्वय, गुणस्तर नियन्त्रण, मेसिन अपरेटरहरू र प्रशासनिक कर्मचारी।

**२. बजार मूल्य र बिचौलिया नहुँदाको लाभ**

यो अन्न संकलन केन्द्र (उद्योग) को सबैभन्दा बलियो गुणात्मक प्रभाव हो।

· परम्परागत शृंखला: किसान-> स्थानीय व्यापारी (मध्यस्थ १)-> जिल्ला सदरमुकाम थोक विक्रेता (मध्यस्थ २) -> मिल सञ्चालक (प्रशोधनकर्ता)।

- लाभको चुहावटः प्रत्येक चरणमा मध्यस्थले हिस्सा लिन्छ (५-१०%) र मूल्य जोखिम हस्तान्तरण हुदै जान्छ। किसानले सबैभन्दा कम मूल्य पाउँछ र प्रशोधनकर्ताले सबैभन्दा बढी तिर्छ।

· नयाँ (अन्न संकलन केन्द्र) ढाँचामाः किसान -> संकलन केन्द्र (उद्योग) -> प्रशोधनकर्ता।

- बिचौलियाको हिस्सा उन्मूलनः अन्न संकलन केन्द्रले केन्द्रीकृत संकलन विन्दुको रूपमा काम गर्छ। यसले धेरै बिचौलियाको आवश्यकता हटाउँछ, उनीहरूले लिने हिस्सा उन्मुलन गर्छ।
- किसानलाई लाभः अन्न संकलन केन्द्रले स्थानीय व्यापारीले दिनेभन्दा १५-२५% उच्च मूल्य दिन सक्छ, किनभने उसले बढी मूल्यमा प्रशोधनकर्तालाई ठूलो मात्रामा सोझै विक्री गर्छ ।
- प्रशोधनकर्तालाई लाभः प्रशोधनकर्ताले धेरै थोक विक्रेताहरूबाट भन्दा १०-१५% कम मूल्यमा संकलन केन्द्रबाट स्थिर, उच्च-गुणस्तर र स्रोत पहिल्याउन सकिने गरी वस्तु पाउँछ । यसले वस्तु नपाउने जोखिम र लागत घटाउँछ।

यो "बजार मूल्यको लाभ बढाउने" विषय एकांगी मात्र होइन यसले समग्रमा मूल्यको पुनःवितरण गर्छ । बिचौलियालाई जाने मूल्य अब किसान (उच्च मूल्यका रुपमा) र प्रशोधनकर्ता (कम लागतका माध्यमबाट) बीच बाँडिन्छ, संकलन केन्द्रले यसबापत सेवा शुल्क लिन्छ।

### ३. किसानहरूका लागि अन्न बैंक

संकलन केन्द्रले अन्न बैंकका रुपमा काम गर्छ ।यसले नवप्रवर्तनात्मक वित्तीय सेवा उपलब्ध गराउन सक्छ।

केन्द्रले यसरी काम गर्छः

१. किसानले सफा र सुकाइएको धान/मकै संकलन केन्द्रमा जम्मा गर्छ।

२. केन्द्रले अन्न जम्मा रसिद (जीडीआर) जारी गर्छ, जसमा परिमाण, गुणस्तर र जम्मा मिति विवरण हुन्छ।

३. किसानसँग अब तीन विकल्प हुन्छन्ः

· तत्काल बेच्नेः चलेको बजार मूल्यमा अन्न बेच्ने।

· पछिसम्म भण्डारण गर्नेः थोरै शुल्क तिरेर भण्डारण गरी राख्ने र ३-६ महिनापछि मूल्य उच्च हुँदा बेच्ने।

· ऋण लिनेः चाडपर्व खर्च, केटाकेटीको विद्यालय शुल्क तिर्ने वा अर्को सिजनका लागि आवश्यक उत्पादन सामग्रीहरू खरिद गर्ने लगायतका तत्कालिन नगद आवश्यकता पूरा गर्न जीडीआरलाई धितो राखेर बैंक वा वित्तीय संस्थाबाट ऋण लिने । किसानले अन्न बेचेपछि ऋण फिर्ता गर्छ।

प्रभावः यो मोडेलले किसानहरूलाई तरलता, मूल्य जोखिम व्यवस्थापन र औपचारिक कर्जा पहुँच प्रदान गर्छ । यसले उनीहरूको आर्थिक स्थिरतामा आमूल रूपमा परिवर्तन गर्छ।

### ४. समुदाय-आधारित उद्यम र लगानी

भण्डारण केन्द्र (उद्यम) सामुदायिक स्वामित्वका लागि आदर्श ढाँचा हो ।

· स्थापनाः यसलाई सहकारी वा उत्पादक किसान समूहले नेतृत्व गरेको उद्यमका रूपमा स्थापना गर्न सकिन्छ। किसानहरू सेयरधनी बन्छन्, सानो पुँजी योगदान गर्छन् र आफ्नो उत्पादन एकत्रित गर्छन्।

· लगानी आवश्यकताः

सेयरः कुल परियोजना लागतको (१०-२०%) किसान सदस्यहरूबाट उठाउन सकिन्छ।

वाह्य ऋण: ८०-९०% ।

- बैंकहरूले कृषि पूर्वाधारका लागि सहुलियत ब्याज दरमा ऋण प्रदान गर्न सक्छन्।
- लघुवित्त संस्थाहरूः समुदाय-स्तरका केन्द्रका लागि ससानो ऋण प्रदान गर्न सक्छन्।
- इम्प्याक्ट इन्भेस्टर र कृषि कोषः वित्तीय प्रतिफल र सामाजिक प्रभाव दुवै खोज्ने निजी फन्डहरू।
- सरकारी अनुदान/सहुलियतः किसान समूह र खाद्य सुरक्षा पूर्वाधार प्रवर्द्धनका लागि।

### ५. वृहत आर्थिक प्रभाव र रणनीतिक भूमिका

· देशभरका प्रशोधनकर्तालाई आपूर्तिः संकलन केन्द्रहरुको सञ्जालले उच्च-गुणस्तरको अन्न सङ्कलन गरेर देशका सबै भागका प्रशोधनकर्ताहरूलाई आपूर्ति गर्न सक्छ। उदाहरणका लागि पूर्वी तराईको संकलन केन्द्रले काठमाडौंको चिउरा उद्योगलाई उच्च-गुणस्तरको धान आपूर्ति गर्न सक्छ । यसले चिउरा उद्योगलाई गुणस्तरमा निश्चिन्त बनाउँछ र चिउरा कुट्नका लागि गर्नुपर्ने अन्य बन्दोबस्तीको बोझ घटाउँछ।

· ठूलो परिमाणमा अन्न भित्र्याउने सुविधाः केन्द्रको पोर्ट टर्मिनलले अन्नहरू (सोयाबिन, दाल आदि) ठूलो परिमाणमा भित्र्याउन सक्छ र यसले लागत उल्लेख्य रूपमा घटाउँछ। यसले स्थानीय कारखानाहरूलाई बेच्न सक्छ, उनीहरूलाई बढी प्रतिस्पर्धी बनाउँछ र व्यक्तिगत उद्यमीहरूलाई जटिल किसिमको आयात बन्दोबस्त गर्नुपर्ने झञ्झटबाट मुक्त गर्छ ।

· सरकारी खाद्य सुरक्षाः सरकारले यी निजी (वा सरकार निजी साझेदारी) संकलन केन्द्रहरूलाई रणनीतिक अन्न भण्डारणका रुपमा प्रयोग गर्न सक्छ। सरकारले आफ्नै भकारीहरु बनाउने र व्यवस्थापन गर्ने भन्दा यो धेरै किफायती र कुशल हुन्छ। सरकारले भण्डारणका लागि केन्द्रलाई शुल्क तिर्न सक्छ। देशलाई अनिकाल तथा आपूर्ति संकटहरूबाट जोगाउन सक्छ।

### ६. छिट्टै नष्ट हुने वस्तुमा विस्तारः शितभण्डार सहितका केन्द्रहरु

उही ढाँचा आलु, प्याज, फलफूल र तरकारी जस्ता उच्च-मूल्यका छिट्टै कुहिने सड्ने उत्पादनहरूमा पनि लागू गर्न सकिन्छ।

· उद्यमः "कोल्ड स्टोरेज एलिभेटर" वा " शितभण्डारसहितको संकलन केन्द्र"।

· कार्यः किसानहरूले आफ्नो उत्पादन केन्द्रमा ल्याउँछन्, जहाँ ग्रेडिङ, सोर्टिङ गरी कोल्ड स्टोरेजमा राखिन्छ।

· लाभहरूः

- बाली भित्र्याउँदाको नोक्सानी घटाउँछः ३०-४०% बाट ५% भन्दा कममा झार्छ।
- मूल्य स्थिर गर्छः किसानहरू मूल्य सबैभन्दा कम हुने सिजनमा सबै फसल बेच्न बाध्य हुँदैनन्। उनीहरूले भण्डारण गरेर केही महिनापछि बेच्न सक्छन्।
- वर्षभरि आपूर्ति सुनिश्चितः शहरी बजारहरू र कारखानाहरूलाई तरकारी र फलफूलको स्थिर आपूर्ति सुनिश्चित गर्छ, उपभोक्ताहरूका लागि पनि मूल्य अस्थिरता हट्छ।
- प्याकेजिङ र ब्रान्डिङका लागि हब सिर्जनाः केन्द्रले आधुनिक खुद्रा विक्रेताका लागि धुने, प्याकिङ र ब्रान्डिङ गर्ने कार्यका लागि स्थान उपलब्ध गराउन सक्छ।

सारांश तालिकाः

| विवरण | अन्न संकलन केन्द्र (१०,००० देखि २०,००० टन) | शित भण्डारण केन्द्र (२,००० देखि ५,००० टन) |
|---|---|---|
| प्रत्यक्ष रोजगारी | १५-५० | १०-२० |
| बजार मार्जिन प्रभाव | बिचौलियको हिस्सा (बजार मूल्यको ५–१०%) हटाउँछ | बिचौलियको हिस्सा ५–१०% हटाउँछ |
| अन्न बैंकिङ | हुन्छ | आलु र प्याजका लागि हुन्छ |
| समुदायको स्वामित्व | हुन्छ (सहकारी, सार्वजनिक निजी साझेदारी) | हुन्छ (सहकारी, सार्वजनिक निजी साझेदारी) |
| लगानी | २०–३०% सेयर, ७०–८०% ऋण | २०–३०% सेयर, ७०–८०% ऋण |
| कारखानालाई आपूर्ति | ठूलो परिमाणमा गुणस्तरीय आपूर्ति सम्भव हुन्छ | चिप्स, सुकेको वस्तुका लागि हुन्छ |
| आयात/आपतकालिन मौज्दात | हुन्छ | हुन्छ |
| सरकारी भूमिका | खाद्य सुरक्षा, मूल्य स्थिरीकरण | खाद्य सुरक्षा, मूल्य स्थिरीकरण |

**४. एकीकृत कृषि-प्रशोधन मिलहरू विस्तारको राष्ट्रिय अर्थतन्त्रमा प्रभाव**

१. कुल कृषि गार्हस्थ उत्पादन र कुल गार्हस्थ उत्पादनमा योगदान

एउटा मिल सञ्चालन भएको अवस्थामा

| सारांश (१० वर्षका लागि) आधार | मूल्य |
|---|---|
| खुद वर्तमान मूल्य (अमेरिकी डलर) | २.८४ करोड |
| कुल कृषि गार्हस्थ उत्पादन (अमेरिकी डलर) | ८६९.०३ करोड |
| कुल कृषि गार्हस्थ उत्पादनमा हिस्सा (%) | ०.०५३ |
| कुल गार्हस्थ उत्पादनमा हिस्सा (%) | ०.०१६ |
| कर दर | २०% |
| १० वर्षमा सञ्चित जीडीपी (अमेरिकी डलर) | ५.३० करोड |
| १० वर्षमा सञ्चित कर (अमेरिकी डलर) | १.०६ करोड |
| रोजगारी | १०४४ |

**विस्तार: ५ र १५ मिलहरू सञ्चालन भएको अवस्थामा**

प्रत्येक मिलले १५,४३५ बिघा (≈१०,५०० हेक्टर) जमिन समेट्छ र आर्थिक प्रभाव रेखीय हिसाबले बढ्छ भन्ने मान्दा:

| विवरण | एउटा मिल | ५ वटा मिल | १५ वटा मिल |
|---|---|---|---|
| कुल कृषि गार्हस्थ उत्पादनमा हिस्सा (%) | ०.०५३ | ०.२६५ | ०.७९५ |
| कुल गार्हस्थ उत्पादनमा हिस्सा (%) | ०.०१६ | ०.०८ | ०.२४ |
| सञ्चित जीडीपी (१० वर्ष) | ५ करोड ३० लाख अमेरिकी डलर | २६ करोड ५० लाख अमेरिकी डलर | ७९ करोड ४८ लाख अमेरिकी डलर |
| सञ्चित कर (१० वर्ष) | १ करोड अमेरिकी डलर | ५ करोड ३० लाख अमेरिकी डलर | १५ करोड ९० लाख अमेरिकी डलर |
| रोजगारी | १,०४४ | ५,२२० | १५,६६० |
| समेट्ने क्षेत्र (बिघा) | ३७,५०० | १८७,५०० | ५६२,५०० |

**क्षेत्र, उत्पादन र आयात प्रतिस्थापन**

| विवरण | एउटा मिल | ५ वटा मिल | १५ वटा मिल |
|---|---|---|---|
| सामुहिक खेती क्षेत्र (बिघा) | १५,४३५ | ७७,१७५ | २,३१,५२५ |
| अतिरिक्त अन्न उत्पादन (हजार टन/वर्ष) | ३४ | १६८ | ५०३ |
| खाने तेल उत्पादन (हजार टन/वर्ष) | १.३ | ६ | १९ |
| कम्पाउन्ड दाना (हजार टन/वर्ष) | ७२.९ | ३६५ | १०९४ |
| आयात बचत (करोड अमेरिकी डलर/वर्ष) | ४.८ | २४.१ | ७२.३ |

* अन्नबालीमा +२ टन/हेक्टर (≈ ०.५३ टन/बिघा) वृद्धि हुन्छ र आयातित खाने तेल/दाना प्रतिस्थापन हुन्छ भन्ने मान्यतामा आधारित।

** वर्तमान आयात मूल्य/एकाइ: (चामलः $५२९.४/टन, खाने तेल र दानाः $१,१२६/टन; तेलः $३९८/टन)

**रोजगारी र ग्रामीण आय गुणक**

| विवरण | एउटा मिल | ५ वटा मिल | १५ वटा मिल |
|---|---|---|---|
| प्रत्यक्ष रोजगारी (प्लान्ट) | १,०४४ | ५,२२० | १५,६६० |
| बाली लगाउने र भित्र्याउने विशेष सेवासँग जोडिएको रोजगारी | १७२ | ८६० | २५८० |
| अप्रत्यक्ष रोजगारी (खेती/अन्य बन्दोबस्ती) | २००० | १०,००० | ३०,००० |
| कुल रोजगारी सिर्जना | ३२१६ | १६,०८० | ४८,२४० |
| ग्रामीण आय गुणक | ३.६ गुणा | उही | उही |

**रणनीतिक र नीतिगत महत्त्व**

**क. राज्य–किसान सम्बन्धः**

· अन्न-बैंकिङ र न्युनतम समर्थन मूल्यका माध्यमबाट सरकारलाई ग्रामीण उत्पादकहरूसँग प्रत्यक्ष सम्पर्क, मूल्य-समर्थन, कार्यक्रम विस्तार र खाद्य-मौज्दात सञ्चालनका लागि अवसर प्रदान गर्छ ।

**ख. निजी गतिशीलता उपयोगः**

· पुँजीगत खर्चको ७५ – ८० % निजी/ऋण हुनुपर्छ; सरकार ब्याज सहुलियत, कर्जा ग्यारेन्टी र गुणस्तर-नियन्त्रण तथा सुपरिवेक्षणमा सीमित हुनुपर्छ ।

**ग. अन्य बालीहरूमा अनुसरणः**

· संकलन केन्द्र / एकीकृत-मिलको ढाँचा आलु, दाल, सोयाबिन, प्याज, फलफूल (कोल्ड-स्टोरसहित) मा अनुसरण गर्न सकिन्छ ।सले खाद्य-प्रणालीको उत्थानशीलता बढाउँछ ।

**घ. खाद्य-सुरक्षाका लागि मौज्दातः**

· ठूला भकारी खालका पूर्वाधारले दोहोरो काम गर्छ। यसले मूल्य स्थिरीकरण र आपूर्ति संकटमा रणनीतिक मौज्दातको रूपमा काम गर्छ भने सरकारले निर्माणका लागि पुँजीगत खर्च पनि गर्नु पर्दैन ।

**ङ. नवप्रवर्तन केन्द्र :**

· बीउबिजन कम्पनीहरू, डिजिटल ट्रेसेबिलिटी स्टार्टअप, मेसिनरी फेब्रिकेटरहरू र बायो-ऊर्जा (धानको भुस पावर, ब्रिकेट्स) का लागि बजार सिर्जना गर्छ।